
मेन्छयायेम गाँउपालिका, तेह्रथुम
कोशी प्रदेश, नेपाल २०८२

# विद्यालय शिक्षा क्षेत्रको योजना -२०८२-२०९१
# SCHOOL EDUCATION SECTOR PLAN
## 2025-2034





मेन्छयायेम गाँउपालिका, तेह्रथुम
कोशी प्रदेश, नेपाल २०८२

# विद्यालय शिक्षा क्षेत्रको योजना -२०८२-२०९१

# SCHOOL EDUCATION SECTOR PLAN

# 2025-2034




## मेन्छयायेम गाँउपालिका, तेह्रथुम

## कोशी प्रदेश, नेपाल २०८२

**संरक्षक**

| | |
|---|---|
| श्री यादव बहादुर खापुङ् | गाउँपालिका अध्यक्ष |
| श्री गीतादेवि तिम्सिना गौतम | गाउँपालिका उपाध्यक्ष |
| श्री अभिषेक घिमिरे | प्रमुख प्रशासकीय अधिकृत |
| श्री डम्बर बहादुर लिम्बू | सामाजिक विकास समिति संयोजक |

**योजना निर्माण सदस्यहरु**

| | |
|---|---|
| श्री विष्णु कुमार खापुङ | संयोजक |
| श्री डेनु प्रसाद गौतम | सदस्य |
| श्री राम औतार मण्डल | सदस्य |
| श्री कृष्ण बहादुर लिम्बू | सदस्य |
| श्री कमल प्रसाद सापकोटा | सदस्य |
| श्री नारायण कुमार राई | सदस्य |
| श्री विमला ढकाल भट्टराई | सदस्य |
| श्री चन्द्र शेखर घिमिरे | सदस्य |
| श्री गोमादेवी ढुङ्गेल | सदस्य |
| श्री थानेश्वर गुरागाई | सदस्य सचिव |

**प्रकाशक**

**मेन्छयायेम गाँउपालिका, तेह्रथुम, कोशी प्रदेश, नेपाल**

**सर्वाधिकार**

**मेन्छयायेम गाँउपालिका, तेह्रथुम, कोशी प्रदेश, नेपाल**

**प्रमाणित मिति**

मिति २०८२/०३/२४

**प्रकाशन मिति**

मिति २०८२/०३/३०

# दुई शब्द

शिक्षालाई मानवको तेस्रो आँखा तथा ज्ञानको ज्योति भनेर पनि चिनिन्छ । शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रुपमा लिइन्छ । नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, (२), (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। मेन्छयायेम गाउँपालिकाले संविधान तथा कानूनले प्रदान गरेको अधिकारको प्रयोग गर्दै शैक्षिक विकास, पहुँच र व्यवस्थापनलाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन-कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानून तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहे तापनि आवश्यक स्थानीय कानून, नीति तथा कार्यविधि तर्जुमा देखि तिनको सफल कार्यान्वयनमा मेन्छयायेम गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भैरहेका छन् । शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौती तथा समस्याहरूलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण गाउँपालिका वासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएका छौं।

मेन्छयायेम गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई मूर्तरुप दिन गाउँसभाले पारित गरेका शिक्षाका नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा दश वर्षे गाउँ शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तर सम्बन्धित मुद्दाहरू, विपत् व्यवस्थापन सँगसँगै शिक्षामा समग्र सुशासन र व्यवस्थापनका पक्षहरूलाई समेटेर तयार पारिएको यस शिक्षा योजनाले मेन्छयायेम गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौं।

शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयुक्त व्यक्ति श्रम बजारमा सहजै बिक्न सक्ने, दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध नेपाल र सुखी नेपाली तथा समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी शिक्षा साथै यस गाउँपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान, सीप, संस्कृति र सभ्यताका असल पक्षहरूलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत तथा समृद्ध गाउँपालिका बनाउने पवित्र सोचका साथ यो योजना निर्माण गरिएको हो। यो योजना दस्तावेज तयारीमा सल्लाह दिने, सहयोग गर्ने तथा खटिने मेन्छयायेम गाउँपालिका, गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू, सामाजिक विकास समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकज्युहरू, वि.व्य.स./ शि.अ.संघ का अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछौं।

मेन्छयायेम गाउँपालिका परिवार, २०८२

# भनाई

मेन्छयायेम गाउँपालिका, कोशी प्रदेश स्थित तेह्रथुम जिल्लाको उत्तर पूर्वी गाउँपालिका हो । यो गाउँपालिकाको क्षेत्रफल ७०.०९ वर्ग कि. मि. मा फैलिएको छ । दुर्गम तर मनोरम धरातलीय बनोट, उच्च भू-भाग, खोला नाला र समथल बेसी र लालीगुराँसको घना जंगलले यस गाउँपालिकाको पर्यटकीय आकर्षण उत्तिकै बढेको पाइन्छ । यो गाउँपालिका इतिहासमा पनि प्रसिद्ध रहेको किम्बदन्तीको भनाइ छ । प्राचीन समयमा तेनाहाङ राजाको दरबार, प्रसिद्ध धार्मिक स्थल गौखुरी धाम, मेन्छयायेम डाँडा लगायत ऐतिहासिक तथा धार्मिक स्थलले यस गाउँपालिकाको परिचयलाई थप फराकिलो बनाएको छ । मेन्छयायेम गाउँपालिका तेह्रथुम जिल्लाका ४ गाउँपालिकाहरु मध्ये एक हो । वि.स. २०७३ फागुन २७ मा गाउँपालिका घोषणा गर्दा साविकमा मोराहाङ, श्रीजुङ र पौठाक गा.वि.स.हरु यसमा गाभिएका हुन् ।

हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख छ। त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलव्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीयको अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै मेन्छयायेम गाउँपालिकाले १० बर्षे गाउँ शिक्षा योजना (२०८२-०९१) निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ। कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो। यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गरी उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

यस गाउँपालिकाको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक पहिचानलाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने श्री विष्णु कुमार खापुङ ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्ष ज्यूहरू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, प्र.अ., शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुऱ्याउने योजना निर्माण सदस्यहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

**यादव बहादुर खापुङ्**
**गाउँपालिका अध्यक्ष**
**मेन्छयायेम गाउँपालिका**

## भनाई

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा नियमावलीहरु, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), गाउँपालिकाले तयार पारेका विभिन्न ऐन, कानून तथा मापदण्डले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताहरुको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस मेन्छयायेम गाउँपालिका स्तरीय १० वर्षे गाउँ शिक्षा योजना (२०८२-०९१) तयार पारी लागु गर्ने चरणमा पुगेकोमा मलाई अत्यन्तै खुशी लागेको छ। शिक्षा विकासको मेरुदण्ड हो। कुनै पनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य रहेको हुन्छ। त्यसकारण शिक्षा सबैका लागि महत्वपूर्ण क्षेत्र हो। स्थानीय सरोकारवालाहरुको सहभागितामा विषय विज्ञहरुले गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि तयार पारिएको रणनैतिक दस्तावेज हो  यो शिक्षा योजना, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ। यो महत्वपूर्ण दस्तावेज विद्यालयका प्रध्यानाध्यापक, शिक्षक, प्राध्यापक, स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको निरन्तर प्रयासबाट सम्भव भएको हो। त्यसकारण यस योजना निर्माणका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु। यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,सम्पूर्ण विद्यालयका प्रधानाध्यापक ज्यूहरु तथा विद्यालय व्यवस्थापन समितिका तथा शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरु लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछु।

**थानेश्वर गुरागाई**
**शिक्षा शाखा प्रमुख**
**शिक्षा, युवा तथा खेलकुद शाखा,**
**मेन्छयायेम गाउँपालिका**

# योजनाको सारांश

कुनै पनि कार्यक्रम कार्यान्वयनमा योजनाले जे जस्तो स्थान पाउनुपर्ने हो सो नपाए कार्यक्रम नै असफल हुन जान्छ । त्यसैले व्यवस्थित र योजनाबद्ध विकासका लागि सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता रहेको र तथ्यमा आधारित एवं कार्यान्वयन योग्य योजना निर्माण गरि कार्यान्वयन गरिनु पर्छ । उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै तोकिएको समयसिमा भित्र अपेक्षित उपलब्धी हासिल गर्ने उदेश्यले योजना निर्माण गरिन्छ । विना योजनाको काम गन्तव्यहीन यात्रा समान हुन्छ र स्रोत, साधन र समय समेत खेर जान्छ । तसर्थ कुनै पनि काम गर्दा योजना बनाएर अघि बढ्न सकेमा हामीले अपेक्षित उपलब्धी हासिल गर्न सक्दछौ । नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । हालैका दिनहरुमा योजनालाई माथिबाट थोपरिने विषयभन्दा पनि जसका लागि चाहिने हो त्यहिका सरोकारवालाहरुको सहभागितामा उनीहरुको आवश्यकता पहिचान गरी स्थानीय स्तरको योजना बनाइ क्रमशः ती स्थानीय स्तरमा तयार गरिएको योजनाहरुलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धतिलाई स्थापित गर्ने प्रयास नेपाल सरकारले गरेको पाइन्छ ,जसलाई Bottom up Planning  भनिन्छ । प्रत्येक विद्यालयमा निर्माण गरिने विद्यालय सुधार योजना (SIP), गाउँ/नगर शिक्षा योजना (VEC), जिल्ला शिक्षा योजना (DEP) यसै Approach का उदाहरणहरु हुन् । विद्यालय सुधार योजना निर्माण गर्दा सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको अगुवाइमा विद्यालयका सबै सरोकारवालाहरुको सहभागिता गराइ विद्यालयको समग्र विकासको योजना निर्माण गरिन्छ । यो योजना निर्माण गर्दा विद्यालयलाई दीर्घकालमा कस्तो बनाउने भन्ने दूरदृष्टि निर्धारण गरिनुको साथै निश्चित अवधीमा विद्यालयलाई कहाँ पुर्याउने,कस्तो बनाउने भन्ने लक्ष्य तथा उदेश्य निर्धारण समेत गरिन्छ । यो योजनाले खासगरि सम्बन्धित विद्यालयको सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका वालवालिकाहरुको विद्यालयसम्मको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरु समेटेको हुन्छ र हुनु पनि पर्दछ । यसै आधारमा स्थानीय गाउँपालिका/नगरपालिकाले पनि सोहि स्तरका सरोकारवालाहरुको सहभागितामा गाउँ/नगर शिक्षा योजना निर्माण गरेको हुन्छ भने जिल्ला स्तरमा जिल्ला शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याएको हुन्छ ।

यसै सन्दर्भमा नेपालको परिवर्तित, राजनीतिक र प्रशासनिक तीन तहको राज्य पुनःसंरचना तथा नयाँ संविधान अनुरुप हुने गरी मेन्छयायेम गाउँपालिकाले गुणस्तरीय एवं सर्वसुलभ विद्यालय शिक्षाको विकास र सुधारका लागि प्रस्तुत शिक्षा क्षेत्रको योजना (२०८२।२०८३ – २०९१।२०९२) तयार गरिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँपालिका र नगरपालिकाले आ-आफ्नो क्षेत्रको शैक्षिक विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था गरेको थियो । वर्तमान संविधान प्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनाबद्ध विकासको थालनी गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमनको व्यवस्था भए अनुरुप मेन्छयायेम गाउँपालिकाले गाउँ शिक्षा योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महसुस गरेको हो ।

आर्थिक वर्ष २०६६।०६७ देखि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त ७ वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरुलाई निरन्तरता दिन र शिक्षाका नवीन

कार्यक्रमहरुको प्रस्ताव सहित आ.व. २०७३।०७४ देखि ७ वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरी कार्यान्वयन भैरहेको छ। विद्यालय शिक्षालाई निर्दिष्ट दिशा प्रदान गर्न १० वर्षे योजनाको रुपमा शिक्षा क्षेत्रको योजना २०२१-२०३० तर्जुमा र कार्यान्वयनको चरणमा रहेको छ । वि. सं. २०८७ (सन् २०३०) सम्म मध्यम आय भएको मूलुकको स्तरमा रुपान्तरणको लक्ष्य हासिल गर्न र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्वपूर्ण साधनको रुपमा पन्ध्रौ योजना (०७६।०७७-०८०।०८१) कार्यान्वयनमा आएको थियो। र हाल सोह्रौँ योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयनमा रहेको छ।

यसै पृष्ठभूमिमा मेन्छयायेम गाउँपालिकाले पनि गुणस्तरीय विद्यालयीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न व्यवस्थापकीय एवं नियमनकारी निकायहरु र शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्नको लागि आ.व. २०८२।०८३ देखि २०९१।०९२ सम्म कार्यान्वयन हुनेगरी १० वर्षे गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो।

यस योजना निर्माणका क्रममा गाउँ शिक्षा समिति,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, समाजसेवी, राजनीतिज्ञ लगायतको अन्तरक्रियाबाट विद्यालय शिक्षाका विद्यमान समस्या,अवसर र चुनौती पहिचान गरी समस्या समाधानका लागि सुझाव संकलन गरिएको छ । सरोकारवालाहरुको अन्तरकृयाबाट विद्यालय शिक्षा क्षेत्रमा भौतिक सुविधा, जनशक्ति व्यवस्थापन ,विद्यार्थीको सिकाइ उपलब्धी, शिक्षक पेशागत सहयोग, अभिभावकहरुको विद्यालय व्यवस्थापनमा सकृयता र भौतिक तथा आर्थिक लगायतका पक्षमा मुख्यतः समस्या औल्याएको छ।

यस योजनाले यस गाउँपालिकाको परम्परादेखि हालको शिक्षाको विकासक्रम, गाउँपालिकाको शैक्षिक तथ्याङ्क सहितको विवरण र विद्यमान अवस्था एवं आगामी दिनमा विद्यालय शिक्षाका क्षेत्रमा गर्नुपर्ने रणनीतिक क्रियाकलाप/कार्यक्रमहरु समेटेको छ। योजना दस्तावेजमा टड्कारो रुपमा पहिचान गरिएका समस्याहरु समाधानका लागि चुनौतीहरु पहिचान गरी समाधानका लागि उदेश्य,कार्ययोजना र विद्यालय शिक्षाको विकास र अपेक्षित सुधार गर्न मुख्य-मुख्य रणनैतिक क्रियाकलापहरु प्रस्तुत गरिएको छ ।यो शिक्षा क्षेत्रको एक ऐतिहासिक र मार्गदर्शक दस्तावेजको रुपमा रहेको छ। यस योजनाको सफल कार्यान्वयनले मेन्छयायेम गाउँपालिकाको शिक्षा क्षेत्रमा अनुकरणीय सुधार हुने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनको क्रममा हासिल हुने अनुभवका आधारमा निरन्तर परिमार्जन गरीदै लगिने भएकोले सरोकारवाला,कार्यान्वयनकर्ता र विज्ञबाट निरन्तर सिर्जनात्मक सुझावको अपेक्षा गरिएको छ । यस योजनाले विद्यालयहरुको भौतिक एवं शैक्षिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउनको साथै विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरुको अन्तर घटाउन सहयोग गर्ने अवसरको रुपमा लिदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ। विविध चुनौती एवं मुद्दाहरुका अतिरिक्त यस योजनामा समाविष्ट कार्यक्रमहरुले विद्यालय शिक्षाको विकासका लागि अंगिकार गर्नुपर्ने रणनीति र भावी कार्यदिशालाई प्रतिविम्वित गरेको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत निर्धारित उदेश्य तथा नतिजाहरुको लागि यथेष्ट लगानी गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। योजनाको सफल कार्यान्वयनको सुनिश्चितताको लागि गाँउ सभा, गाउँ कार्यपालिका अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संघसंस्थाहरुको बलियो प्रतिबद्धताका साथै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ।

आगामी हाम्रा कार्यक्रमहरु यस योजना अनुरुप परिलक्षित हुनेछन् र यसको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवाला व्यक्ति एवं निकायहरुसँग सहयोगको अपेक्षा राखिएको छ । योजनाले समेट्न नसकेका विषय एवं कमजोरीहरु औल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यवहारिक तथा वस्तुपरक ढंगबाट कार्यान्वयन योग्य बनाउन यहाँहरुको अमूल्य सुझाव र सकारात्मक सल्लाहको अपेक्षा समेत गरिन्छ ।

**क. विषय प्रवेश**

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको अवस्थामा नागरिकको सबैभन्दा नजिकको सरकारको हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबैको दायित्व हुन आउँदछ ।

शिक्षा आज सर्वव्यापी,जीवनपर्यन्त र मानव अधिकारको रुपमा स्थापित भइसकेको अवस्थामा राज्यले पनि शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । शिक्षाले नै आवश्यक सन्तुलित जनशक्ति उत्पादन गरी राष्ट्र विकास,समृद्ध नेपाल र सुखी नेपालीको सपनालाई साकार पार्न सक्दछ । देश संघीय संरचनामा गइसकेको अवस्थामा तीनै तहका सरकारमा शिक्षाका एकल अधिकार तथा संयुक्त अधिकार रहेका छन् ।शैक्षिक नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै नीतिगत सुधार एवं स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गर्ने खालको गुणस्तरीय, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने आजको आवश्यकता हो ।

यस मेन्छयायेम गाउँपालिकाले संविधान प्रदत्त शिक्षाको मौलिक हकाधिकारलाई उपयोग गर्दै विभिन्न निति नियम तर्जुमा गर्नुको साथै थप नीति नियमहरु तर्जुमाको लागि सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया गर्दै आइरहेको छ । यसैगरी यस गाँउपालिकाको समग्र शैक्षिक सुधार गरी बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदानको सुनिश्चितता गर्नका लागि यो १० वर्षे शिक्षा योजना तयार गरिएको हो ।

**ख. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको परिप्रेक्ष्यमा गुणस्तरीय, सीपयुक्त, समावेशी, समतामूलक रोजगारी उन्मूख,उत्पादनशिल नागरिक तयार पार्नु स्थानीय तहको प्रमुख कर्तव्य हो । शिक्षा क्षेत्रमा गुणस्तर तथा प्रभावकारीता कायम गर्न विभिन्न प्रयत्न गरेता पनि शिक्षा क्षेत्रको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । गाँउपालिकाको भौगोलिक अवस्था, आर्थिक विपन्नताका कारण कतिपय बालबालिकाहरु विद्यालय तहको शिक्षाबाट वञ्चित हुनु परेको अवस्था छ । यस्ता विविध समस्याहरुलाई समाधान गरी समावेशी, समतामूलक, उत्पादनमुलक, सूचना प्रविधियुक्त शिक्षा तथा शिक्षा क्षेत्रमा शिक्षक, अभिभावक एवं सरोकारवालाहरुको विद्यालय प्रति जवाफदेही, उत्तरदायी एवं जिम्मेवारी अभिवृद्धि गर्दै लैजानको लागि योजनाको आवश्यकता र औचित्य पुष्टि हुन्छ ।

### ग. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधानले संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रवेश गरीसकेपछि देशमा तीन तहका सरकार क्रियाशिल रहेका छन्। यी तीनै तहका सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु बाँडिएका छन्।

संविधानको अनुसूची ५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूची ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख छ। यसको अलावा आधारभूत तथा माध्यमिक शिक्षालाई संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको देखिन्छ। यसैगरी अनुसूची ९ मा संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरिएको छ। नेपालको संविधानले शिक्षालाई समानता, समावेशिता तथा मौलिक हकको रुपमा स्थापित गरेको छ। यी सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न र जनतालाई शिक्षाको अधिकार प्रदान गर्न शिक्षा सम्बन्धी विभिन्न नीति, नियम तथा ऐन बनेका छन्। नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी ऐन, २०७५ पनि कार्यान्वयनमा आएका छन्। यी सबै ऐनले संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न सहजीकरण गरेको छ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सहमत जनाएको अवस्था रहेको छ। दिगो विकासका १७ वटा लक्ष्य मध्ये लक्ष्य ४ शिक्षासँग सम्बन्धित छ। जसमा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने व्यवस्था गरिएको छ।

संविधानले तोकेका क्षेत्र र अधिकारका आधारमा स्थानीय तहले ऐन, नीति, नियम बनाई कार्यान्वयन गर्न सक्ने अधिकार रहेको छ। संविधानले प्रदत्त गरेका शिक्षा सम्बन्धि अधिकार तथा प्रचलित ऐन, नियम कार्यान्वयन गर्नका लागि शिक्षा सम्बन्धी अधिकार तथा प्रचलित ऐन नियम कार्यान्वयन गर्नका लागि स्थानीय तहमा विभिन्न ऐन, नीति नियम आवश्यक भए बमोजिम यस मेन्छयायेम गाउँपालिकाले शिक्षा सम्बन्धी आवश्यक कानूनको निर्माण गरेको छ। मेन्छयायेम गाउँपालिकाको मेन्छयायेम गाउँपालिका  शिक्षा ऐन, २०७४ र मेन्छयायेम गाउँपालिका शिक्षा नियमावली, २०७४  यस अघि नै पारित भएर कार्यान्वयन भइरहेको छ भने विद्यमान कानूनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकामा शिक्षा योजनाको आवश्यकता महसुस भई १० वर्षे शिक्षा योजनाको निर्माण गरिएको हो।

### घ. शिक्षा योजना निर्माणका आधार

विद्यालय शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो। धर्म, जात, वर्ण, समुदाय, लिङ्ग वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी जुनसकै परिस्थितिमा रहेका बालबालिकाहरुलाई शिक्षाको हक रहेको छ। नेपालको संविधानले मौलिक हकको रुपमा नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा लगायत बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ। प्रस्तुत गाउँ शिक्षा योजना निर्माण गर्दा मेन्छयायेम गाउँपालिकाले केही नीतिगत आधारहरु लिएको छ। ती मुख्य आधारहरुमा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी (सन् १८८९), दिगो विकासका लक्ष्यहरु (सन्२०३०),नेपालको संविधान ,विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८), स्थानीय सरकार सञ्चालन ऐन (२०७४), अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन(२०७५), अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली

(२०७७), राष्ट्रिय शिक्षा नीति(२०७६), पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/०८१), सोह्रौँ योजना (२०८१/८२-२०८५/८६) हुन्। यिनै मुख्य नीतिगत आधारमा यस शिक्षा योजनाको नीतिगत गन्तव्य तय गरिएको छ।

**ङ. शिक्षा योजना निर्माणका प्रकृया**

कुनै पनि कार्यलाई सरल र सहज ढंगले समयमा सम्पन्न गर्नको लागि प्रतिफलको आशा सहित गरिएको कार्यको सिलसिलाबद्ध रुपरेखा नै योजना हो। यो आफैंमा एक जटिल र चुनौतीपूर्ण कार्य हो। यसलाई व्यवस्थित रुपमा अगाडि बढाउन विभिन्न चरण र प्रक्रिया अबलम्बन गरिएको छ। गाउँपालिकाले तयार गरेको यस योजनालाई शिक्षा विकास तथा समन्वय इकाइ तेह्रथुम सहित विशेष गरी युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको कार्यक्रमले प्राविधिक सहयोग र समन्वय गरेको थियो । युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको कार्यक्रमले शिक्षा विकास तथा समन्वय इकाइ तेह्रथुमको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी २ दिने कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यपालिकाको बैठकद्वारा शिक्षा योजना निर्माणका लागि १० सदस्यीय निर्माण कार्यदल गठन गरीयो। कार्यदलको बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको बाँडफाँड गरीयो । शिक्षा योजना निर्माण समुहबाट योजनाको लेखन गरी छलफल र अन्तरक्रियाबाट पहिलो ड्राफ्ट तयार गरीयो ।

**क. पहिलो चरणः योजना निर्माणको पूर्व तयारी**

- युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको कार्यक्रमले शिक्षा विकास तथा समन्वय इकाइ तेह्रथुमको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी २ दिने कार्यक्रम सञ्चालन गरेको।
- कार्यपालिकाको बैठकद्वारा शिक्षा योजना निर्माणका लागि १० सदस्यीय कार्यदल गठन भएको।
- कार्यदलको बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको बाँडफाँड गरिएको।

**ख. दोस्रो चरणः योजनाको पहिलो मस्यौदा निर्माण**

- शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन तथा योजना निर्माण कार्यदलको छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको।

**ग. तेस्रो चरणः मस्यौदा माथि छलफल तथा थप सुझाव संकलन**

गाउँपालिकाबाट आयोजना गरिएको गोष्ठीमा पेश भएको मस्यौदा माथि प्रधानाध्यापक, जनप्रतिनिधि लगायतका सरोकारवालाहरुबाट महत्वपूर्ण सुझाव तथा राय लिई मस्यौदालाई अद्यावधिक गरिएको। उक्त मस्यौदा शिक्षा समितिमा पेश भई थप छलफलबाट प्राप्त सुझाव समावेश गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने निर्णय भएको।

**घ. चौथो चरणः कार्यपालिका बैठकबाट स्वीकृत**

मिति २०८२ असार ६ गतेको गाउँ शिक्षा समितिको बैठकबाट निर्णय भई पेश भएको गाउँ शिक्षा योजना मेन्छयायेम गाउँ कार्यपालिकाको मिति २०८२/०३/२४ गतेको बैठकबाट स्वीकृत भएको हो।

### च.योजनाको लेखाजोखा

स्थानीय तहको योजना निर्माण सम्पन्न पश्चात् सो योजना विश्वसनीय एवं वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनु पर्छ जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अंग हो। निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई स्थानीय तहले आन्तरिक तथा बाह्य विषय क्षेत्रका विज्ञहरुको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गर्नुपर्दछ । योजनाको लेखाजोखा गर्दा देहायका पक्षमा केन्द्रित भई सुक्ष्म विश्लेषण गर्नु पर्दछ ।

१. नेतृत्व तथा सहभागिता -Leadership & Participation
२. पर्याप्तता र सान्दर्भिकता -Adequacy & Relevance
३. समता ,सक्षमता र गुणस्तर -Equity, Efficiency & Quality
४. अन्तरसम्बन्ध र तादात्म्य- Interrelationship & Identification
५. सम्भाब्यता र कार्यान्वयन योग्यता- Probability & Implementability
६. स्रोतको प्रबन्ध- Resource Management
७. संस्थागत क्षमता- Institutional Capability
८. कार्यान्वयनमा तत्परता- Readiness for Implementation
९. तथ्याङ्क विश्लेषण र प्रक्षेपण- Data Analysis and Projection
१०. अनुगमन र प्रतिवेदन – Monitoring & Reporting

### छ. योजनाको दस्तावेजको स्वरुप

योजना निर्माण गर्दा यसको स्वरुपको सन्दर्भमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्राप्त पछिल्लो संशोधित गाउँ शिक्षा योजना निर्माण मार्गदर्शन, २०८१ मा उल्लेखित ढाँचाको पूर्ण परिपालन गरिएको छ । यो योजनाको परिचय खण्ड भन्दा पहिला गाँउपालिकाको दुई शब्द, गाउँपालिका अध्यक्षको भनाई, शिक्षा शाखा प्रमुखको भनाई, योजनाको सारांश, विषयसूची र अनुसूची समावेश गरिएको छ । शिक्षाका मुख्य क्षेत्र, उपक्षेत्रमा नसमेटिएका विषयवस्तुहरु स्थानीय तहको आवश्यकता अनुसारका केहि विषय क्षेत्रहरु परिच्छेद ५ मा अन्य उपक्षेत्र शीर्षकमा समेटिएको छ । जसमा उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन, संस्थागत (नीजि) विद्यालय, परीक्षा तथा प्रमाणीकरण, समुदाय संलग्नता तथा परिचालन आदि रहेका छन् ।

योजनाको दस्तावेजको स्वरुप अनुसूची १ मा दिइएको छ ।

# विषय सूची


**परिच्छेद १ : परिचय ............ १**

१.१ वर्तमान अवस्था ............ १

क. भौगोलिक अवस्थितिको विश्लेषण ............ ५

ख. जनसंख्यिक संरचनाको विश्लेषण ............ ६

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ............ ८

घ. आर्थिक अवस्थाको विश्लेषण ............ ९

ङ. शैक्षिक अवस्थाको विश्लेषण ............ १०

१.२ मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण ............ ११

समस्या वृक्षको विश्लेषण ............ ११

शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ............ १२

अवसरहरु ............ १२

**परिच्छेद २ : दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण ............ १३**

२.१ दूरदृष्टि ............ १३

२.२ लक्ष्य ............ १३

२.३ उदेश्य ............ १३

२.४ रणनीति ............ १३

२.५ कार्यनीति ............ १४

२.६ अपेक्षित उपलब्धिहरु ............ १६

२.७ मुख्य कार्यसम्पादन सुचकहरु र लक्ष्य निर्धारण ............ १७

**परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ............ २०**

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ............ २०

३.१.१ वर्तमान अवस्था ............ २१

३.१.२ उदेश्य ............ २१

३.१.३ रणनीति ............ २२

३.१.४ उपलब्धि तथा प्रमुख नतिजाहरु ............ २३

३.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ............ २५

३.२ आधारभूत शिक्षा ............ २६

३.२.१ परिचय ............ २६

३.२.२ वर्तमान अवस्था ............ २६

३.२.३ उदेश्य ............ २७

३.२.४ रणनीति ............ २७

३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ............ २८

३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ............ २९

३.३ माध्यमिक शिक्षा ............ ३२

३.३ .१ परिचय ............ ३२

३.३.२ वर्तमान अवस्था ............ ३२

३.३.३. उदेश्यहरु ............ ३२

३.३.४ रणनीतिहरु ............................................................ ३३
३.३.५. प्रमुख उपलब्धि तथा नतिजा ............................................................ ३३
३.३.६. प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ............................................................ ३५
३.४. प्राविधिक तथा व्यवसायिक शिक्षा ............................................................ ३७
३.४.१ परिचय ............................................................ ३७
३.४.२ वर्तमान अवस्था ............................................................ ३७
३.४.३ उदेश्य ............................................................ ३८
३.४.४ रणनीतिहरु ............................................................ ३८
३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ............................................................ ३८
३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ............................................................ ३९
३.५ अनौपचारिक तथा निरन्तर शिक्षा ............................................................ ४०
३.५.१ परिचय ............................................................ ४०
३.५.२ वर्तमान अवस्था ............................................................ ४१
३.५.३ उदेश्य ............................................................ ४१
३.५.४ रणनीति ............................................................ ४१
३.५.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ............................................................ ४२
**परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु ............................................................ ४५**
४.१ पाठ्यक्रम र मूल्याङ्कन ............................................................ ४५
४.१.१ वर्तमान अवस्था ............................................................ ४५
४.१.२ उदेश्य ............................................................ ४६
४.१.३ रणनीति ............................................................ ४६
४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ............................................................ ४७
४.२ शिक्षक व्यवस्थापन तथा विकास ............................................................ ५१
४.२.१ वर्तमान अवस्था ............................................................ ५१
४.२.२ उदेश्य ............................................................ ५८
४.२.३ रणनीति ............................................................ ५८
४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ............................................................ ५९
४.३ शैक्षिक समता र समावेशीकरण ............................................................ ६१
४.३.१ वर्तमान अवस्था ............................................................ ६१
४.३.२ उदेश्य ............................................................ ६२
४.३.३ रणनीति ............................................................ ६२
४.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरु ............................................................ ६२
४.३.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ............................................................ ६३
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ............................................................ ६४
४.४.१ परिचय ............................................................ ६४
४.४.२ वर्तमान अवस्था ............................................................ ६४
४.४.३ उदेश्यहरु ............................................................ ६५
४.४.४ रणनीतिहरु ............................................................ ६६
४.४.५ उपलब्धि,नतिजा प्रमुख क्रियाकलाप,तथा लक्ष्य ............................................................ ६६

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ ६९
४.५.१ परिचय ........ ६९
४.५.२ वर्तमान अवस्था ........ ७१
४.५.३ उदेश्यहरू ........ ७४
४.५.४ रणनीतिहरू ........ ७५
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ७६
४.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ........ ७६
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७७
४.६.१ परिचय ........ ७७
४.६.२ वर्तमान अवस्थाः ........ ७८
४.६.३ उदेश्य: ........ ७८
४.६.४ रणनीतिहरू ........ ७९
४.६.५ उपलब्धि तथा नतिजाहरु ........ ७९
४.६.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ........ ८०
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८१
४.७.१ परिचय ........ ८१
४.७.२ वर्तमान अवस्था ........ ८२
४.७.३ उदेश्यहरु ........ ८२
४.७.४ रणनीतिहरु ........ ८२
४.७.५ उपलब्धि तथा नतिजाहरु ........ ८३
४.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ........ ८५
**परिच्छेद ५ : अन्य उपक्षेत्र ........ ८६**
५.१ उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन ........ ८६
५.१.१ सन्दर्भ र औचित्यः ........ ८६
५.१.२ उदेश्यहरुः ........ ८६
५.१.३ रणनीतिहरुः ........ ८७
५.१.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ८७
५.२ संस्थागत(नीजि) विद्यालयः ........ ८८
५.२.१ वर्तमान अवस्थाः ........ ८८
५.२.२ उदेश्य: ........ ८९
५.२.३ रणनीतिहरुः ........ ८९
५.२.४ कार्यनीतिहरुः ........ ८९
५.२.५ उपलब्धी, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्यः ........ ९०
५.३ परीक्षा तथा प्रमाणीकरणः ........ ९१
५.३.१ वर्तमान अवस्थाः ........ ९१
५.३.२ उदेश्यः ........ ९१
५.३.३ रणनीतिहरुः ........ ९१
५.३.४ कार्य नीतिहरुः ........ ९१
५.३.५ उपलब्धी, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्यः ........ ९२

५.४ समुदाय संलग्नता र परिचालनः ........................................................................................................ ९२
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन........................................................................................................ ९६**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास........................................................................................ ९६
६.१.१ परिचय ........................................................................................................ ९६
६.१.२ वर्तमान अवस्था........................................................................................................ ९७
६.१.३ उदेश्य........................................................................................................ ९७
६.१.४ रणनीतिहरु........................................................................................................ ९८
६.१.५ उपलब्धी तथा प्रमुख नतिजाहरु........................................................................................................ ९८
६.१.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ........................................................................................................ १००
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........................................................................................................ १००
६.२.१ परिचय ........................................................................................................ १००
६.२.२ वर्तमान अवस्था........................................................................................................ १०१
६.२.३ उदेश्यहरू ........................................................................................................ १०२
६.२.४ रणनीतिहरू........................................................................................................ १०२
६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........................................................................................................ १०३
**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन........................................................................................................ १०५**
७.१ परिचय........................................................................................................ १०५
७.२ वर्तमान अवस्था ........................................................................................................ १०५
७.३ उदेश्य ........................................................................................................ १०६
७.४ रणनीति........................................................................................................ १०७
७.५ उपलब्धि तथा प्रमुख नतिजाहरु ........................................................................................................ १०७
७.६ प्रस्तावित बजेट ........................................................................................................ १०८
**परिच्छेद ८ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा सहजीकरण........................................................ १०९**
८.१ परिचय........................................................................................................ १०९
८.२ वर्तमान अवस्था ........................................................................................................ १०९
८.३ उदेश्य ........................................................................................................ ११०
८.४ रणनीति........................................................................................................ ११०
८.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........................................................................................................ १११
**अनुसूचीहरु........................................................................................................ ११३-११९**
**सन्दर्भसामग्रीहरु........................................................................................................ १२०**

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ । संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भई क्रियाशील अवस्थामा छन् । सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिविम्बित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४, १) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उदेश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपत् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरु समेटेर क्षेत्रगत योजना तयार गर्नु आवश्यक छ ।

नेपाललाई वि.सं. २०७९ (सन् २०२३) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८९ (सन् २०३३) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ बर्षीय दीर्घकालिन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ । संघीय शासन प्रणाली अन्तरगत सहकारिता, समन्वय र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुऱ्याउनु आजको अपरिहार्यता छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्षे योजना, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ बर्षे दिगो विकासको लक्ष्य, १६ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग, समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएका १७ वटा दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ । जसको लागि ७ उदेश्यहरु तथा ३ माध्यमहरु तय गरेको छ । त्यसको साथै यस

गाँउपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तरगत उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन भनी उल्लेख गरिएको छ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ।

नेपालको संविधानको अनुसूची ५ मा केन्द्र सरकार वा संघको अधिकार सूची भित्र शिक्षासम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तैगरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूची भित्र शिक्षासम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूची ८ मा स्थानीयतहको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरुमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीयतहको अधिकारका साझा सूची भित्र शिक्षा समेत समावेश गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरुको व्यवहारिक रुपमा कार्यान्विनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सहअस्तित्व आजको आवश्यकता हो।

त्यसैगरी चालु अवस्थामा रहेको १६ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पष्ट मार्गनिर्देशन गरेको छ। यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उदेश्यहरुमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन्।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको

आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी यस नीतिको उदेश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु , सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास लाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय गाँउपालिकाका आवश्यकताहरु पुरा गर्न गाँउपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। साथै सबै सहभागीहरुबाट जिल्लाका सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

त्यसैगरी यस गाँउपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरु रहेका छन्।

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको दक्षता तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

यसै सन्दर्भमा यस गाँउपालिकाले स्थापनाकाल देखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। मुलत: विद्यालयको भौतिक सुधार, विद्यार्थीहरुका प्रतिभाहरुको विकासका लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन, विद्यार्थीहरुको शारीरिक तथा वौद्धिक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालन, प्रारम्भिक

बालविकास तथा प्रारम्भिक कक्षाको पठनसीप विकास, शिक्षक तथा विद्यालय कर्मचारी साथै प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई पेशागत विकासका लागि विभिन्न प्रकारका तालिमहरु सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरुको नियमित बैठक सञ्चालन, समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण, सुचना प्रविधि सम्बन्धी तालिम, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रधानाध्यापकहरुका लागि कार्यक्रम कार्यान्वयन पुस्तिकाको अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम, शैक्षिक तथ्याङक तथा लेखा व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन, विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण सम्बन्धी अभिमुखीकरण तालिम, पाठ्यक्रम प्रवोधिकरण कार्यशाला, आवधिक विद्यालय अनुगमन तथा शिक्षकको पेशागत सहयोग सहित सिकाइ सुधारमा जोड दिईदै आएको छ।

## क. भौगोलिक अवस्थितिको विश्लेषण

नेपालको वर्तमान संविधानले संघीय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन् संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ, राज्य शक्ति एक ठाँउमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरुप तेह्रथुम जिल्लामा २ नगरपालिका र ४ गाउँपालिका गरी ६ वटा स्थानीय तहहरु रहेका छन्।

मेन्छयायेम गाउँपालिका, कोशी प्रदेश स्थित तेह्रथुम जिल्लाको उत्तर पूर्वी गाउँपालिका हो। यो गाउँपालिकाको क्षेत्रफल ७०.०९ वर्ग कि. मि. मा फैलिएको छ। दुर्गम तर मनोरम धरातलीय बनोट, उच्च भू–भाग, खोला नाला र समथल बेसी र मेन्छयायेमको घना जंगलले यस गाउँपालिकाको पर्यटकीय आकर्षण उत्तिकै बढेको पाइन्छ। प्राचीन समयमा तेनाहाङ राजाको दरबार, प्रसिद्ध धार्मिक स्थल गौखुरी धाम, मेन्छयायेम डाँडा लगायत ऐतिहासिक तथा मेन्छेयायेम ढापले यस गाउँपालिकाको परिचयलाई थप फराकिलो बनाएको छ। राज्यको पुनर्संरचनाअनुसार स्थानीय तहको नाम स्थानीय पहिचान, सांस्कृतिक, भाषिक र जातीय सभ्यताका आधारमा नामाकरण गरिएको छ। जसअनुसार यस गाउँपालिकाको नामाकरण लिम्बू धर्म, संस्कृतिका आधारमा नामाकरण गरिएको छ। किम्बदन्तीका अनुसार मेन्छयायेमलाई तीन किसिमले परिभाषित गरिएको छ। तीन किसिमकै परिभाषा मेन्छयायेम डाँडामा आधारित छ। 'मेन्छया' र 'येप' को अपभ्रंस भएर 'मेन्छयायेम' रहन गएको भन्ने किम्बदन्तीको भनाइ छ। मेन्छयायेम डाँडा तेह्रथुम, संखुवासभा र ताप्लेजुङ, तीन जिल्लाको संगम स्थलमा अवस्थित छ। धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यही डाँडाको अर्थका आधारमा यहाँको चली आएका धर्म-संस्कृति र रीतिरिवाज अनुसार मेन्छयायेम रहन गएको हो।

प्रशासनिक तथा राजनैतिक विभाजन अनुरूप मेन्छयायेमलाई ६ वटा वडामा विभाजन गरिएको छ। वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ६६७८ छ। यस गाउँपालिकामा लिम्बू जातिको बाहुल्यता रहेको छ। लिम्बू जातिको अलावा यहाँ ब्राह्मण, क्षेत्री, तामाङ, राई, गुरूङ, भुजेल, शेर्पा, कामी, दमाई, नेवार लगायत जाति जनजातिको बसोबास तथा छुट्टाछुट्टै भाषा र संस्कृति छ। गाउँपालिका विभिन्न किसिमका धर्म र सँस्कृति मान्ने जातजाति र भाषा भाषीको सँगम स्थल पनि हो। विभिन्न जनजातिहरूको रहनसहन, भेषभूषा आदिको विविधताले गर्दा यस गाउँपालिकाले विशिष्ट महत्व बोकेको छ।

भौगोलिक रूपमा दुर्गम भएतापनि भौगोलिक विविधता, प्रशस्त पानीको स्रोत, घना जंगल, चरण क्षेत्र, मलिला बेसीका कारण कृषि, पशु र पर्यटनको प्रशस्त सम्भावना बोकेको मेन्छयायेम गाउँपालिका यिनै सम्भाव्यताको व्यावसायिकीकरण गर्दै समृद्ध हुने सम्भावना रहेको देखिन्छ।

नेपालको मानचित्रमा मेन्छयायेम गाउँपालिकाको फैलावट २७.२२ उत्तरी अक्षांश र ८७.५१ पूर्वी देशान्तरमा अवस्थित छ। यस गाउँपालिकाको पूर्वमा फेदाप गाउँपालिका, पश्चिममा म्याङलुङ, उत्तरमा ताप्लेजुङको मैवाखोला गाउँपालिका र संखुवासभाको मादी र चैनपुर गाउँपालिका तथा दक्षिणमा फेदाप गाउँपालिकासँग सिमाना जोडिएको छ। पहाडी र उच्च पहाडी भू–भागमा फैलिएको यो गाउँपालिका समुन्द्र सतहबाट १,६५२ मिटर (मोराहाङ्ग बजार) देखि २,९०० मिटर (मेन्छयायेम डाँडा) सम्म फैलिएर रहेको छ। यस गाउँपालिकाको कूल क्षेत्रफल ७,००९ हेक्टर (७०.०९ वर्ग किलोमिटर) मध्ये भू–उपयोगको दृष्टिकोणमा कृषियोग्य क्षेत्रफल ५०,००८ रोपनी, वनजंगलले ढाकेको भू–भाग १,७४९.५९ हेक्टर, सामुदायिक वनले ढाकेको क्षेत्रफल १०.९६ हेक्टर, कवुलियती वनले ढाकेको क्षेत्रफल २५ हेक्टर, राष्ट्रिय वन क्षेत्र ११.४१ हेक्टर, चरन क्षेत्र २३० हेक्टर, सामूदायिक गौचरण चौरको क्षेत्रफल २३.६ रोपनी, घाँसे मैदान २.५ हेक्टर, सिँचित क्षेत्रफल २२३८ हेक्टर, असिँचित हुने १६२ हेक्टर, आंशिक सिँचाई हुने ५२ हेक्टर रहेको छ।

## ख. जनसंख्यिक संरचनाको विश्लेषण

तेह्रथुम जिल्ला विभिन्न जातजातिहरुको उद्‌गम स्थलको रहेको कुरा इतिहासकारहरुले व्याख्या गरेका छन्। जम्मा ६६७८ जनसंख्या रहेको मेन्छयायेम गाँउपालिका पनि तेह्रथुम जिल्लाका स्थानीय तह मध्येको एक जातीय विविधता युक्त गाँउपालिका हो यस गाँउपालिकामा लिम्बु, ब्राह्मण, क्षेत्री, राई, तामाङ, भुजेल, मगर, गुरूङ, नेवार, शेर्पा, दमाई, कामी, सार्कि आदि जातजातिहरुको मुख्य वसोवास रहेको छ।


मेन्छयायेम गाँउपालिकाको वि.स. २०७८ सालको जनगणना लिङ्ग अनुसारको जनसंख्याको विवरण

| **वडा** | **घरपरिवारको संख्या** | **जनसंख्या** | | | **औसत परिवारको आकार** | **लिङ्ग अनुपात** |
|---|---|---|---|---|---|---|
| | | **जम्मा** | **पुरुष** | **महिला** | | |
| १ | १८४ | ७१७ | ३५४ | ३६३ | ३.९ | ९७.५२ |
| २ | २३६ | ९३२ | ४४५ | ४८७ | ३.९५ | ९१.३८ |
| ३ | २०७ | ८८३ | ४३० | ४५३ | ४.२७ | ९४.९२ |
| ४ | २७९ | १०३५ | ५३० | ५०५ | ३.७१ | १०४.९५ |
| ५ | ४२२ | १६४३ | ८०६ | ८३७ | ३.८९ | ९६.३ |
| ६ | ३७५ | १४६८ | ६८८ | ७८० | ३.९१ | ८८.२१ |
| | १७०३ | ६६७८ | ३२५३ | ३४२५ | ३.९२ | ९४.९८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८

मेन्छयायेम गाँउपालिकाको जनसंख्यालाई वडा अनुसार घरधुरी तथा जनसंख्या विवरण ६ वटै वडा हरुको जम्मा घरधुरी संख्या १७०३ रहेका छन्। जस मध्ये वडा न. ५ मा सबैभन्दा धैरै ४२२ घरधुरी रहेका छन् भने सबैभन्दा कम वडा न. १ मा

१८४ छन् । वडा अनुसार जनसंख्या वितरणको विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढी वडा न. ५ मा १६४३ रहेका छन् भने सबै भन्दा कम जनसंख्या वडा न १ मा ७१७ रहेका छन् । यहाँको जनसंख्यामा पुरुष ३२५३ र महिला ३४२५ रहेकोमा जम्मा ६६७८ जनसंख्या रहेको छ ।




| | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| घरपरिवारको संख्या | 184 | 236 | 207 | 279 | 422 | 375 |
| जम्मा जनसंख्या | 717 | 932 | 883 | 1035 | 1643 | 1468 |
| पुरूष | 354 | 445 | 430 | 530 | 806 | 688 |
| महिला | 363 | 487 | 453 | 505 | 837 | 780 |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०७८

मेन्छयायेम गाँउपालिकाको उमेर अनुसारको जनसंख्याको विवरण

| उमेरको वर्गीकरण | पुरुषको जनसंख्या | महिलाको जनसंख्या | जम्मा जनसंख्या |
|---|---|---|---|
| ००-०४ वर्ष | २५२ | २११ | ४६३ |
| ०४-०९ वर्ष | ३१२ | ३३६ | ६४८ |
| ०९-१४ वर्ष | ३१५ | २९४ | ६०९ |
| १५-१९ वर्ष | ३४१ | ३३५ | ६७६ |
| २०-२४ वर्ष | २४२ | २५४ | ४९६ |
| २५-२९ वर्ष | २४५ | ३०१ | ५४६ |
| ३०-३४ वर्ष | २०२ | २३० | ४३२ |
| ३५-३९ वर्ष | २१५ | २२० | ४३५ |
| ४०-४४ वर्ष | २०५ | २०१ | ४०६ |
| ४५-४९ वर्ष | १३९ | १९५ | ३३४ |
| ५०-५४ वर्ष | १९५ | २१४ | ४०९ |
| ५५-५९ वर्ष | १६६ | १४७ | ३१३ |
| ६०-६४ वर्ष | १३५ | १६८ | ३०३ |

| | | | |
|---|---|---|---|
| ६५-६९ वर्ष | ११३ | १११ | २२४ |
| ७०-७१ वर्ष | ८५ | ११३ | १९८ |
| ७५-७९ वर्ष | ४९ | ४८ | ९७ |
| ८०-८४ वर्ष | २९ | २७ | ५६ |
| ८५-८९ वर्ष | १० | १६ | २६ |
| ९०-९४ वर्ष | २ | ३ | ५ |
| ९५+ वर्ष | १ | १ | २ |
| जम्मा | ३२५३ | ३४२५ | ६६७८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग २०७८

उमेरका आधारमा मेन्छयायेम गाँउपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा सबै भन्दा बढी जनसंख्या १५ वर्ष देखि १९ वर्ष सम्मको उमेर समुह रहेको छ जसको जम्मा जनसंख्या ६७६ जना रहेको छ भने जसमा महिलाको जनसंख्या ३३५ जना रहेको छ भने परुषको जनसंख्या ३४१ जना रहेको छ । माथीको चित्रलाई हेर्दा बालबालिकाहरुको र युवाहरुको जनसंख्या बढी देखिन्छ भने ६० वर्ष भन्दा बढी उमेरको जनसंख्या कम र युवा अवस्थाको बढि देखिन्छ जुन भोलीको उत्पादनको लागी उपयोग हुन्छ भने शिक्षा प्रदान गर्नु पर्ने हिसावले हेर्दा शिक्षालाई व्यवसायिक, रोजगारमुखी तथा उत्पादनमुखी बनाउन आवश्यक देखिन्छ ।

## ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

क्षेत्री, ब्राह्मण, जनजाति, दलित जातिको मिश्रीत बसोवास रहेको यस गाँउपालिकामा मुख्य बोलीचालीको भाषा नेपाली रहेको छ । धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको छ । यहाँ मनाइने चाडपर्वहरूमा दशैँ, तिहार, कृष्णाष्टमी, जनैपूर्णिमा, माघे सक्रान्ती, साउने संक्रान्ती, तीज, चैते दशैँ, ल्होसार, छठ, उधौली उभौली आदि रहेका छन् । धार्मिक तथा भाषिक रुपमा करिब एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा, सुरुवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् भने नयाँ पुस्ताले पाइन्ट, सर्ट, भेष्ट, लुङ्गी आदि लगाउने गर्छन । यस क्षेत्रमा रहेको गौखुरी धाम, सिक्रे पाथिभरा मन्दिर, बौद्ध गुम्वा तथा चर्च लगायत महत्वपूर्ण धार्मिक स्थलहरू हुन् ।

सांस्कृतिक विविधता यस गाँउपालिकामा वसोवास गर्ने वहुसंख्यक जातजातिहरु किरात धर्म मान्ने गर्दछन् भने हिन्दु धर्मालम्वीहरु पनि यस गाँउपालिकामा धेरै रहेको छन् । हिन्दु र किरात धर्मावलम्बीहरुका आ–आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन् । विजया दशमी, तिहार, कृष्ण अष्टमी, हरितालिका तिज, माघे संक्रान्ति, होली, चैते दशैँ, नववर्ष (तागा), गुरु पूर्णिमा, नागपञ्चमी, उधौली उभौली महत्वपूर्ण चाडपर्वहरु हुन भने इसाईको ईसु, वौद्धहरुको वौद्ध जयन्ती,ल्होसार आदि धर्मावलम्बीहरुका महत्वपूर्ण चाडपर्वहरु हुन् । स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरुमा छठ, नयाँ वर्ष, चण्डिपूर्णिमा, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, हरितालिका (तिज), विजयादशमी, भाईटीका, ल्होसार,

माघेसंक्रान्ति, श्री स्वस्थानीव्रत, चैते दशैँ, वुद्ध जयन्ती, ल्होसार, क्रिसमस डे, उधौली उभौली आदि महत्वपुर्ण चाडपर्वहरु हुन।

जैविक विविधता यस क्षेत्रमा उष्ण, समशितोष्ण हावापानी पाईन्छ। मुख्य वनस्पतिहरुमा उत्तिस, चिलाउने, कटुस, गुराँस, सल्ला, सिमल, चाँप, पिपल, जामुन, टाँकी, काफल, ओखर, अमला, बाँस आदी मुख्य वनस्पतिहरु रहेका छन्। साथै यहाँ पाइने प्रमुख फलफुलहरुमा सुन्तला, कागती, नासपाती, आँप, आल्चा, कागती, नासपाती, केरा, सुन्तला, कागती, नासपाती, एवोकाडो, किवी आदी हुन्। यहाँ विभिन्न प्रजातिका स्तनधारी जीवहरु जस्तै दुम्सी, खरायो, स्याल, बन बिरालो, मलसाप्रो, राजपंखी, बादर, मृग, घोरल र लंगुर जस्ता जनावरहरु रहको जानकारी पाइयो त्यसैगरी घस्रने जातका प्राणीमा सर्प, छेपारो, मौसुली, रातो टाउके छेपारो, गोहोरो सबभन्दा बढी पाइन्छन्। यस क्षेत्रमा भ्यागुता जस्ता उभयचर हरु पनि पाइन्छन् त्यस्तै कोकले, जुरेली, काग, भगेरो, कालिज, सुगा, ढुकुर, चिवे, रूप्पि, लगायत प्रजातिका पंक्षीहरुको वासोवास रहेको छ। माछाहरुमा असला, कत्ले, ट्राउट, तिते र बाम पाइन्छन्। साथै यी क्षेत्रहरु कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षित क्षेत्रहरु भित्र पर्दैनन्।

पर्यटकीय स्थलहरुको विवरण (धार्मिक, ऐतिहासिक, पुरातात्विक) यस मेन्छयायेम गाँउपालिकामा अवस्थित पर्यटकीय स्थलहरु निकै महत्वको रुपमा रहेका छन्। जसमा गौखुरी धाम, वोक्सीमारा ढुङ्गा, भ्यागुते ढुङ्गा, मेन्छयायेम डाँडा, तुम्वाङ्यक गढी, मुराहङ् (गने) ओढार, भ्वाङ डाँडा आदिका कारण दैनिक आउने पर्यटकहरुको संख्यामा वृद्धि भएको देखिन्छ। साथै यहाँ पाइने २८ प्रजातीका गुराँस यहाँको मुख्य पर्यटकीय आकर्षण रहेको छ। विभिन्न जातजातिको बसोबास भएको यो गाउँ आ–आफ्नै परम्परा र संस्कृतिको केन्द्र बनेर हालसम्म रहेको छ। मेन्छयायेम गाँउपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु ब्राम्हण, क्षेत्री, लिम्बू, शेर्पा, दमाई, कामी, भारती, गुरुङ, राई, मगर हुन्। यहाँ मुख्य रुपमा नेपाली, लिम्बू, तामाङ, शेर्पा, राई भाषा आदि मातृभाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, किरात, बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, उधैली उभैली, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

## घ. आर्थिक अवस्थाको विश्लेषण

नेपाललाई कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन मेन्छयायेम गाँउपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती व्यापार व्यवसाय, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको थियो। तेनाहाङ राजाको दरबार, प्रसिद्ध धार्मिक स्थल गौखुरी धाम, मेन्छयायेम डाँडा यस क्षेत्रका पर्यटकीय क्षेत्र रहेका छन्। यहाँका मुख्य नगदे बालीहरुमा अलैची, अदुवा, अम्लिसो, अकवरे, बन्दाकोबी, आलु,

स्कुस, फर्सी, तरुल आदि उत्पादनका लागि प्रसिद्ध छन् भने खाद्य बालीमा धान, मकै, गहुँ, फापर, कोदो, जौ, जस्ता बाली उत्पादन हुने गरेका छन्। गाई, भैँसी, भेडा, बाख्रा, कुखुरा जस्ता पशुजन्य उत्पादन मुख्य घरपालुवा जनवारहरु रहेका छन्। कृषि, व्यापार, पशुपालन र वैदेशिक रोजगारी मुख्य पेशा रहेका छन् । वित्तीय कारोवारका हिसावमा कुमारी बैंक लिमिटेडद्वारा सेवा प्रदान गरी रहेका छन्।

## ङ. शैक्षिक अवस्थाको विश्लेषण

नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास र कक्षा १ देखि ८ सम्म गरी जम्मा नौ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएको छ भने माध्यमिक तह नि:शुल्क रहने व्यवस्था गरिएको छ । विद्यालय शिक्षामा दुई तरीकाबाट लगानी गरिएको छ जसमा सरकारी र निजी स्रोतबाट व्यवस्थापन गरिएको छ।

संघीय संरचना अनुसार जम्मा ६ वटा वडामा विभाजन भएको यस मेन्छयायेम गाउँपालिकामा हाल २० वटा सामुदायिक विद्यालय जसमा कक्षा १ देखि कक्षा ५ सम्म १० वटा सामुदायिक विद्यालय, कक्षा १ देखि कक्षा ८ सम्म ६ सामुदायिक विद्यालय, १ देखि कक्षा १० सम्म १ वटा विद्यालय र १ देखि कक्षा १२ सम्म ३ वटा विद्यालयहरू रहेका छन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा कक्षा १ कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या ६३६ जना छात्र र ६९१ जना छात्रा गरी जम्मा १३२७ जना रहेका छन्।

यस गाउँपालिका भित्रका विद्यालय संख्या, शिक्षक संख्या र विद्यार्थी संख्यालाई निम्नानुसार देखाइएको छः

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | २१ | २० | १ |
| २ | शिक्षक | ११३ | ११३ | |
| ३ | विद्यार्थी | १५३८ | १४५५ | ८३ |
| ४ | विद्यालय कर्मचारी | २५ | २५ | |
| ५ | बालविकास सहजकर्ता | २२ | २२ | |
| ६ | सामुदायिक सिकाइ केन्द्र | २ | २ | |

स्रोतः मेन्छयायेम गाउँपालिका शिक्षा शाखा २०८१

यस्तै यस गाउँपालिका भित्र जम्मा २२ वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। जसमा २० वटा बालविकास केन्द्र विद्यालयमा आधारित छन् । यी बालविकास केन्द्रहरूमा १२७ छात्र र ८४ छात्रा गरी जम्मा २११ जना बालबालिकाहरू अध्ययनरत छन् भने बालविकास केन्द्रहरूमा जम्मा गरी २२ जना बालविकास सहजकर्ताहरू कार्यरत छन्। साथै यस गाउँपालिका २० वटा सामुदायिक विद्यालयहरूमा ११३ जना शिक्षकहरू रहेका छन्।

सार्वजनिक तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण तालिकामा प्रस्तुत गरिएको छ । यस तालिकालाई हरेक वर्ष उपलब्ध हुने तथ्याङ्कका आधारमा अद्यावधिक गर्दै लगिनेछ ।

**यस गाउँपालिकामा सञ्चालित शिक्षण संस्था**

| विवरण | सरकारी | सामुदायिक |
|---|---|---|
| आ. वि.१ देखि ५ | प्रा.वि. | १० |
| आ. वि. १ देखि ८ | आ. वि. | ६ |
| मा. वि. १ देखि १० | मा. वि. | १ |
| आ. वि. १ देखि १२ | मा. वि. | ३ |
| क्याम्पस | उच्च शिक्षा | ० |
| सामुदायिक अध्ययन केन्द्र | | २ |
| बालविकास केन्द्र | | २२ |

स्रोतः मेन्छयायेम गाउँपालिका शिक्षा शाखा

**तहगत विद्यार्थीहरूको विवरण**

| सि. न. | विद्यार्थी विवरण | विद्यार्थी संख्या (शैक्षिक वर्ष २०८१) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | छात्र | अन्य | |
| १ | पूर्व प्राथमिक | २११ | ८४ | १२७ | | |
| २ | १-५ कक्षा सम्मको | ६६२ | ३२१ | ३४१ | | |
| ३ | ६-८ कक्षा सम्मको | ३६४ | १९६ | १६८ | | |
| ४ | ९-१० कक्षा सम्मको | १९४ | १०६ | ८८ | | |
| ५ | ११-१२ कक्षा सम्मको | १०७ | ६८ | ३९ | | |
| | जम्मा | १५३८ | ७७५ | ७६३ | | |

स्रोतः मेन्छयायेम गाउँपालिका शिक्षा शाखा, IEMIS Report 2081

## १.२ मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण

### समस्या वृक्षको विश्लेषण

यस गाउँपालिकाको मुख्य समस्या अभिभावक चेतनाको कमी, सगँसगैँ माध्यमिक तहमा बालबालिकाको कमजोर पहुँच, विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाई राख्न नसक्नु ,व्यावसायिक तथा प्राविधिक शिक्षाको अभाव, तहगत , क्षेत्रगत तथा विषयगतरुपमा सम्पुर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, पठन सँस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तारमा कमी, सार्वजनिक तथा निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसक्नु, शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु, विद्यालय शिक्षामा सबैको पँहुच समता गुणस्तर सुशासन व्यवस्थापन तथा सिकाइका

लागि न्युनतम आवश्यक वातावरण नहुनु, निरन्तर सिकाइका लागि आवश्यक सिकाइ केन्द्र हरुको कमी, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, विद्यालय भवन, कक्षा कोठा, पुस्तकालय, खानेपानी, प्रयोगशाला, बुक कर्नर व्यवस्थित नहुनु, सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु, अभिभावकहरूमा सामुदायिक विद्यालय प्रति विश्वास जगाउन नसक्नु ,विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु, बिचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोऱ्याउने र विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु मेन्छयायेम गाउँपालिकाको मुख्य समस्याहरू हुन्।

## शिक्षा क्षेत्रका चुनौतीको *SWOT* विश्लेषण

गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु, प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन हुनु, सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित हुनु, प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धिमा गर्नु, स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषी विद्यार्थीहरुलाई व्यवस्थापन गर्नु, अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु, दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रजी र विज्ञान जस्ता विषय शिक्षकहरु पदपूर्ति समयमै गर्नु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र अभिभावकहरुको भुमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु, विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु र बसाइ सराईका कारण विद्यार्थी संख्या घट्दो अवस्थामा हुनु।

## अवसरहरु

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् । विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहनु ,दिगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्ध हुनु, सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत हुनु, शैक्षिक अभियन्ता तथा सरोकारवालाहरुको अग्रसरता हुनु, विद्यालयमा भौतिक तथा निर्माणका कार्यक्रमहरु पालिका मार्फत योजना हुनु, समयानुकुल प्रविधिको पहिचान तथा शिक्षण सिकाइमा प्रयोग हुनु, अतिरिक्त क्रियाकलापहरु मार्फत बालबालिकाहरुको प्रतिभाहरुलाई अवसर प्रदान गरिनु, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सरोकारवालाहरुबाट विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनु ,शिक्षकहरुलाई तालिमको व्यवस्थापन गरिनु, दोस्रो भाषी बालबालिकाहरुलाई सिकाइ वातावरण सहज हुनु र स्थानीय तहबाट आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी शिक्षण सिकाइ वातावरण तयार गर्नु।

## परिच्छेद २ : दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टि

प्रविधिमैत्री, सीपमुलक, र गुणस्तरीय शिक्षा
मेन्छयायेम गाउँपालिकाको प्रतिबद्धता।

### २.२ लक्ष्य

ज्ञान, सीप र सक्षमतामा आधारित रोजगारमुलक, उत्पादनशील, जीवनोपयोगी, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।

### २.३ उदेश्य

१. विद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुधार गरी सुरक्षित शिक्षण सिकाइ वातावरण निर्माण गर्नु,
२. नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनु,
३. बालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री र भाषिक विविधतामैत्री सिकाइ वातावरण निर्माण गर्नु,
४. विषयगत शिक्षकको व्यवस्था गर्नु,
५. शिक्षकहरुलाई शिक्षण विधि तथा प्रविधि सम्बन्धि तालिमको व्यवस्था गर्नु,
६. विद्यालयमा सुशासन प्रवर्द्धन गर्नु,
७. सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्नु,
८. श्रम र सीप सहितको शैक्षिक जनशक्ति उत्पादन गर्नु,
९. माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर प्रदान गर्नु,
१०. स्थानीय पाठ्यक्रममा आधारित सिकाई सहजिकरण पुस्तिका निर्माण तथा कार्यान्वयन गर्नु,
११. अभिभावक शिक्षा तथा सचेतना वृद्धि गर्नु,
१२. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्नु,
१३. आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु।

### २.४ रणनीति

१. विभिन्न निकायहरुसँग समन्वय सहकार्य गर्दै शिक्षाको बजेटमा वृद्दि गरी विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ गर्ने,
२. शिक्षणमा नविनतम प्रविधिको प्रयोग गरी प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गर्ने,
४. शिक्षक दरबन्दी मिलान नियमित गर्दै अपुग शिक्षक भएका विद्यालयमा स्वयंमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक विषयगत शिक्षकको व्यवस्था गर्ने,
५. विद्यार्थी संख्या र भौगोलिक क्षेत्रका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान/पुनर्वितरण गर्ने,

६. छोटो तथा लामो अवधिको तालिमको व्यवस्था गरी शिक्षकको पेशागत विकास गर्ने,

७. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग आदानप्रदान गर्ने,

८. प्र. अ. सँग कार्यसम्पादन करार सम्झौता गरी थप उत्तरदायी र जवाफदेही बनाउने,

९. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास गरी नतिजामा आधारित अनुगमन प्रणाली स्थापित गर्ने,

१०. विभिन्न मोडेलका तालिमको व्यवस्था गरी प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्ने,

११.एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको व्यवस्थापन अवस्था विश्लेषण सर्भे गरी राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका बमोजिम गर्ने ।

१२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

१३. स्थानीय पाठ्यक्रममा आधारित सिकाई सहजिकरण पुस्तिका निर्माण गरी स्थानीय ज्ञान, सीप, भाषालिपी, संस्कार, संस्कृती अभिवृद्धि गर्ने ।

१४.सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने ।

१५.पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्ने

१६. सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना गरी प्राविधिक शिक्षाको अवसर प्रदान गर्ने

१७.योजना निर्माण तथा निर्णय प्रक्रियामा समुदायको सहभागिता मार्फत विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्ने

१८.विषयगत शिक्षकसँगको सहयोग र सहकार्य गरी दूर शिक्षा प्रणालीबाट प्रसारित हुने सिकाइ सामग्री विकास गर्ने

१९.भर्चुअल शिक्षा, घुम्ती कक्षा सिकाइ मार्फत सिकाइ क्षति कम गर्ने

२०.सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी निरन्तर सिकाइका अवसरहरु प्रदान गर्ने।

## २.५ कार्यनीति

१. भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिनेछ ।

२. सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्युनतम सामग्रीको उपलब्ध गराई प्रविधिमैत्री शिक्षण लागु गरिनेछ ।

३. कक्षाकोठामा स्मार्ट बोर्डको व्यवस्था गरिनेछ ।

४. विद्यालयमा उच्च क्षमताको इन्टरनेटको व्यवस्था गरिनेछ।

५. विद्यालयमा विद्युत आपुर्ति साथै प्रिन्टर, प्रोजेक्टर, साउण्ड सिस्टम सेटको व्यवस्था गरिनेछ।

६. महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिनेछ।

७. शिक्षकलाई शिक्षण विधि एवं नवप्रवर्तन सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

८. विद्यार्थी संख्या तथा सञ्चालित कक्षाको आधारमा आवश्यक विषयगत शिक्षक व्यवस्था गरिनेछ।

९. विद्यार्थी संख्या तथा भौगोलिक क्षेत्रको आधारमा स्थानीय आवश्यकता आँकलन गरी विद्यालय समायोजन, दरबन्दी मिलान, पुनर्वितरण एवं विस्तार गरिनेछ।

१०. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ।

११. विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदै सिकाइको लागि मुल्यांकनका साथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ।

१२. विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।

१३. वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ।

१४. पेशागत विकासका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१५. विद्यालयको शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।

१६. शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइनेछ।

१७. विद्यालय प्र.अ.को छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय बनाउन निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरुका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ।

१८. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ। त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, सामाजिक परीक्षण, लेखापरीक्षण र विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइनेछ तथा विद्यालयको नियमित शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन त्रैमासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाईने छ।

१९. विद्यालय व्यवस्थापनका सरोकारवालाहरुमा व्यवस्थापकीय तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२०. विद्यालय तहका सबै बालबालिकाहरुको पुहँचमा सुधारको लागि भर्ना अभियान लाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा पालिकास्तरीय सञ्चालन गरिनेछ।

२१. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, झोला, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२२.विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाँउपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ।

२३.हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२४.प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम, २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ।

२५.प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ।

२६. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२७.विद्यालयमा प्राथमिक उपचारका सामग्रीको व्यवस्था गरिनेछ।

२८.सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ।

२९.सबै विद्यालयमा सेनिटरी प्याड तथा प्याड डिस्पोजल मेसिनको व्यवस्था गरिनेछ।

३०.प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना गरिनेछ।

३१.छोटो अवधिका प्राविधिक तथा सीपमुलक तालिमहरु सञ्चालन गरिनेछ।

३२.आधारभूत तहमा स्थानीय पाठ्यक्रममा आधारित सिकाई सहजिकरण पुस्तिका निर्माण गरिनेछ।

३३.अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ।

३४.निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी परिचालन गरिनेछ।

३५.निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ।

३६.दूर शिक्षाका लागि विकास गरिएका सामग्री स्थानीय रेडियोबाट प्रसारण गर्ने व्यवस्था मिलाईनेछ।

३७.संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल सिकाइ सहजीकरणको व्यवस्था मिलाईनेछ।

## २.६ अपेक्षित उपलब्धिहरु

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुनेछ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन् ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ ।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।
- सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरी माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ ।
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सुचकहरु र लक्ष्य निर्धारण

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **तह** | **सुचक** | **शैक्षिक वर्ष २०८१** | **शैक्षिक वर्ष २०८६** | **शैक्षिक वर्ष २०९२** |
| १.१ | **प्रारम्भिक बालविकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ८२.७ | ९० | ९६ |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६१.२ | ७० | ८७ |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ९० | ९८ | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८१.५ | ९५ | ९९ |
| २.१ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९७.५ | ९९ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १३६.७ | १२० | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९६.२ | ९८ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १३६.५ | ११५ | १०० |
| २.५ | | आधारभूत तह कक्षा ६-८ मा खुद भर्ना दर* (%) | ९१ | ९६ | १०० |
| २.६ | **आधारभूत तह** | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १२२.३ | ११२ | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४.२ | ९७ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १३१ | ११९ | १०० |
| २.९ | | आधारभूत तह (कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.१८ | १.०९ | १.० |
| २.१० | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८६.३ | ९५ | १०० |
| २.११ | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ८० | ९० | ९५ |
| २.१२ | | विद्यालय बाहिर रहेका बालबालिका कक्षा १-८ | ७ | ३ | १ |
| ३.१ | | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८३.३ | ९० | ९५ |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | १०६.७ | १०२ | १०० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३५.६ | ५५ | ७० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ५१.४ | ६५ | ८० |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५७.७ | ६९ | ८० |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ७७.१ | ८३ | ९५ |
| ३.७ | **माध्यमिक तह** | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ६८ | ८० | ९० |
| | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० पूरा गर्ने दर*(%) | ६० | ७२ | ८० |
| ३.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ५२ | ६५ | ८० |
| ३.९ | | कक्षा ९-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.३५ | १.२० | १.० |
| ७.० | **स्थानीय तहमा शिक्षाको बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | ३.४७ | १३ | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.१ | **छोड्ने दर** | आधारभूत तह (कक्षा१-८) | ३.२ | १.९ | १ |
| ८.२ | | माध्यमिक तह (कक्षा ९-१०) | ३.१ | १.५ | १ |
| ९.१ | **दोहोऱ्याउने दर** | आधारभूत तह (कक्षा १-८) | १७.१ | १० | ० |
| ९.२ | | माध्यमिक तह (कक्षा ९-१०) | ४.४ | २ | ० |
| १०.१ | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | २५ | ३५ | ४५ |
| १०.२ | | कक्षा ८ मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | ० | १० | २० |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

नेपालको संविधानको धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उदेश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर मेन्छयायेम  गाँउपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने  प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई सामान्य लेख पढ गराउने अक्षर तथा अङ्क चिनाउने कुरामा जोड दिनुका साथै बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गरी आधारभूत शिक्षाको लागि तयार गर्ने । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समायवधिमा सञ्चालन गर्ने प्रचलन भएपनि ४ वर्षको उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख गरिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख छ भने चार वर्ष भन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक , मानसिक , बौद्धिक , संवेगात्मक पक्षको विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उदेश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ ।

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने राष्ट्रिय राष्ट्रिय शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने  तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५ औं योजनाले  प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रुपमा लिई सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनीतिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने नीति लिइएको छ।

मेन्छयायेम  गाँउपालिकामा हाल २० वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्।  गाँउपालिकामा ० देखि ४ बर्ष सम्मका बालबालिका पुरूष २५२ जना र महिलाहरुको २११ जना गरी जम्मा संख्या ४६३ जना रहेको छ। जम्मा २११ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। जम्मा बालविकास केन्द्र २२ रहेका जसमध्ये २ वटा समुदायमा आधारित छन्। प्रारम्भिक बाल विकास सहजकर्ता २२ जना रहेका छन्। यसरी हेर्दा शिक्षक विद्यार्थी अनुपात १:१० रहेको छ। कक्षा १ मा प्रारम्भिक बालविकास शिक्षा अनुभव सहितको भर्ना दर ८१.५ प्रतिशत रहेको छ।  प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर ६१.२ प्रतिशत, कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर १३६.७ प्रतिशत रहेको छ।

प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उदेश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि पुर्वतयारी पार्नु हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सीपको विकास रहेको  छ।

### ३.१.२ उदेश्य

सबै ५ बर्ष मुनिका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गरी विद्यालयमा आउने बानीको विकासका साथै सकारात्मक बानी र सामान्य लेखपढ गर्न सक्ने बनाउनु प्रारम्भिक बालविकास केन्द्रको प्रमुख उदेश्य हुनेछ।
यस गाँउपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उदेश्य हुने छन् :

- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु।

- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँचमा  वृद्धि गर्नु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
- सबै प्रारम्भिक बालविकास केन्द्रमा आधुनिक शैक्षणिक प्रविधिको प्रयोग गराउनु ।
- प्रारम्भिक बालकक्षाकोठा बालमैत्री सिकाइ वातावरण बनाउनु।
- अपाङ्ग बालबालिकाहरुलाई बालशिक्षाको पहुँचमा ल्याउनु ।
- समय समयमा बालविकास सहजकर्तालाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नु ।
- सम्बन्धित निकायबाट अनुगमनको व्यवस्था गर्नु ।
- प्राथमिक उपचारको व्यवस्था गर्नु ।
- उत्कृष्ट बाल सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्नु ।

### ३.१.३ रणनीति

यस गाँउपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याउने छ :

- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरु विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
- सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गर्नु ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाइने  साथै अभिभावक सचेतना कार्यक्रमलाई जोड दिइने छ ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्थापन र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
- सबै सामुदायिक विद्यालयमा माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई दिवा खाजामा पोषणयुक्त खानेकुराको व्यवस्था गरिनेछ ।
- बालबालिकालाई स्तरअनुसारको झोला, स्टेसनरी तथा अतिरिक्त एक सेट कपडा सहित प्रारम्भिक बालविकास केन्द्रमा उपस्थित गराउन विद्यालय तथा अभिभावकलाई जिम्मेवार बनाइनेछ ।
- बालविकास सहजकर्ताहरुको क्षमता विकास सँगै प्रोत्साहनका गतिविधिहरु सञ्चालन गरिनेछ ।

- प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका, २०६७ पहिलो संशोधन २०७५ बमोजिम प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बालकक्षाकोठाका भित्तामा भित्तेलेखन गर्न साथै आँखालाई असर नपर्ने रङको प्रयोग गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताहरुको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ।
- विद्यार्थी संख्याको आधारमा सहयोगी कार्यकर्ता थप गरिनेछ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै लगिनेछ।
- प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताको लागि बालबालिकाको परिवार , विद्यालय , सहयोगी कार्यकर्ता , विद्यालय प्रधानाध्यापकलाई पहिलो जिम्मेवार बनाइनेछ।
- बालबालिकाको सरसफाइ, शिक्षा तथा स्वास्थ्य परीक्षण सम्बन्धी अभिभावक सचेतना कार्यक्रम वर्षमा न्युनतम १ पटक गराइनेछ।
- प्रत्येक प्रारम्भिक बालविकास केन्द्रमा १ जना बाल सहजकर्ताको व्यवस्था गरिनेछ ।शैक्षिक योग्यता न्युनतम कक्षा १२ बनाइदै लगिनेछ।
- प्रयाप्त बाल सामग्री सहितको बालमैत्री कक्षा व्यवस्थापन गरी बालबालिकाको सिकाइमा पहुँच वृद्धि गरिनेछ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित उपलब्धिका आधारमा पुरस्कारको व्यवस्था गरिनेछ।
- बालविकास केन्द्रको नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिनेछ।
- बालविकास सहजकर्ताको क्षमता विकास तथा समस्यामा आधारित तालिम सञ्चालन गरिनेछ।
- उत्कृष्ट बालसहजकर्तालाई पुरस्कारको व्यवस्था गरिनेछ।
- प्राथमिक उपचारको लागि बाकस सहितको उपचारको व्यवस्था गरिनेछ।

### ३.१.४ उपलब्धि तथा प्रमुख नतिजाहरु

**उपलब्धि**

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन भएका हुनेछन्।
- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई ल्याउन पुऱ्याउन अभिभावक तथा विद्यालय जिम्मेवार भएका हुनेछन्।
- बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था भएको हुनेछ।

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार भएको हुनेछ।
- प्रारम्भिक बालविकास केन्द्रहरु प्रारम्भिक बालविकास सम्बन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन २०७५) अनुसार मापदण्ड पूरा भएका हुनेछन्।
- सबै प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरु मण्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन्।

| **क्र. सं.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | |
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | २११ | २११ | २५० | २७५ | ३०० | ३२५ | ३५० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ५ | ५ | ७ | १० | १३ | १५ | २२ |
| ३ | शिशु स्याहार केन्द्रको स्थापना / सञ्चालन | ० | ० | ० | ० | ० | ० | |

## ३.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ बर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो (५ बर्ष) | भौतिक लक्ष्य (१० बर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | समय | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय/ शिक्षा शाखा |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु सहयोग गर्ने। | समय | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास केन्द्रको व्यवस्था गर्ने | वटा | ० | ० | ० | ० | ० | १ | १ | स्थानीय तह/प्रदेश |
| ५ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | पटक | ० | १ | ० | १ | ० | २ | ४ | स्थानीय तह |
| ६ | प्रत्येक वडामा एक नमुना बालविकास केन्द्र विकास गर्ने | वटा | ० | १ | १ | ० | १ | ३ | ६ | स्थानीय तह |
| ७ | बालविकास केन्द्रलाई अपाङ्गमैत्री बनाउने | संख्या | ० | २ | २ | २ | २ | ८ | १६ | स्थानीय तह |
| ८ | अनुगमन तथा समीक्षा बैठक त्रैमासिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह/ शिक्षा शाखा |
| ९ | प्राथमिक उपचारको औषधि तथा बाकस सहितको | वटा | ४ | ४ | ४ | ४ | ६ | २२ | २२ | स्थानीय तह शिक्षा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था | | | | | | | | शाखा |
| १० | बाल सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने। | जना | ० | २ | २ | २ | २ | ८ | १६ | स्थानीय तह शिक्षा शाखा |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपाल सरकारले आधारभूत तहको शिक्षालाई शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनि परिभाषित गरिएको छ। आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको उमेर समूह ४ वर्ष देखि १३ वर्ष सम्म रहेको छ। विद्यालयहरुमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पूनसंरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रुपमा परिभाषित गरिएको छ । प्राथमिक र निम्नमाध्यमिक तहलाई एकीकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तरगत राखिएको छ। आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरीबी हटाउन जोड दिनुका साथै व्यक्तिको जीवनस्तर उकास्नमा टेवा पुऱ्याउन सक्ने भएकोले समाज र राष्ट्रलाई अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरुले देखाएका छन्। आधारभूत तहको शिक्षा अध्ययन पश्चात् यसको महत्वलाई दृष्टिगत गर्दै यसलाई गुणस्तरीय, योजनाबद्ध रुपमा व्यवस्थित गर्नका लागि मेन्छयायेम गाँउपालिकाले यस १० वर्षे योजनामा आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षामा पहुँच गुणस्तर, बालमैत्री र प्रविधिमैत्री तथा व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समिक्षा गर्दै यसमा देखिएका चुनौतीहरु पहिचान गरी आगामी १० वर्षका लागि आधारभूत तहको शिक्षा विकासका लक्ष्य, उदेश्यहरु,रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरु उल्लेख गरिएको छ।

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिएको छ भने संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि समेटिएको छ। संविधानमा उल्लेख भएका प्रावधानहरुले सम्पूर्ण बालबालिकाहरुलाई बालमैत्री,गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरु जिम्मेवार रहनुपर्ने प्रावधान रहेको छ।

### ३.२.२ वर्तमान अवस्था

मेन्छयायेम गाँउपालिका भित्र कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरु जम्मा १० वटा र कक्षा १ देखि कक्षा ८ सम्म जम्मा ६ वटा विद्यालयहरु रहेका छन्। शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको संख्या ३२१ जना र छात्रको संख्या ३४१ जना गरी जम्मा ६६२ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको संख्या १९६ र छात्रको संख्या १६८ गरी कूल विद्यार्थीको संख्या ३६४ जना रहेको छ। कक्षा ८

सम्मको टिकाउदर ८२.७ कक्षा ८ सम्मको तह पुरा गर्ने दर ८० प्रतिशत रहेको छ । सञ्चालन भएका प्रस्तावित विद्यालयमा हालसम्म स्वीकृत दरबन्दी नभएकोले कक्षा सञ्चालनमा ठूलो अवरोध सिर्जना भएको छ जसको कारणले

गर्दा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा समस्या देखिएको छ । आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित , जनजातिहरु, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरुको पहुँच अन्यको तुलनामा कम रहेको छ ।

## ३.२.३ उदेश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धि निम्नलिखित उदेश्यहरु राखेको छ:

- अनिवार्य तथा निः शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुंच र सहभागिता सुनिश्चितता गर्नु ।
- सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने व्यवस्था सुनिश्चितता गर्नु ।
- विद्यार्थीहरुको औषत सिकाइ उपलब्धिलाई राष्ट्रिय मापदण्ड अनुसार बनाउनु ।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपांगमैत्री, सुरक्षित विद्यालय बनाउनु
- सिकाइलाई प्रविधिमैत्री बनाउनु ।

## ३.२.४ रणनीति

यस योजनाका उदेश्यहरु हासिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ ।

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहमा आवश्यक निति, नियम र कानुन तर्जुमा गरी आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विद्यालयमा ICT सामग्रीको व्यवस्थापन गरी शिक्षकलाई प्रविधि सम्बन्धि तालिम प्रदान गर्दै शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने ।
- विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चितता गर्न भर्ना अभियान सञ्चालन गर्ने।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा प्रयोग गर्दै विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने
- विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता, सुनिश्चितता तथा सुधारका क्षेत्र पहिचान गर्ने ।
- कक्षा ६–८ मा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्दै आर्थिक स्रोतको व्यवस्थापन गर्न स्थानीय सरकार मार्फत संघीय सरकारसँग पहल गर्ने ।
- विद्यालयका सरोकारवालाहरुलाई विद्यालयप्रतिको अपनत्व भावना जागृत गराउन क्षमता विकास गर्न तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने ।
- बालकक्षादेखि ५ कक्षासम्म स्थानीय स्तरमा उपलव्ध पौष्टिक तथा स्वस्थकर दिवा खाजा खुवाउन आवश्यक प्रबन्ध मिलाउने ।
- विद्यालय शिक्षालाई विभिन्न प्रकोप , महामारी ,संकट लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

- हरेक विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकासको व्यवस्थापन गर्ने । कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सीप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिनेछ ।

## ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

***उपलब्धि***

अनिवार्य तथा  निःशूल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि र सहभागितामा सुनिश्चितता हुने ।

प्राविधिक र व्यावसायिक शिक्षाको माध्यमबाट ज्ञान, सीप र क्षमतामा आधारित रोजगारमूलक, उत्पादनशिल, जीवनोपयोगी, गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने ।

***प्रमुख नतिजाहरु***

- विद्यालय शिक्षालाई विभिन्न महामारी, रोग, प्रकोप, संकट लगायतका परिस्थितिप्रति सचेत बनाइएको हुने ।
- सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न अपुग भएका शिक्षक दरबन्दीलाई पूर्नवितरण तथा नयाँ दरबन्दीको व्यवस्थापन भएको हुने ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन ICT ल्याव व्यवस्थापन गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिएको हुने ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम भएको हुने ।
- सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा सहभागि गराइएको हुने ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षाको प्रवाह सँगै शैक्षिक सुशासन  कायम भएको हुने ।
- विद्यालयहरुमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्थाबाट स्वास्थ्य अवस्थामा सुधार हुनुका साथै विद्यालय आउने वातावरण सिर्जना भएको हुने ।
- सबै शिक्षकहरू अध्यापन अनुमति पत्र प्राप्त तालिम र प्रविधिमा दक्ष भएका हुने ।
- आर्थिक पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित भएको हुने ।
- वर्षमा एक पटक सबै बालबालिकाहरुको स्वास्थ्य परीक्षण भएको हुनेछ ।
- शिक्षक तथा कर्मचारीको नियमितता तथा कक्षामा पुरा समय शिक्षणसिकाइ क्रियाकलापमा बिताएको हुने ।
- विद्यार्थी केन्द्रित शिक्षण विधिहरुको प्रयोग भएको हुने ।

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २ | २ | १ | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ६६२/६७ | ६६२/६७ | ६८०/६८ | ७००/६९ | ७२०/७० | ७४०/७१ |
| ३ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ३६४/२० | ३६४/२० | ४००/२१ | ४२०/२३ | ४४०/२४ | ३६०/२५ |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ |

**३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | निरन्तर | | | | | | | | विद्यालय, स्थानीय तह |
| २ | स्थानीय पाठ्यक्रममा आधारित सिकाइ सहजिकरण पुस्तिका (कक्षा १ देखि ८ सम्म) | आवश्यकता अनुसार | | | | | | | | शिक्षा शाखा |
| ३ | वि.व्य.स तथा शि.अ.सं. तथा सरोकारवाला हरुलाई क्षमता विकास तालिम | समय | १ | १ | १ | १ | १ | ५ | | शिक्षा शाखा |
| ४ | प्रविधिमैत्री शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आधारभूत तहमा (कक्षा ६–८) शिक्षक व्यवस्थापन | आवश्यकता अनुसार | | | | | | | | स्थानीय तह |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ , स्थानीय तह |
| ७ | विद्यालयमा नक्साङ्कन, पूनर्वितरण र समायोजन | पटक | - | ० | १ | ० | ० | १ | | शिक्षा शाखा |
| ८ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | आवश्यकता अनुसार | | | | | | | | स्थानीय तह |
| ९ | आर्थिक रूपमा विपन्नका लागि न्यानो कपडा, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | - | १ | १ | १ | १ | ४ | | संघ,प्रदेश र स्थानीय तह |
| १० | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास | संख्या | - | २ | ३ | ३ | ३ | ११ | | संघर प्रदेश र स्थानीय तह |
| ११ | विद्यालय शिक्षालाई महामारी रोग,प्रकोप, संकट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | - | - | - | - | १ | १ | | संघ, प्रदेश र स्थानीय तह |
| १२ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | - | १ | १ | १ | १ | ४ | | संघ, प्रदेश र स्थानीय तह |
| १३ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | निरन्तर | | | | | | | | स्थानीय तह, शिक्षा शाखा |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | जना | - | २ | ३ | २ | २ | ९ | | संघ, प्रदेश र स्थानीय तह |
| १५ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि | प्रतिशत | १००% | १००% | १००% | १००% | १००% | १००% | | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी पाठ्यपुस्तक | | | | | | | | | |
| १६ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | प्रतिशत | - | २०% | २०% | २०% | २०% | २०% | | स्थानीय तह, शिक्षा शाखा |
| १७ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | प्रतिशत | - | ५०% | ५०% | ५०% | ५०% | ५०% | | स्थानीय तह, शिक्षा शाखा |
| १८ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | | | | | | | | स्थानीय तह, शिक्षा शाखा |
| १९ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | निरन्तर | | | | | | | | स्थानीय तह, शिक्षा शाखा |

## ३.३ माध्यमिक शिक्षा

### ३.३ .१ परिचय

नेपालको संविधानले माध्यमिक तहको शिक्षा पूर्ण रुपमा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । यो शिक्षा अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकहरुलाई माध्यमिक शिक्षा प्रदान गर्ने पूर्ण दायित्व राज्यको हुने उल्लेख गरिएको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने व्यवस्था रहेको दखिन्छ भने अर्को तर्फ संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार क्षेत्र भित्र रहने व्यवस्था रहेको छ । संविधानका उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय र नि:शुल्क शिक्षा सुनिश्चत गर्ने एकल तथा साझा अधिकारका रुपमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश छ । शिक्षा ऐन, २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा लिएको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकालाई कक्षा १-८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरीसकेपछि सिकारुको रुचि, आवश्यकता, क्षमता आधारमा माध्यमिक तहमा परम्परागत, प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नु पर्छ । यो तहको शिक्षालाई व्यवसायिक, गुणस्तरीय, रोजगारमूलक, सीपमूलक,जीवनोपयोगी, उत्पादनमूलक बनाउनु पर्दछ । आधारभूत तहमा प्राप्त गरेको भाषिक तथा गणितीय सीपको उपयोग गरी आफ्नो रुचि, आवश्यकता , क्षमता तथा दक्षताको आधारमा सिकाइरुले साधारण शिक्षाको लक्ष्य लिई विभिन्न विषय र क्षेत्रमा प्राविधिक तथा व्यवसायिक सीप हासिल गरी भविष्यमा आयआर्जनको मार्ग सुनिश्चित गर्ने भन्ने उदेश्य माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ । यस मेन्छयायेम गाँउपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, रोजगारमूलक, नि:शुल्क, बालमैत्री, प्रविधिमैत्री र समावेशी गराउने लक्ष्य लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

मेन्छयायेम गाँउपालिकाभित्र हाल जम्मा ४ वटा माध्यमिक विद्यालयहरु सञ्चालित छ । शैक्षिक वर्ष २०८१ मा यस गाँउपालिकाको माध्यमिक तह कक्षा ९ र १० मा जम्मा विद्यार्थी १९३ जना रहेका छन् जसमा छात्रा १०५ र छात्र ८८ रहेका छन् । भने कक्षा ११ र १२ मा जम्मा विद्यार्थी १०७ जना रहेका छन् । जसमा छात्रा ६८ जना र छात्र ३९ जना रहेका छन् । शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् ।

### ३.३.३. उदेश्यहरु

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु ।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
- माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
- माध्यमिक तहका शिक्षकहरुलाई पेशागत क्षमता विकास गरी शिक्षण सिकाइ गुणस्तरीय बनाउनु ।
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको व्यवस्था गर्नु ।
- माध्यमिक तहमा शिक्षण सिकाइलाई प्रविधि मैत्री बनाउनु ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.४ रणनीतिहरु

योजनाका उदेश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण,समायोजन तथा स्थापना गरिनेछ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ।
- माध्यमिक तह सञ्चालित प्रस्तावित विद्यालयहरुमा विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ।
- प्रत्येक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुदृढ गरिनेछ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
- यस पालिकाभित्र रहेका कम्तिमा १ वटा माध्यमिक विद्यालयहरुमा कक्षा ९-१२ मा प्राविधिक धारको शिक्षा व्यवस्थापन गर्न पूर्वाधार विकास गरिनेछ।
- कम्तिमा १ वटा माध्यमिक विद्यालयमा ११-१२ कक्षामा विज्ञान विषय अध्ययनका लागि भौतिक पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।
- आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गरिनेछ।
- माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक विषयको व्यवस्था गरिनेछ।
- स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरी विद्यालय शिक्षालाई दैवि प्रकोप, संकट, महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- माध्यमिक विद्यालय शिक्षादेखि नै विज्ञान प्रविधि, ईन्जिनियरिङ, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिनेछ।

### ३.३.५. प्रमुख उपलब्धि तथा नतिजा

***उपलब्धि***

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।
- सबै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेको हुने।

**नतिजा**

- माध्यमिक शिक्षा पूरा गर्न सिकारुले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।
- माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक धारको शिक्षा व्यवस्थित र विस्तारित भएको हुने।
- विद्यालयको प्रशासनिक काम गर्न योग्य र सक्षम प्र.अ. को व्यवस्था हुने।
- विद्यालय शिक्षामा प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।

- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर वृद्धिका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा परिमार्जन, लगनशिल र उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, उचित सिकाइ तथा शिक्षण वातावरणको निर्माण भएको हुने।
- सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गराई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी आउने।
- सबै माध्यमिक विद्यालयहरुमा विषयगत विद्यार्थी शिक्षक अनुपात व्यवस्थित ढंगले वितरण गरिएको हुने।

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १९४ | १९४ | २०० | २२० | २४० | २६० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १०७ | १०७ | ११५ | १२५ | १३५ | १४५ |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | १ | १ | १ | - | १ | १ |

## ३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि तयारी | पटक | ० | ० | ० | १ | ० | ० | १ | |
| २ | विद्यालयमा सेवाक्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवाक्षेत्र एकिन गरी नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | १ | ० | ० | ० | १ | २ | |
| ५ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | संख्या | ० | ० | १ | ० | ० | १ | २ | |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय,घेराबारा,खानेपानीको व्यवस्था गर्ने | वटा | २ | २ | ३ | ३ | ३ | ७ | २० | |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | ० | ० | ० | १ | १ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकासको लागि शिक्षक कर्मचारी डिजिटल | संख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | |
| ९ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गरी स्थानीय पाठ्यक्रम,पाठ्यपुस्तक र सिकाइ सामाग्री विकास गर्ने कार्यलाई निरन्तर अद्यावधिक गर्ने । | निरन्तर | | | | | | | |
| १० | क्षमता र योग्यतामा आधारित प्र.अ. व्यवस्थापन | वटा | २ | ५ | ५ | ४ | ४ | ० | २० | |
| ११ | विद्यालय शिक्षालाई महामारी, रोग,प्रकोप, संकट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | अपाङ्गता भएका तथा आर्थिक रुपमा विपन्न विद्यार्थीलाई आर्थिक सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको नतिजा विश्लेषण तथा सिकाइ उपलब्धि परीक्षण। | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | निरन्तर | | | | | | | | |
| १६ | शिक्षक प्र. अ. वि.व्य.स., शि.अ.स.तथा अभिभावकको क्षमता | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास र अभिमुखीकरण तालिम | | | | | | | | | |
| १७ | प्राविधिक धारका विद्यालय स्थापना र संञ्चालन | संख्या | - | - | - | - | - | १ | १ | |
| १८ | शैक्षिक अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | अतिरिक्त/सह-क्रियाकलाप सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २० | विद्यालयगत अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | ICT ल्याव स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | पुस्तकालय स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.४. प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोहि निर्णयानुसार २०७० सालदेखि कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरुमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो । यस अन्तरगत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ वालिविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक ,व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । मूलुकको भौतिक, शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ तसर्थ यस गाउँपालिका अन्तरगत

रहेको हालसम्म यस  गाँउपालिकाभित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन । यसको मुख्य कारण प्राविधिक दक्ष जनशत्तिको अभाव तथा व्यवस्थित र सुविधा जनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । तथापि विश्वबजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ ।

### ३.४.३ उदेश्य

- प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापना गर्न संस्थागत क्षमता विकास तथा सुदृढिकरण गर्ने ।
- प्राविधिक तथा व्यवसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्ने ।
- शिक्षालाई प्राविधिक तथा रोजगारमुलक रुपमा प्रदान गरी व्यवसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्ने ।

### ३.४.४ रणनीतिहरु

- यस गा.पा. भित्र कम्तिमा १ वटा प्राविधिक तथा व्यवसायिक धारको माध्यमिक विद्यालय सञ्चालन गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- यस गा.पा. भित्र कम्तिमा १ वटा प्राविधिक तथा व्यवसायिक धारको माध्यमिक विद्यालय सञ्चालन गर्न सम्वन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यवसायिक  शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गर्ने ।
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने ।
- दक्ष तथा रोजगारउन्मुख जनशक्ति तयार भएको हुने ।
- आत्मनिर्भर जनशक्ति उत्पादन हुने ।

**नतिजा**

- सुरक्षित र सुचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक  शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
- यस गाँउपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढीकरण भएको हुने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर लाभग्राहीहरुले आफ्नै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने ।

- स्वावलम्बी तथा आत्मनिर्भर उन्मुख जनशक्ति उत्पादन हुनेछ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १९४ | १९४ | २०० | २०५ | २०७ | २१० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १०७ | १०७ | ११० | ११२ | ११३ | ११५ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | ० | ० | १० | १५ | २० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ |

## ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

### प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | प्राविधिक तथा व्यवसायिक सम्बन्धन र | पटक | ० | ० | ० | ० | ० | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमति | | | | | | | | | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | संख्या | ० | ० | ० | ० | ० | १ | १ | |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | संख्या | ० | ० | ० | ० | ० | १ | १ | |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | संख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नती गर्न | संख्या | ० | ० | ० | ० | ० | ० | ० | |

## ३.५ अनौपचारिक तथा निरन्तर शिक्षा

### ३.५.१ परिचय

शिक्षा कोक्रोबाट शुरु भएर चिहानमा पुगेर अन्त्य हुन्छ। कुनै पनि मानिस जन्मिए पछि नमरुन्जेल सम्म अनौपचारिक, अनियमित हुदै औपचारिक प्रक्रियाबाट जिवन जगत र वातावरणसँग समयानुकुल विभिन्न अनुभवहरु हासिल गरी नयाँ नयाँ ज्ञानसीप सिकिरहेको हुन्छ। निश्चित उमेर समुहले समयको परिधि भित्र रहि निश्चित विषयवस्तु र निश्चित स्थानमा लिएको औपचारिक ज्ञान सीपलाई मात्र सिकाइ मान्ने हाम्रो चलन रहेको छ। तर मानिसले हर समय केहि न केहि कुरा सिकिरहेको हुन्छ र मानिस जीवन भर नयाँ नयाँ ज्ञान सीपको खोजीमा रहन्छ। यसरी जीवन भरको सक्रियतापुर्ण सिकाइलाई व्यवहारिक बनाउनको लागि समृद्ध र सभ्य समाजको निर्माणका लागि अनौपचारिक तथा निरन्तर सिकाइ आवश्यक छ। विविध कारणले औपचारिक शिक्षाको मुल प्रवाहबाट वञ्चित भइका मानिसलाई जीवनपर्यन्त सिकाइका

लागि मेन्छयायेम गाँउपालिकाले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइलाई गाँउ शिक्षा योजना २०८२-२०९१ मा प्राथमिकतामा राखेको छ। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननि हो तसर्थ जीवन उपयोगी ज्ञान र सीप हासिल गर्नको लागि  औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ । निश्चित समय सिमा भित्र सिकेका ज्ञानले मानिसको जिवनलाई सार्थक बनाउन सक्दैन । समुदायमा बसोबास गरेका विभिन्न उमेर, योग्यता, क्षमता भएका हरेक अन्तरनिहित प्रतिभाहरुको माध्यमबाट समेत अनौपचारिक शिक्षा हासिल गर्न सकिन्छ र उक्त शिक्षा हासिलका लागि राज्यले नै लगानी गरेको हुन्छ ।

### ३.५.२ वर्तमान अवस्था

मेन्छयायेम गाउँपालिका भित्र रहेका अनौपचारिक शिक्षा तथा विगतका समयमा नै प्रौढ शिक्षा सञ्चालन भएको साथै यस पालिका भित्र २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाइका बारेमा कार्य गर्दै आएका छन् ।

### ३.५.३ उदेश्य

- साक्षर मेन्छयायेम गाउँपालिका घोषणा कार्यक्रमलाई दिगो र स्थायित्व कायम गर्न निरन्तर सिकाइ र स्थानीय सरकारले लगानी सुनिश्चित गर्ने
- सबै नागरिकलाई समावेशी र समतामुलक साक्षरता र निरन्तर सिकाइको अवसर सिर्जना गर्ने
- औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पुर्ण  नागरिकका लागि जिवन पर्यन्त शिक्षा सुनिश्चित गर्ने
- शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई  खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने
- अनौपचारिक तथा निरन्तर सिकाइको माध्यमबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्ने
- मेन्छयायेम गाउँपालिका भित्रका सम्पुर्ण उमेर समुह अनुसारका नागरिकलाई कार्यमुलक साक्षरता अभिवृद्धि गराई पढ्ने बानीको विकास गर्ने
- औपचारिक रुपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिको लागि व्यवहारिक र सीपमुलक शिक्षा प्रदान गरी मर्यादित जीवनयापन गर्न सक्षम नागरिक बनाउने
- औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षा बिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको सक्षमता (equivalency), गतिशिलता (mobility), पारगम्यता  (permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्ने
- सामुदायिक अध्ययन केन्द्रको स्थापना विकास र विस्तार गर्ने
- विज्ञ समुह निर्माण गरी अनौपचारिक तथा निरन्तर सिकाइ र सिकाइ संस्कृतिको अवधारणा पत्र तयार पार्ने ।

### ३.५.४ रणनीति

- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमुलक सामाग्रीको लेखन

- रेडियो, टेलिभिजन, भर्चुअल नेटवर्क, मोवाईल एप्लिकेशन तथा अन्य विद्युतीय सामाग्रीको माध्यमबाट सिकाइलाई दिगो बनाउन साक्षरता तथा जीवनोपयोगी र सीपमुलक कार्यक्रम उत्पादन गरी दुर शिक्षा तथा घुम्ति शिक्षा सञ्चालन तथा प्रशारण
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक लगायत अन्य साझेदारहरु परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन
- पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र, विद्युतीय पुस्तकालय, सामुदायिक वाचन केन्द्रको स्थापना तथा स्तरीकरण गरी सिकाइ स्रोत केन्द्रको रुपमा विकास
- मौलिक एवं परम्परागत ज्ञान सीपको पहिचान, संरक्षण, संबर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन
- राष्ट्रिय योग्यता अनुरुपको औपचारिक, अनौपचारिक, अतिरिक्त शिक्षा बिच सक्षमता कायम गराउन मापदण्डको विकास
- सिकारुको आवश्यकता अनुसारका डिजिटल सामग्रीको विकास
- उमेर अनुसारको विविध सीपमुलक तालिम तथा गोष्ठी सञ्चालन।

### ३.५.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

- सम्पुर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरुका लागि समयानुकुलको अनौपचारिक तथा निरन्तर सिकाइ र जिवनपर्यन्त जिवनोपयोगी र सीपमुलक सिकाइको अवसर प्राप्त हुने।

#### नतिजा

- साक्षर मेन्छयायेम गाउँपालिका घोषणा कार्यक्रमलाई दिगो र स्थायित्व कायम गर्न निरन्तर सिकाइ र स्थानीय सरकारको लगानी सुनिश्चित हुने
- लक्षित वर्ग तथा समुदायमा सिकाइको अवसर सिर्जना हुने
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने
- सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने
- विज्ञ समुहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयार हुने
- जिवनोपयोगी र सीप मुलक सिकाइका लागि पाठ्यक्रम तथा पाठ्य सामाग्री तयार हुने
- उत्पादनशील र प्रतिस्पर्धी जनशक्तिको निर्माण हुने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य ५ वर्ष | भौतिक लक्ष्य वर्ष १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षरहरुको विवरण सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | साक्षर पालिका घोषणा कार्यक्रमलाई दिगो र स्थायित्व कायम | वडागत | निरन्तर रुपमा कार्यक्रम सञ्चालन गर्ने | | | | | | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन | वडागत | | | १ | | १ | २ | | |
| ४ | पुस्तकालय तथा सामुदायिक वाचन केन्द्र सञ्चालन | वडागत | | | | १ | | १ | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रमा प्रविधिको विकास | संख्या | | | | | २ | २ | | |
| ६ | सिकाइ केन्द्रको अन्य संघ संस्थासँग सहकार्य | पटक | | | | | १ | १ | | |
| ७ | सिकाइ सामाग्रीको विकास | पटक | | | | १ | | १ | | |
| ८ | विज्ञ समुहको निर्माण | पटक | | | | १ | | १ | | |
| ९ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | संख्या | | निरन्तर | | | | | | |
| १० | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | ४ | | |
| ११ | साक्षरता र निरन्तर शिक्षामा सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | | |
| १२ | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | | | | | | | | |
| १ | सामुदायिक सिकाइ | संख्या | | | | १ | १ | २ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री व्यवस्थापन | | | | | | | | | |
| १४ | प्रत्येक स्थानीय तहमा एउटा तथा स्थानीय मागका आधारमा वडाहरूमा सामुदायिक सिकाइ केन्द्र स्थापना/ अध्यावधिक गर्ने | संख्या | | | | १ | १ | २ | | |
| १५ | आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने | पटक | | | | | १ | १ | | |

## परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

मानिसको जीवनयापनका क्रममा आवश्यक पर्ने आधारभूत, अनिवार्य तथा ऐच्छिक आवश्यकता पुरा गर्न, समस्याहरुलाई समाधान गर्न, बाधा अवरोधहरु हटाउन, जीवनस्तरलाई समयानुकुल बनाउन आवश्यक पर्ने विभिन्न किसिमका ज्ञान, सीप, दक्षता र क्षमताको विकास गर्न निर्माण गरिने व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमको क्षेत्र अत्यन्तै व्यापक हुने हुदा समग्रमा यो एक मार्गदर्शन हो । शिक्षा पद्धतिलाई मार्गदर्शन  गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम निर्माणका आधारका रुपमा सामाजिक शक्तिहरु, ज्ञानको प्रयोग, मानव वृद्धि र विकास, सिकाइ प्रकृया र प्रविधिलाई लिने गरिन्छ । पाठ्यक्रमले मानव जीवनका समस्या तथा संकटलाई दुर गर्न र नयाँ वातावरणमा समायोजन हुनको लागि योग्य बनाउन प्रयत्न गर्दछ। यसले मानवीय मूल्य मान्यता, शैक्षिक तथा सामाजिक जीवन दर्शन, समकालिन समाजका वास्तविकताहरु सिकाइका प्रकृया तथा विषय वस्तुहरु, पाठ्रयसामाग्रीहरु, विधि, पद्धति, क्रियाकलाप तथा मूल्याङकनका प्रकृयाहरुलाई समेत समेटेर बालबालिका तथा सिकारुका आवश्यतालाई निदान गर्ने गरी योजनाको विस्तृत स्वरुपलाई समेट्ने कार्य गर्दछ । त्यसैले पाठ्रयक्रमलाई एक बृहत दस्तावेजको रुपमा लिइन्छ । पाठयक्रमको विकास र कार्यान्वयन प्रविधिक कार्य भएकाले यसको उचित किसिमको प्रयोगले मात्र व्यक्ति समाज र राष्ट्रको आवश्यकता र पाठ्रयक्रमको उदेश्यहरु पूरा हुन सक्छ । पाठ्यक्रमको निर्माण तथा दस्तावेजीकरण गर्दा सामाजिक मूल्यमान्यता र व्यवहारलाई सान्दर्भिताका आधारमा आत्मसात गर्न विभेद रहित, समतामुलक र समावेशी दृष्टिकोण अनुसार व्यवहार गर्न, आफ्नो र अरुको कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न, व्यवहारको विकास गराउने किसिम बाट अघि बढ्न पर्दछ । त्यसैगरी पाठ्यक्रमले व्यक्ति, समाज र राष्ट्रको आवश्यकता सुहाउँदो ज्ञान, सीप प्रदान गरेमा यसको कार्यान्वयन सहज र प्रभावकारितामा वृद्धि हुन जान्छ समन्वय र सहकार्यको विकास हुन्छ । पाठ्यक्रमले राष्ट्रिय, तहगत, कक्षागत उदेश्यहरु अनुसार कुनै कक्षामा के कस्ता विषयवस्तुहरु सिकाउने कुरा मात्र नभइ के कसरी सिकाउने हो र सिकेका कुरालाई के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा समेतको खाका निर्दिष्ट गर्नु पर्दछ ।

#### ४.१.१ वर्तमान अवस्था

यस गाँउपालिकामा हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमको प्रयोग गर्दै आएको छ । त्यही पाठ्यक्रमको स्थानीय पाठ्यक्रम अंश अन्तर्गत स्थानीय भाषा, धर्म, संस्कृति, परम्पराका साथै सामाजिक, आर्थिक, ऐतिहासिक जस्ता विषयवस्तुहरु समेटेर स्थानीय पाठ्यक्रम तयार गरी कक्षा-१ देखि कक्षा-८ सम्म कार्यान्वयनमा ल्याइसकेको छ । स्थानीय विषयले बालबालिकाहरुलाई आफ्नो परिवेशको बारेमा ज्ञान तथा सीप प्रदान गरी उनीहरु भित्र रहेका अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न मद्दत पुऱ्याउनुका साथै यो गाउँपालिकाको ऐतिहासिकता र समग्रता झल्काउन सहयोग गर्नेछ । आधारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नतीको निति अनुसार मूल्याङ्कन र कक्षा ४-८ मा ५० प्रतिशत निर्माणात्मक ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ ।

### ४.१.२ उदेश्य

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धि निम्नलिखित उदेश्यहरु राखिएको छ:

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- सिकारुका सिकाइ समस्या समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धितको व्यवस्था गर्नु।

### ४.१.३ रणनीति

उदेश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

- स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय, प्रभावकारी बनाइ समृद्ध गाँउपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनेछ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाईनेछ।
- स्थानीय पाठ्यक्रम मार्फत विपत् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन जस्ता विषयवस्तु समावेश गरी महामारी तथा संकट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षाहरुदेखि नै बालबालिकाहरुलाई सक्षम बनाउँदै लगिनेछ।
- स्थानीय पाठ्यक्रममा भएको गाँउपालिकाको धार्मिक, ऐतिहासिक,सांस्कृतिक,पर्यटकीय,सामाजिक अवस्थाका बारेमा साना कक्षाहरुबाट नै व्यवस्थित गरिनेछ।
- यस गाँउपालिका भित्रका विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधारको विकास र त्यसको उचित प्रयोग गरिनेछ।
- शिक्षण सिकाइलाई बालकेन्द्रित, लैगिंकमैत्री, अपांगमैत्री बनाई सहभागितामूलक, अन्तरक्रियात्मक, समस्यासमाधान केन्द्रित शिक्षणविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- यस पालिकाभित्रका सबै विद्यालयमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सन्दर्भ सामाग्री र स्वअध्ययन सामग्रीका उपलब्धतालाई सर्वसुलभ बनाइनेछ।
- विभिन्न महामारी, दैवी प्रकोप तथा संकटका समयमा वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइको शैक्षिक क्षतिलाई न्यूनीकरण गरिनेछ।
- परीक्षा प्रणालीलाई  समयसापेक्ष बनाई मूल्याङ्कन विधिलाई वैज्ञानिकीकरण गरिनेछ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारीका साथ प्रयोग र कार्यान्वयन गरिनेछ।
- माध्यमिक परीक्षा मूल्याङ्कन प्रणालीलाई निरन्तर, आवधिक तथा प्रयोगात्मक तरिकाबाट अवलम्बन गरिनेछ।
- पाठ्यक्रमको समयसापेक्ष अभिमुखीकरण तथा पुनर्ताजगी तालिमको व्यवस्थापन गरिनेछ।

### ४.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालय तहमा रहेका आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनमा उपयोगी सीपहरु समावेश हुने ।
- स्थानीय कला,संस्कृति, इतिहास, भाषा, परम्परा, सीप, ज्ञान तथा सकरात्मक सोच भएको निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

**नतिजा**

- प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा १–८ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
- सिकाइको अभिन्न अंगको रुपमा पाठ्यक्रम र मूल्याङ्कन रहने ।
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपांगमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि सिकाइ उपलब्धि फाराम अनिवार्य उपलब्ध हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| २ | परीक्षामा प्रश्नपत्र एकरुपता कायम गरी प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | ० | ० | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २० | २० | २० | २० | २० | २० |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ० | १ | १ | १ |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण कार्यान्वयन | पटक | | | | १ | | १ | १ | |
| ४ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ५ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | निरन्तर | | | | | | | |
| ७ | एकीकृत पाठ्यक्रमको प्रवोधीकरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | मूल्याङ्कन प्रणालीमा सुधार तथा कक्षा ८ मा स्तरीय परिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा सीप परीक्षण सञ्चालन | पटक | निरन्तर | | | | | | | |
| १० | सिकारुको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई गुणस्तर सुधारका लागि शिक्षकसँग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारमुखी बनाउन तालिम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | स्थानीय पाठ्यक्रममा आधारित सिकाई सहजिकरण पुस्तिका निर्माण। | कक्षा | १-३ | ४ र ५ | ६ | ७ | ८ | आधारभूत तह | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यवसायिक रुपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकरात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य,दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ ।यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता सान्दर्भिकता, सुशासन प्रबर्द्धन गर्नका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरु विभिन्न विश्वविद्यालय तथा विद्यालयहरुले गरेका छन् ।शिक्षक अध्यापन, अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरुले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले र पाठ्यक्रम निर्माण गर्ने  शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धामा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरुको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति पाएका शिक्षकहरु स्थायी,अस्थायी  राहत, अनुदान, स्वयंसेवक , निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबाट नियुक्ति भएका शिक्षकहरुको सेवाको सर्त र सुविधा पनि फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरुको सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेशालाई आकर्षक र पहिलो रोजाइको पेशाको रुपमा अभिवृद्धि गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने, शिक्षकहरुको पेशागत विकासलाई अभिवृद्धि गर्ने, विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषय शिक्षक पदको संजाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरुको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उदेश्यहरु, रणनीतिहरु, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरुमा समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

राष्ट्रिय रूपमा शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना(२०७६/०७७-२०८०/०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका

व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको थियो। शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरुका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, बढुवाको निश्चित मापदण्ड पुरा गर्नु पर्ने अवस्था छ। पेशाको सुरक्षाको कारणले शिक्षक पेशालाई समाजमा प्रतिष्ठित पेशाको रुपमा थालिएको छ। नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ। वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत , अनुदान, बालशिक्षक तथा कर्मचारी शिक्षक तथा नीजि शिक्षकहरु छन्। अस्थायी, राहत, स्वयमसेवक तथा निजी शिक्षकहरुको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड र निर्देशिका बनाइ प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ। यस मेन्छयायेम गाउँपालिकाका ३ वटा +२ सामुदायिक माध्यमिक विद्यालयमा ६ वटा दरबन्दी ,४ वटा मावि १४ वटा दरबन्दी, मावि राहत ४, निम्न माध्यमिक तहमा १५ र निमावि राहत ५ वटा दरबन्दी, प्राथमिक दरबन्दी ५६, राहत ११, बालविकास सहयोगी २२, माध्यमिक तह भएकोमा सहायक लेखा कर्मचारी ४ , सहायक कर्मचारी २१ र पालिका, वडा र प्रदेशबाट करार नियुक्ति जम्मा २२ साथै विद्यालयबाट निजी स्रोत तलब खुवाउने शिक्षक ८ गरी कुल जम्मा १८८ जना शिक्षक शिक्षिकाहरु कार्यरत छन्। लिङ्गीय हिसाबबाट हेर्दा ९८ महिला र पुरुष ९० छन्। जुन *अनुसूची २* को टेबलबाट पनि स्पष्ट गर्न सकिन्छ।

पेशागत रुपमा दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षा कोठाको सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरु उपलब्ध हुनु आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरु छन्। शिक्षक तालिम कार्यशाला, सेमिनार,कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ्ग आदिबाट शिक्षकमा पेशागत विकास सम्भव छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षा कोठाको शिक्षण सिकाइ सुधार ल्याउन नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरु सञ्चालनमा आए। सरकारले विभिन्न कार्यक्रम मार्फत शिक्षकहरुको लागि विभिन्न खालका तालिमहरुको सञ्चालन गरीरहेको छ। त्यसैगरी स्थानीय सरकारहरुले पनि विद्यालयका आवश्यकता अनुसार शिक्षकहरुको क्षमता विकासमा सहयोग गर्दै आएको छ।शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा मेन्छयायेम गाउँपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ। यस क्रममा पटक पटक प्र.अ. तथा शिक्षकहरुको भेला, छलफल, तथा शिक्षकहरुबाट राय सुझाव पालिकाको तर्फबाट माग्ने र कार्यान्वयनमा जाने निचोड पनि गर्दै आएको छ। गाउँपालिका भित्रका सबै विद्यालयहरुमा बालविकास शिक्षकहरुको व्यवस्था मिलाएको छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरूको पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उदेश्य प्राप्तिका लागि अपनाउने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

**क.शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र संकाय अन्तर्गतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिने गरिएको छ । यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्कले देखाएका छन् । यसका अलवा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तीर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरे पछि मात्र शिक्षक बन्ने योग्यता पुरा हुने अवस्था आउने छ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम आइ.एड, वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मुलुकमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिइ अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन भने शिक्षकसेवा आयोगले गर्दै आएको छ ।

पन्ध्रौँ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भएपनि यो कार्य हालसम्म हुन सकेको छैन । राष्ट्रिय राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रम भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी रहेको देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ ।

देश संघीय प्रणालीमा गए सँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरिएको छ । यस परिप्रेक्ष्यमा अब स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु आवश्यक देखिन्छ ।

**ख. शिक्षण सिकाइ क्रियाकलाप**

बालबालिकाको सिकाइ उपलब्धि मुलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप, २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समूह कार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ सूचना तथा प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजा मूलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधारलाई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरू भएका छन् । यसै गरी चालु सोह्रौँ योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहूकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगाएको व्यवस्थामा जोड दिएको छ ।

राष्ट्रिय परिवेशमा हेर्दा आ.व. २०७७/०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत ५ अर्ब ६ करोड रुपैया विनियोजन भएको थियो । यस कार्यक्रमबाट ४ हजार २ सय ५० विद्यालयहरूमा विविध परियोजना सञ्चालनमा आएका थिए । यस कार्यक्रमबाट शिक्षण सिकाई क्रियाकलापका लागि भौतिक अवस्थाको सुधार, प्रविधिको जडान, शैक्षिक सामग्रीको उपलब्धता भएबाट आगामी दिनमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

यस प्रकारका प्रयासका बाबजुत पनि विश्वभर फैलिएको कोरोना महामारिका कारण देशका अन्य भागमा जस्तै मेन्छयायेम गाउँपालिका क्षेत्र भित्र सञ्चालित विद्यालयमा समेत शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुन पुगेको छ । स्थानीय स्तरमा इन्टरनेट जन्य प्रविधिको कमजोर पूर्वाधारका कारण भर्चुअल माध्यमबाट हुने कक्षा समेत सञ्चालन हुन नसकेका कारण बालबालिकाहरूको सिक्न पाउने अधिकार समेत सङ्कुचित हुन पुगेको छ । महामारीको अन्त्यका सम्बन्धमा कुनै अनुमान गर्न कठिन भएको कारण आगामी समयमा पनि विद्यालयमा भौतिक उपस्थितिमा र सामान्य समयावधि अनुसारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा अवरोध आउने कुरा निश्चित छ । यस परिस्थितिमा स्थानीय स्तरमा सिकाइको उपयुक्त वैकल्पिक माध्यमलाई अवलम्बन गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनु अपरिहार्य देखिन्छ ।

**ग. शिक्षक पेशागत सहयोग पद्धति**

विश्वमा शिक्षक पेशागत सहयोगका विभिन्न तरिकाहरूको प्रचलन छ । कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, शिक्षक सम्मेलन, सहकर्मीहरू बीचमा अन्तरक्रिया, प्रतिविम्बित शिक्षण अभ्यास आदि । नेपालमा विगतमा सञ्चालित विभिन्न परियोजनाहरू मार्फत शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्र जस्ता संस्थागत प्रवन्धहरू गरिएका थिए । यस प्रकारका संस्थाबाट शिक्षकका लागि विविध तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना देखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोतकेन्द्रहरू स्थापना भएर क्रमशः तिनको संख्या विस्तार गरी १०५१ वटा स्रोत केन्द्र मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आएको थियो । स्रोतकेन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरू सँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्य सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरू बीचमा अन्तरक्रिया गराउने आदि कार्य हुने गर्थे । तर संघीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ।

राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षकलाई अध्ययन-अनुसन्धान, शिक्षक सहायता, अनुगमन जस्ता प्रकृयामा प्रयोग गर्ने कुरा उल्लेख भएतापनि यस प्रकारका अनुभव हस्तान्तरणका लागि आवश्यक कानूनी व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू बीच  सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिएको सुविधाको उपयोग हुन सकेको छैन।

वर्तमान समयमा शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तह नै सबै भन्दा जिम्मेवार र तालुक निकायको रूपमा रहने गरी नीतिगत परिवर्तन भइ सकेको छ । विगतमा भएका संयन्त्रको खारेजी गरिए पश्चातको संक्रमणकालिन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्वता समेत हासिल गरीसकेका छैनन । यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगका लागि थप नीतिगत र कार्यक्रमगत क्रियाशीलता देखाउन जरूरी छ ।

प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्नो लक्ष्य र उदेश्य प्राप्त गर्न सक्दछ । यसका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी र अधिकार प्रदान गर्न जरूरी छ । विज्ञान प्रविधि तथा सूचना प्रविधिमा आएको व्यापक विस्तारीकरण सँगै शिक्षक सहायता प्रणालीले थप अवसर प्राप्त गरेको छ । यस प्रकारका प्रविधिबाट शिक्षकले अधिकतम लाभ लिनका लागि विद्यालयलाई थप स्रोतपूर्ण बनाउन समेत आवश्यक छ ।

**घ.शिक्षक क्षमता विकास कार्यक्रम**

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक अनिवार्य शर्तको रूपमा रहेको हुन्छ । पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिका छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकको सिकाई सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ जस्ता विधिहरू विश्वमा प्रचलनमा रहेका छन् ।

नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रम सञ्चालन भए।  शिक्षकको क्षमता वृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उदेश्यले विक्रम संवत् २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सो अन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए । ती तालिम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए। शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिन केन्द्रहरू, अगुवा स्रोतकेन्द्रहरू र स्रोत केन्द्र मार्फत लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आए । विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू, अगुवा स्रोतकेन्द्र र स्रोत केन्द्रहरू मार्फत शिक्षक विकास तालिम (टिपिडि तालिम) सञ्चालन गर्दै आएको थियो। तर संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रदेशमा एक/एक गरी जम्मा ७ तालिम केन्द्रहरू मात्र रहने गरी अन्य सबै संरचना हटेका छन्।

पन्ध्रौ योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षकको पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवं नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको थियो। राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गर्ने कुरा उल्लेख छ। यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण,  कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ।

राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशा विकास कार्यक्रमहरू जस्तै कम्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, शिक्षक नेटवर्क, प्रतिविम्बन शिक्षक,सहकार्यात्मक रूपमा गरिने अनुसन्धान, मेन्टरिङ, कोचिङ आदि सञ्चालन गर्ने व्यवस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासकोमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित अनलाईन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने कुरा उल्लेख छ।

मुलुक संघीय संरचनामा गए सँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई शिक्षा विभाग शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रुपान्तरण हुन पुग्यो। शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा अफलाईन प्रविधिबाट दुई चरणमा एक महिने प्रमाणीकरण शिक्षक तालिम र कष्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेशागत विकासलाई जोड दिएको अवस्था छ।

विद्यालय क्षेत्र विकास योजना अवधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि तालिम सञ्चालकलाई प्राथमिकता राख्ने कार्य भइरहेको छ । तापनि विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्याका शिक्षकलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको छ । यस परिवेशमा शिक्षकको क्षमता विकासका लागि स्थानीय तहहरूले आफ्नो इलाका भित्र रहेका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक नीतिगत र कार्यक्रमगत कदम चाल्न अपरिहार्य रहेको छ।

**ङ.शिक्षक उत्तरदायित्व**

आफ्नो कार्य सम्पादन प्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानूनी र नैतिक दुवै हुन सक्छ। शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफुले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ। यसका अलवा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, मेन्छयायेम गाउँपालिका शिक्षा ऐन २०७४ (संसोधन सहित) समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी प्रावधानहरूको निर्धारण गरिएको छ जसबाट शिक्षक उत्तरदायी बन्नु पर्ने कानूनी आधार तयार भएको छ।तथापि यी प्रावधानहरूको कार्यान्यिनको सन्दर्भमा भने बारम्बार प्रश्न उठ्ने गरेका छन्।

पन्धौँ योजनाले शिक्षकले कक्षा कोठामा विताउने समयलाई नियमित पठनपाठन सँग आबद्ध गर्दै शिक्षकलाई पेशा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको थियो। राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ। विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ।

**च.शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली, २०५९ को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्व प्राथमिक विद्यालयमा एक जना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना, कक्षा ६-८ का लागि कम्तीमा चार जना, माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षक रहने व्यवस्था छ । शिक्षा नियमावली,

२०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार हाल मुलुकभर शिक्षक दरवन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगी सकेको छ ।

## ४.२.२ उदेश्य

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको व्यवस्थापन गर्दै लैजानु ।
- पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु ।
- विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेशागत सक्षमताको अभिवद्धि गर्नु।
- योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु।
- आवश्यक प्रोत्साहन ,निरन्तर पेशागत विकास कार्यक्रमका माध्यमबाट सबै तहमा क्षमता अभिवृद्धि गर्नु ।
- शिक्षकहरु पेशागत क्षमता अभिवृद्धि लागि तालिमको व्यवस्था गर्नु ।
- शिक्षकलाई पुरस्कृत गर्ने र दण्ड नीतिलाई व्यवस्थित गर्नु ।

## ४.२.३ रणनीति

माथि उल्लेखित उदेश्यहरू पुरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन् ।

- शिक्षकको पेशागत विकासका सम्बन्धमा स्थानीय सरकार , शिक्षा शाखा तथा स्थानीय स्तरका नेतृत्व गर्ने विद्यालयहरुलाई उत्तरदायी बनाइने छ ।
- विज्ञान, गणित तथा अंग्रेजी जस्ता विषयहरुमा अभाव भएका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम तथा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत दरबन्दी, विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गरिनेछ ।
- विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ ।
- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ्गको पद्धति विकास गरिनेछ ।
- प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ ।
- शिक्षक नियुक्ति, तालिम तथा पेसागत विकास, सरुवामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुने पद्धति विकास गरिनेछ ।
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजामूलक बनाउनका साथै IEMIS को सुदृढीकरण गर्ने ।

- विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षकको गुणस्तर अभिवृद्धि गर्ने ।

## ४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार हुने ।

***नतिजा***

- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गका रुपमा एकीकृत भइ प्रविधिमैत्री शिक्षा हुने ।
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने ।
- पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षण पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
- शिक्षकको उपस्थिति शिक्षण विधि तथा तौरतरिकाहरु र कार्यसम्पादनमा सुधार हुने ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने शिक्षकको आपूर्ति नियमित रुपमा हुने ।
- शिक्षकको विद्यालय तथा कक्षाकोठामा उपस्थितिमा वृद्धि तथा शिक्षकहरुको कार्यसम्पादनमा सुधार हुने ।
- लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत शिक्षकले पेशागत सहयोग प्राप्त गरी बालबालिकाहरुको सिकाइ उपलब्धि वृद्धि हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र .सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाको : कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका ,कानुन तयार गर्ने | पटक | | | १ | | | १ | १ | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास गर्ने | जना | २० | २० | २० | २० | २० | १०० | १०० | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न खुल्ला र दुर शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | पटक | | | | १ | १ | २ | २ | |
| ४ | सरोकार सम्बद्ध पक्षहरुका बीचमा समन्वय , छलफल र अन्तरक्रिया | निरन्तर | | | | | | | | |
| ५ | आवश्यकताको आधारमा लागत र सहभागीताका आधारमा भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने ( भवन तथा कक्षा कोठा ,शौचालय,खानेपानी, फर्निचर, घेराबारा, खेलमैदान, खाजाघर) | वटा विद्यालयमा | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन , सुपरीवेक्षणका साथै प्र.अ. तथा शिक्षकलाई सहयोग | निरन्तर | | | | | | | | |
| ९ | बाल समूह स्काउट तथा रेडक्रस , सहयोगी समूहरु गठन गरी क्षमता विकास तथापरिचालन गर्ने | पटक | निरन्तर | | | | | | | |
| १० | वि.व्य.स. तथा शि.अ.सं.का पदाधिकारीहरुको क्षमता विकास गर्ने | पटक | निरन्तर | | | | | | | |
| ११ | अपाङ्ग विद्यार्थीहरुलाई सहयोग कार्यक्रम | जना | निरन्तर | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय शिक्षालाई प्रकोप , संकट तथा महामारीप्रति आकस्मिक योजना निर्माण गरी कार्यान्वयन गर्ने | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | प्रविधि तथा व्यवहार कुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | जना | | २५ | २५ | २५ | २५ | १०० | ८५ | |
| १४ | उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| १५ | उत्कृष्ट शिक्षकलाई पुरस्कृत कार्यक्रम | जना | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| १६ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | वटा विद्यालयमा | ५ | ५ | ५ | ५ | | २० | २० | निरन्तर |
| १७ | शिक्षकले कक्षा कोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | वटा विद्यालयमा | ५ | ५ | ५ | ५ | | २० | २० | निरन्तर |
| १८ | शिक्षकको पेशागत विकासका लागि माग अनुरुप तालिम सञ्चालन | जना | १० | १० | १० | १० | १० | ५० | १३० | |
| १९ | आर्थिक बिपन्न बालबालिकहरुलाई ड्रेस तथा स्टेसनरी सम्बन्धी छात्रवृत्ति कार्यक्रम | जना | २० | २० | २० | २० | २० | १०० | १५० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

तेह्रथुम जिल्लाका ६ ओटा स्थानीय तहमध्ये मेन्छयायेम  गाँउपालिका सामाजिक, आर्थिक,सांस्कृतिक र भौगोलिक विविधता भएको स्थानीय तह हो । यस गाउँ पालिकामा विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । लिम्बु जातिको मुख्य वसोबास रहेको यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ, तामाङ, राई, शेर्पा तथा दलित समुदाय छन् । यस गाँउपालिकामा नेपाली मातृभाषाबाहेक लिम्बु भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने जनसङ्ख्या ठूलो रहेको छ ।

### ४.३.१ वर्तमान अवस्था

समाजमा रहेको लैङ्गिक असमानता, महिला हिंसा, महिला उत्पीडन जस्ता विसङ्गतिलाई निरुत्साहित गरी जातीय विभेदको अन्त्य, आर्थिक तथा सामाजिक रुपमा पिछडिएकाहरुलाई सहयोग र शिक्षामा सबैको पहुँच पुऱ्याउन राज्यले विभिन्न कार्य गर्दै आइरहेको छ । लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरुद्ध यस गाँउपालिकामा पनि विभिन्न

कार्यहरु हुँदै आइरहेका छन् । नेपालको संविधान तथा कानुनमा व्यवस्था भएअनुरुप गाउँकार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा जातजाती, महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ ।

### ४.३.२ उदेश्य

- विभिन्न कारणले शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद , दुर्व्यवहार ,हेपाइ नहुने सुनिश्चितता गर्ने ।
- शैक्षिक सुशासन कायम गर्ने ।
- विद्यालयलाई लैङ्गिक, बाल मैत्री तथा अपाङ्ग मैत्री बनाउने ।
- सबै किसिमका बालबालिकाहरुलाई सामान सिकाइ वातावरण तयार गर्ने ।

### ४.३.३ रणनीति

- पालिकाभित्र घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार शैक्षिक प्रबन्ध मिलाईनेछ ।
- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।
- लक्षित बालबलिकाहरुलाई आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।
- सबै विद्यालयहरुमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिनेछ।
- आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
- निर्माण हुने भौतिक संरचनाहरु लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री र बालमैत्री निर्माण गरिनेछ ।
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिनेछ।
- हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिनेछ ।

### ४.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरु

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुनेछ ।

**नतिजा**

- महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा अर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।
- यस पालिकाभित्र विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।
- विद्यालयमा सबै प्रकारका भेदभाव रहित बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिक मैत्री शैक्षिक वातावरण सिर्जना हुने।
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
- मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

| क्र.स. | क्रियाकलाप | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ४ | ४ | ३ | २ | १ | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.१८ | १.१८ | १.१५ | १.१३ | १.०५ | १.० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.३५ | १.३५ | १.३० | १.२५ | १.२० | १.० |

## ४.३.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

समावेशी तथा समताका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | पालिकाको भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | | |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र | निरन्तर | | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आवश्यकता पहिचान गरी सहभागिता | | | | | | | | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालयहरूमा बालमैत्री,अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | १ | १ | १ | | |
| ५ | आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ६ | मनोसामाजिक परामर्श | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | आवश्यकता अनुसार | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो भए उनीहरुलाई सिकाइ सहभागिता बढाइ शैक्षिक उपलब्धि सुधार गर्न प्रोत्साहित गर्न सकिन्छ । विद्यालयमा दिइने दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन , अनुपस्थित हुने र बिचैमा छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । बालबालिकामा हुने विभिन्न प्रकारका रोग तथा कुपोषणलाई न्यूनीकरण गर्न , उनीहरुलाई विद्यालय शिक्षाप्रति आकर्षित गर्न र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न दिवा खाजाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८१-०८२ मा यो लगानी करिब १० अरब १९ करोड पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्वपूर्ण योगदान दिएको छ।

### ४.४.२ वर्तमान अवस्था

मेन्छयायेम गाउँपालिकामा नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम आ.व. २०७६-७७ मा लागु गरेपछि २० ओटा सामुदायिक विद्यालयका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालय मार्फत दिवा खाजा खुवाउने कार्यक्रम शुरु गरिएको थियो । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनीय सहभागिता भएको थियो तथा समुदायको पनि सक्रिय सहभागिता रहेको थियो। साथै पालिकाबाट विद्यालय दिवा खाजा कार्यक्रमलाई

व्यवस्थित गर्न पूर्ण रुपमा जङ्क फुड निषेध गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिकयुक्त खानेकुरालाई स्वच्छतापूर्ण तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिएको छ। दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरुलाई दिगो र प्रभावकारी ढङ्गले व्यवस्थित गर्नु।
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्नु।
- कार्यक्रमलाई प्रभावकारी ढङ्गले अनुगमन गर्नु ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि,गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। यसका लागि विद्यालयमा अधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु निकै प्रभावकारी तरिका देखिएको छ। विद्यालयमा खाजा कार्यक्रम अन्तर्गत स्थानीय खाजालाई लागु गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि विभिन्न किसिमका स्वास्थ्य शिक्षा प्रदान गर्नुका साथै सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्ने उदेश्य तथा रणनीतिअनुरुप वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधी कशोरीका लागि फोलिक एसिड तथा अइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट हुने गर्दछ।

**सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ। खास गरी विद्यालय क्षेत्रमा सबै विद्यार्थीहरुका लागि स्वच्छ पिउने पानी र विद्यार्थी सङ्ख्याको आधारमा अलगअलग सफा र सुरक्षित स्थानमा बालमैत्री,अपाङ्गमैत्री, लैङ्गिक मैत्री शौचालय हुन आवश्यक छ।

### ४.४.३ उदेश्यहरु

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधारगरी व्यवहारमा परिवर्तन गर्नु।
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.४ रणनीतिहरु

योजनाका उदेश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

- शिक्षा , स्वास्थ्य र कृषि क्षेत्र समेत समेटिने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिनेछ।
- बालबालिकाको लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफा, ताजा र पोषिलो खाजा तयार गरी वितरण गरिनेछ ।
- भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गरिनेछ।
- सबै विद्यालयमा **User Manual** समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुनेछ।
- सरसफाइका आवश्यक पूर्वाधारहरुको पूर्ण विकास भएको हुनेछ ।
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुनेछ।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ ।
- सबै विद्यालयहरुमा विद्यालयमा नै खाजा बनाउन सक्ने पुर्वाधार निर्माण गरिनेछ ।
- विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक तरकारी उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

### ४.४.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ,
- मनोसामाजिक सुधार साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

#### प्रमुख नतिजाहरु

- विद्यालय दिवा खाजा कार्यविधि, २०७७ कार्यान्वयन भएको र अध्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको ।
- विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अद्यावधिक र परिमार्जन गरिएको हुने ।
- सबै विद्यालयमा **User Manual** समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
- प्रत्येक विद्यालयहरुमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
- स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/ ८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा ५ | कक्षा ५ | कक्षा ५ | कक्षा ५ | कक्षा ५ | कक्षा ५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | १० | १० | १४ | १७ | १९ | २० |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका | २० | २० | २० | २० | २० | २० |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | १ | २ | ३ | ४ |

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | ० | ० | १ | १ | १ | ३ | ६ | |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभूत तहमा दिवा खाजा कार्यक्रम सञ्चालन | तह | निरन्तर | | | | | | | |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धि अभिमुखीकरण कार्यक्रम | पटक | निरन्तर | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | निरन्तर | | | | | | | |
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरुको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | | | | | | | |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | विद्यालय | ५ | ५ | ४ | ४ | २ | २० | २० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उदेश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। नेपाल सरकार युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपबाट उत्पन्न आपतकालीन तथा संकटकालीन अवस्थामा बालबालिकाको शिक्षाको अधिकारको रक्षा गर्न प्रतिबद्ध छ । आपतकालीन र संकटको अवस्थामा शिक्षाको मुख्य उदेश्य बालबालिका, व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु, प्रकोपबाट हुने

संकटको समाधान गर्ने, बालबालिकालाई सामाजिक द्वन्द्व, हिंसा र दुर्व्यवहारबाट जोगाउन र शिक्षा क्षेत्रलाई सक्रिय राख्न सक्षम बनाउने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने रहेको छ। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

क. प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख. महामारी : झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।

ग. युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने।

जलवायु परिवर्तनले शिक्षाको पूर्वाधार तथा सिकाइ परिणामहरूमा चुनौती खडा गरेको छ । यसले सीमान्तकृत जनसंख्यामा असमानता, गरीबी बढाउदै जाने र गैर-जलवायु क्षेत्रमा तनावहरु दिने जस्ता असर देखा परेका छन् । शिक्षाको लागि केही जलवायु परिवर्तनले शैक्षिक संस्थागत बन्द हुने, बालबालिकाको उपस्थितिमा कमी ल्याउने, सिकाइको दक्षता कम हुने, आफ्ना छोराछोरी र युवाहरूको लागि शिक्षामा लगानी गर्न घरायसी र परिवारको आयमा प्रभाव पर्ने र सबैभन्दा सीमान्तकृतहरूको बसाई सराईमा वृद्धि हुने जस्ता प्रभावहरु देखा परेका छन् । सबल शिक्षा प्रणालीले दीर्घकालीन रुपमा पूर्व प्राथमिक बाट उच्च शिक्षा मार्फत जलवायु आघात र तनाव कम गर्न मद्दत गर्दछ।

अनुमानित चरम मौसम घटनाहरू न्यूनीकरण गर्न विद्यालय भवन सुरक्षित तथा उत्थानशीलता भएको सुनिश्चित गर्ने, विद्यालयहरूलाई नवीकरणीय ऊर्जाको साथ शसक्त बनाउने,विद्यालय जाने र ल्याउनका लागि प्रयोग हुने इन्धन-कुशल साधन भएको विकल्पहरू छनौट गर्ने, हरित कार्यदललाई प्रशिक्षण प्रदान गर्ने तथा हरित प्रविधिको विकासको लागि अनुसन्धान कार्यहरु गर्नाले जलवायु परिवर्तन अनुकुलनमा मद्दत पुग्ने देखिन्छ । विशेषगरी केटी र युवतीहरुको लागि शिक्षाले उनीहरूको सशक्तिकरण र प्रजनन क्षमतालाई लाई अगाडि बढाउँछ ,तिनीहरूको जलवायु नेतृत्व र वातावरणीय प्रवर्द्धन गर्दछ र तिनीहरू लाई निर्णय लिने मद्दत गर्दछ। साथै, शिक्षाले विद्यार्थीलाई ज्ञानले सुसज्जित बनाउँछ, जलवायु चुनौतीहरू पार गर्न तथा अनुकूलन गर्न विभिन्न सीपहरु र अवसरहरू प्रदान गर्दछ। आपतकालीन प्रतिक्रिया क्षमता सहितको बलियो शिक्षा प्रणाली जलवायु परिवर्तन बाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न मद्दत गर्दछ।

नेपालमा प्राकृतिक प्रकोपको ४० बर्षको तथ्यांक विश्लेषण गर्दा बाढी र पहिरो सबैभन्दा धैरै हुने प्राकृतिक प्रकोपका रुपमा रहेका छन्। प्रकोपहरुको बारम्बारता, सामान्यतया पहिले भन्दा छिटो छिटो वा अनिश्चितता पनि बढेको देखिन्छ । सन् १८५०–१९०० को तुलनामा सन २०११–२०२० मा विश्वको औसत सतहको तापक्रम १.०९ डिग्री सेल्सियस

बढिसकेको छ (**IPCC,** 2021) । त्यसैगरी सन् २०२० र सन् २०१६ अहिले सम्मकै सबैभन्दा बढि गर्मी बर्ष हुन र सन २०१३ देखि सन २०२० अहिले सम्मकै सबैभन्दा गर्मी बर्षहरु हुन (**WMO,** 2020)। इसिमोडको पछिल्लो अध्ययन बमोजिम पृथ्वीको औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियस भित्रै राख्न सके पनि हिमालय क्षेत्र सो भन्दा ०.३ देखि ०.७ डिग्री सेल्सियस बढी तात्दछ र त्यतिबेला लगभग ३६ प्रतिशत हिमक्षेत्र पग्लिन्छ। मौसम तथा जलवायु विज्ञान विभागले सन् १९७५ देखि सन् २०१४ सम्मको तथ्यांक विश्लेषणका आधारमा बमोजिम बार्षिक औसत तापक्रम वृद्धि ०.०५६ डिग्री सेल्सियस उल्लेख । (**DHM,** 2017)भविष्यमा नेपालभरी नै औषत तापक्रम अर्थात गर्मी स्पष्ट रुपमा बढ्ने, नेपालमा जलवायु परिवर्तनको प्रवृत्ति तथा अनुमानहरु होचो क्षेत्र भन्दा उचाइमा भएको क्षेत्रमा तापक्रम वृद्धि बढि हुने तथा बर्षाको हकमा बर्षा सिजन अगाडि (**Pre-monsoon)** मा औसत बर्षा घटे तापनि बार्षिक औसत बर्षा बढेको र बढदै जाने अनुमान गरिएको छ। हिउँद तथा बर्षा पछिको समयमा तापक्रम बढि बढ्ने / जलवायु जन्य विषम घटनाहरु (**Extreme-events)** बढने अनुमान गरिएको छ। यस्ता सम्भावित जलवायु परिवर्तनबाट हुने प्रकोप जन्य जोखिमबाट हुन सक्ने सम्भावित मानव जन्य तथा शैक्षिक क्षति न्यूनीकरण गर्न योजनावद्ध ढंगले अगाडी बढ्न पर्ने देखिन्छ।

## ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ ले सुरक्षित सिकाइ वातावरणको लागि भौतिक र मानवीय प्रतिक्रिया व्यवस्थापन र कार्यान्वयन मापदण्डहरूको विकास गर्न आह्वान गर्दछ। विद्यालय सुधार योजनामा विपत् तयारी, प्रतिक्रिया र विपत् जोखिम घटाउने र पुनर्लाभका कार्यक्रमहरू समावेश गर्ने प्रावधानहरु समेटिएका छन्। सरोकारवालाहरूलाई विपत् व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेर विद्यालयहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसामुक्त र भयमुक्त सिकाइ केन्द्रका रूपमा विकास गर्नु पर्ने विषयलाई उठान गरिएको छ।

शान्ति क्षेत्रको रूपमा विद्यालयहरूको राष्ट्रिय रूपरेखा र यसको परिचालन दिशानिर्देशहरू (२०६८) को उदेश्य विद्यालयहरूलाई दलीय राजनीति र अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, उपेक्षा र शोषण, सशस्त्र गतिविधि र हिंसाका अन्य प्रकारका प्रभावहरूबाट मुक्त राखेर सिकाइ निरन्तरता सुनिश्चित गर्ने उदेश्यले राखिएको छ।

बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ अन्तर्गत सुरक्षित विद्यालयको न्यूनतम मापदण्डले शिक्षा क्षेत्रहरूमा प्राकृतिक प्रकोपको प्रभावलाई केन्द्रित गरी विद्यालय सुरक्षाका तीनवटा स्तम्भहरूमा न्यूनतम मापदण्डहरू जोड दिएको छ, अर्थात् सुरक्षित सिकाइ सुविधा, विद्यालय विपत् जोखिम व्यवस्थापनको सुदृढीकरण र सरोकारवाला र समुदायका लागि प्रकोप जोखिम न्यूनीकरण र लचिलोपन शिक्षा र तिनीहरूको विद्यालय-आधारित कार्यान्वयनको परिकल्पना गर्दछ।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ र बृहत विद्यालय सुरक्षा योजना न्यूनतम प्याकेज २०१८ ले विद्यालय सुरक्षाको न्यूनतम मापदण्डहरू कार्यान्वयन गर्न दिशानिर्देशहरू प्रदान गरेको छ, उक्त प्याकेजले शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र चोटबाट जोगाउन, प्रकोप पछि विद्यालय शिक्षालाई निरन्तरता दिन, शिक्षामा आवश्यक कोष सुरक्षित गर्न र विपत् जोखिम न्यूनीकरण शिक्षाको माध्यमबाट विपत् जोखिम कम गर्न र पुनर्लाभको विकास गर्न जस्ता विभिन्न क्रियाकलापहरुमा जोड दिएको छ। यसले शिक्षा क्षेत्रमा प्राकृतिक प्रकोपको प्रभाव व्यवस्थापनको लागि आधार प्रदान गर्दछ।

**SDG 4** राष्ट्रिय रूपरेखाले २०३० को लागि नीतिहरूको समीक्षा र परिमार्जन गरेर अनुकूल सिकाइ वातावरण सिर्जना गर्न विद्यालयहरूलाई सुरक्षित राख्न र विपत् व्यवस्थापन गर्न धेरै उपायहरूको लागि आह्वान गरेको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्द्धनात्मक कार्यक्रमहरूको विकास र कार्यान्वयन; विद्यालय शिक्षाको लागि आन्तरिक र बाह्य वातावरणको लागि न्यूनतम मापदण्डहरू विकास गर्दै र अन्तर्राष्ट्रिय मानवीय कानून अनुसार अधिकारमा आधारित लैङ्गिक-संवेदनशील, सुरक्षा सरोकार, बालमैत्री र हिंसामुक्त विद्यालयहरूलाई प्रवर्द्धन गर्ने विषयलाई जोड दिएको छ . पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र पुनर्लाभका लागि क्षमताहरू विकास गर्न क्रस-कटिङ मुद्दाहरूलाई जोड दिएको छ।

कोभिड–१९ को महामारीले शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विगत दुई वर्षदेखि विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन्। विश्वव्यापी महामारीले नेपालको समाज र अर्थतन्त्रमा नराम्रो असर पारेको छ। सरकारले शिक्षा क्षेत्रलाई महामारीबाट जोगाउन कोभिड–१९ को महामारीका बेला शिक्षण सिकाइ लगायत सबै शैक्षिक संस्था र शिक्षासँग सम्बन्धित सबै परीक्षा तथा कार्यक्रम स्थगित गरेको थियो। करिब ४०,००० शैक्षिक संस्था र **ECED/PPC** देखि उच्च माध्यमिक तहसम्म ८.७ मिलियन विद्यार्थीहरू प्रभावित भएका छन्।

नितिगत र विभिन्न कार्यक्रमको प्रयासद्वारा वैकल्पिक माध्यमबाट सिकाएर विद्यार्थीको सिकाइमा कोभिड–१९ को प्रभावलाई कम गर्ने प्रयासहरू भइरहेका छन्। कोभिड–१९ को प्रभावलाई न्यूनीकरण गरी शिक्षण सिकाइलाई निरन्तरता दिन सन् २०२० मा शिक्षा क्षेत्रको आकस्मिक योजना तयार गरिएको थियो। उक्त समयमा निम्न कार्यविधि तथा निर्देशिका मार्फत आवश्यक कदमहरु अगाडी बढाइएको थियो : विद्यार्थी सिकाइ सहजीकरण (**BS 2077**) मा **2020** दिशानिर्देशहरू; स्कूल शिक्षा सम्बन्धी कार्यको **2020** आपतकालीन योजना (**BS 2077**); **2020** स्कूल पुन: खोल्ने ढाँचा (**BS 2077**); **2020/21** पठन सामग्री एकीकरण ढाँचा (**BS 2077**); र **2020/21** माध्यमिक शिक्षा परीक्षा (**SEE**) नतिजा प्रकाशन र प्रमाणीकरण प्रक्रिया र दिशानिर्देशहरू (**BS 2077**)। जनवरी **2021** मा शैक्षिक संस्था पुन: खोलेको तीन महिना पछि अप्रिल **2021** मा कोभिड-१९ को दोस्रो लहरले, शैक्षिक संस्थाहरू थप बन्द गर्न भइ फेरि व्यक्तिगत शिक्षामा बाधा पुगेको थियो।

विद्यालय शिक्षामा कोभिड-१९-प्रेरित चुनौतीहरूमध्ये बालबालिकाको सिकाइमा हुने हानिलाई न्यूनीकरण गर्नु; शिक्षकहरूको प्रेरणा र समर्पण कायम राख्न; विभिन्न स्थानहरू र विभिन्न समूहहरूका लागि उपयुक्त सिकाइका वैकल्पिक मोडहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने क्षमता

विकास गर्नु हो (**UNICEF,** 2021) । यसका लागि कोभिड–१९ बाट शिक्षा क्षेत्रमा परेको प्रभाव र त्यसबाट सिकाइमा परेको नोक्सानीको मूल्याङ्कन गरी कोभिड–१९ बाट हुने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न र पठनपाठनलाई निरन्तरता दिन देशैभरी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । त्यसैगरी, शिक्षा प्रणालीलाई भविष्यमा आउने यस्तै महामारीसँग जुध्न **resilience** बनाउन दीर्घकालीन विकास आवश्यक छ । यसका लागि सूचना प्रविधि वा अन्य सिकाइ प्रणालीको उपलब्धता र प्रयोगलाई विस्तार गर्नुपर्छ । प्रत्येक विद्यालयले नोक्सानको मूल्याङ्कन गरी त्यसको आधारमा योजना तयार गरी कोभिड–१९ बाट भएको नोक्सानीलाई न्यूनीकरण गर्नका लागि कार्यान्वयन गर्नुपर्छ । यसबाहेक, प्रत्येक विद्यार्थीको सिकाइको अवस्थाको आधारमा सबै वा कक्षाका निश्चित विद्यार्थीहरूको लागि विशेष वा अतिरिक्त सिकाइको व्यवस्थापन गरिनुपर्छ। कक्षाका सबै वा केही विद्यार्थीहरूले **COVID** महामारीको अवधिमा सिक्ने अवसरहरू नपाएको हुन सक्छ र केही अवसरहरूको बाबजुद उनीहरूले धेरै आधारभूत अवधारणाहरू पूर्ण रूपमा बुझेका छैनन् वा आधारभूत सीपहरू हासिल गरेका छैनन् वा विशेष विषयहरूमा कठिनाइहरूको सामना गरिरहेको हुन सक्छ । यस्तो अवस्थामा अतिरिक्त वा पूरक कक्षाहरू सञ्चालन गर्नुपर्ने हुन सक्छ वा विद्यार्थीहरूको विभिन्न समूहहरू गठन गरी कक्षा सञ्चालन गर्नुपर्ने हुन सक्छ । अतिरिक्त वा पूरक अध्ययन सामग्री व्यवस्थित; द्रुत शिक्षा र कार्यपत्रहरू व्यवस्थित; अतिरिक्त अभ्यास वा असाइनमेन्ट वा अन्य आवश्यक सिकाइ योजना विकास गरी व्यवहारमा ल्याउनु पर्ने हुन सक्छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद् तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरिदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले विपद्प्रति सचेतना जगाउँदै आएका छन्।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, अल्प बृष्टि, अनाबृष्टि जस्ता प्रकोपहरुले शिक्षा क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव पारिरहेको छ । विश्वभर झण्डै एक अरब बालबालिका जलवायु परिवर्तनका अत्याधिक जोखिममा रहेका छन् । विपद्को बेला विद्यालयहरु आश्रयस्थलको रुपमा प्रयोग हुँदा पठनपाठनमा बाधा पुग्छ । विद्यालयमा बालिकाको नियमित उपस्थितिमा गिरावट, सिकाइ उपलब्धिमा ह्रास तथा विद्यालय छोड्ने बालबालिकाको सँख्यामा वृद्धि जस्ता असरहरु देखा परेका छन् ।

**विद्यालयको विवरण**

| सि.न. | विद्यालय भवनको विवरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | २० | |
| २ | कच्ची भवन | १४ | |
| ३ | पक्की भवन | ६ | |
| ४ | भूकम्प प्रतिरोधी प्रविधिले बनेका भवन | ६ | |
| ५ | बाढीको जोखिममा रहेका विद्यालय | ० | |
| ६ | पहिरोको जोखिममा रहेका विद्यालय | २ | |
| ७ | विद्यालय जाने बाटो प्रकोपको जोखिममा रहेका विद्यालय | ७ | |
| ८ | विपद् जोखिम व्यवस्थापन योजना लागु भएका विद्यालय | ४ | |

स्रोतः मेन्छयायेम गाउँपालिका शिक्षा शाखा

विद्यार्थीको उमेर साथै शारीरिक, मानसिक अवस्था अनुसार उनीहरूको विपद् सम्वेदनशीलता फरक पर्छ। कम उमेरका, अपाङ्गता भएका बालबालिकाहरू तुलनात्मक रूपमा बढी सङ्कटासन्न हुन्छन्। अभिभावकको सामाजिक-आर्थिक अवस्थाले बालबालिकाको विपद्को सामना गर्ने क्षमतामा फरक पार्छ। सामान्यतया कमजोर आर्थिक-सामाजिक अवस्था भएका परिवारका बालबालिका तुलनात्मक रूपमा बढी सङ्कटासन्न हुन्छन्। त्यसैगरी समुदायको सँस्कृति र रहनसहनले पनि बालबालिकाको विपद् सङ्कटासन्नता वा उत्थानशीलतामा प्रभाव पार्छ।

### ४.५.३ उदेश्यहरू

- सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने
- स्थानीय तथा विद्यालय स्तरका विद्यालय शिक्षामा विपत् जोखिम व्यवस्थापनलाई संस्थागत र मुलप्रवाहीकरण गर्ने
- बृहत् सुरक्षित विद्यालय र विपत् जोखिम न्युनिकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेशागत विकासमा एकीकृत गरी यसलाई विद्यार्थी,शिक्षक,विद्यालय व्यवस्थापन समिति तथा समुदायमा प्रवाह गर्ने
- जलवायु, उर्जा र वातावरण सम्बन्धि सचेतना अभिवृद्धि गर्ने
- प्रकोप न्यूनीकरण सम्बन्धी शिक्षक तथा विद्यार्थीलाई तालिमको व्यवस्था गर्ने
- उदार, राहत, पुन: स्थापना, पुन: निर्माण लगायत प्रकोप न्युनीकरणका पूर्व तयारीहरु गर्ने।

### ४.५.४ रणनीतिहरू

- संघीय सरकारले  कार्यान्वयनमा ल्याएका विभिन्न नीति, नियम तथा ऐन कानुनहरुको पूर्ण पालना गरिनेछ।
- संकटासन्नताको मूल्याङ्कन तथा बिश्लेषण गरिनेछ।
- संकटासन्नताको मूल्याङ्कनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरुले आ-आफ्ना विद्यालयको योजना तयार पार्नेछन्।
- विपत् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पूनस्थापना गरिनेछ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ।
- विद्यार्थी ,शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरुको तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापनाका लागि क्षमता विकास गरिनेछ।
- विपत् व्यवस्थापनका लागि परम्परागत ज्ञान सीपको समेत खोजी तथा संरक्षण र सम्बर्धन गरिनेछ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना **(ReAL Plan)** कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप अन्तर्गत:
  १) विपत् तथा महामारी बाट पुगेको क्षति न्युनीकरणका लागि **Diagnostic Tools** बाट विद्यार्थीको पुर्व परीक्षा सञ्चालन गर्ने,
  २) उत्तरपुस्तिका परीक्षण र विद्यार्थीको सही उत्तरलाई १ र कमजोर तथा गलत उत्तरलाई ० मा वर्गीकरण गर्ने,
  ३) तथ्यांक इन्ट्री सिट तयारी गर्ने,
  ४) तथ्यांक इन्ट्री गर्ने,
  ५) तथ्यांक विश्लेषण गर्ने,
  ६) तथ्यांकका आधारमा विद्यार्थीको वर्गीकरण/ तह निर्धारण गर्ने,
  ७) रिमेडियल शिक्षणको लागि विषयवस्तु छनोट तथा उपयुक्त रणनीतिको अवलम्बन।
  ८) **Post Test & Endline Data Entry**।
- विपत् व्यवस्थापन तथा संकटकालमा अन्य पालिकाहरुमा भए गरिएका असल अभ्यासहरुको अनुसरण गर्ने संयन्त्र विकास गरिनेछ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल, पेशागत संगठनहरु, विद्यार्थी संगठन तथा क्लबहरु सामाजिक सांस्कृतिक समूह तथा समाजहरुसँग समन्वय र सहकार्य गरी यसप्रति सबैलाई जिम्मेवार बनाईने छ।
- अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण,
- विद्यालयमा भएका सन्दर्भ पढाइ सामग्रीहरूलाई विद्यार्थीहरूलाई घरमा लगेर पढ्ने वातावरण मिलाउने ,
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणकालागि हरीत विद्यालय अभियान,जलवायू परिवर्तन, शिक्षा तथा दिगो विकासका अवधारणा समेतलाई कार्यान्वयनमा ल्याईने छ।
- आकस्मिक कोष, प्राथमिक उपचार बाकस तथा झटपट झोलाको व्यवस्था गनिनेछ।
- प्रकोप प्रभाव मूल्याङ्कन गरी विकास निर्माण कार्यहरु सञ्चालन गर्ने।

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने ।
- अत्यावश्यक सेवाहरुको न्यूनतम उपयोग हुनेछ ।
- जलवायु उर्जा वातावरण सम्बन्धि सचेतना अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

- विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।
- स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।
- महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा  उपचारसहित सिकाइ निरन्तरता हुने ।
- अत्यावश्यक सेवाहरु प्रदान हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ० | ५ | ५ | ५ | ५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ० | १ | १ | १ | १ |

### ४.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य- ५वर्षे | | | | | भौतिक लक्ष्य- ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मनोसामाजिक परामर्श | पटक | | | | १ | १ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम सञ्चालन | | | | | | | | |
| २ | विपद् सम्बन्धी विद्यालय विपद् योजना निर्माण तथा परिमार्जन | पटक | | १ | १ | १ | १ | ४ | |
| ३ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद्कोष कार्यक्रम | पटक | | | १ | | १ | २ | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाइको व्यवस्थापन कार्यक्रम | विद्यालय | | १ | १ | १ | १ | ४ | |
| ५ | उद्दार कार्यक्रममा खटिने स्वयंसेवकका लागि तालिम सञ्चालन | पटक | | | | | १ | १ | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | | | १ | | १ | २ | |
| ७ | आपतकालिन तथा संकटपूर्ण सचेतना कार्यक्रम | पटक | आवश्यकता अनुसार | | | | | | |
| ८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण, | पटक | आवश्यकता अनुसार | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

भौतिक पूर्वाधार विकासले भौतिक संरचनालाई जनाउँछ । त्यस्ता जोखिम रहित र सुविधा सम्पन्न हुनका साथै बालमैत्री, लैङ्गिकमैत्री समेत हुन जरुरी हुन्छ । राष्ट्रिय भवन संहिता २०६० र बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गनिर्देशन २०६२ मा प्राविधिक नक्साङ्कन, स्ट्रक्चरल डिजाइन अनिवार्य, सिभिल इन्जिनियरबाट प्रमाणित गर्ने र जोखिमयुक्त संरचना र पर्खाल भत्काउने आदिजस्ता मापदण्ड निर्धारण गरेको छ भने विद्यालयको हकमा शिक्षा नियमावली २०४९ नियम ४ सँग सम्बन्धित अनुसूची ३ मा कक्षाकोठाहरु ९ फिट उचाई घाम पानीबाट बचाउ हुने किसिमको,पूर्वप्राथमिक विद्यालय भवनको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, नि.मा. वि. र माविमा १.०० वर्गमिटर

क्षेत्रफल भएको कक्षाकोठा हावा प्रकाश आउने किसिमको १ विद्यार्थी २ प्रति पुस्तक सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउन्ड र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यवस्था गरेको छ । राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६ ले भौतिक पूर्वाधार , पाठ्यसामग्री अदिलाई बाल , अपाङ्गता र लैङगिक मैत्री बनाउने , बालबालिकाहरुको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित सुविधासम्पन्न सहितको आधुनिक बनाउने उदेश्यले गुरुयोजना निर्माण गर्ने समेत नीतिगत व्यवस्था गरेको छ । नमूना विद्यालय छनौट कार्यविधिमा समेत भौतिक पूर्वाधार जस्ता सूचकहरु राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रवधान रहेको छ । सुरक्षित र पूर्वधार प्रयोग गर्न सक्ने भौतिक संरचना निर्माण गरी शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनका साथै गुणस्तरीय, समावेशी ,सर्वव्यापी, जीवनउपयोगी र प्रविधिमैत्री शिक्षा आदि प्रदान गर्ने लक्ष्य राखेर भौतिक विकासको आवश्यकता, सम्भावना र चुनौतीलाई पहिचान गरी आगामी १० वर्षे शैक्षिक गुरुयोजनामा उदेश्य , रणनीति , प्रमुख क्रियाकलाप र स्रमेत व्यवस्थापन समेत उल्लेख गरी निर्माण गरेको हुनु पर्छ ।

### ४.६.२ वर्तमान अवस्थाः

शिक्षा शाखा, मेन्छयायेम २०८१ को तथ्यांक अनुसार यस मेन्छयायेम गाउँपालिका मा जम्मा २० वटा विद्यालयहरु रहेका छन् । यस गाउँपालिका मा सञ्चालित शिक्षण संस्था आ. वि. १ देखि ५ जम्मा १० विद्यालय आ. वि. १ देखि ८ कुल ६ विद्यालय मा. वि. ९ देखि १० जम्मा १ विद्यालय आ. वि. १ देखि १२ जम्मा ३ विद्यालय, सामुदायिक बालविकास केन्द्र २२ वटा रहेका छन् । अधिकांश विद्यालयमा भौतिक संरचनाहरु पर्याप्त छैनन् । विद्यालयको भौतिक पक्षसँग सम्बन्धित विवरणमा हर्दा प्रयोगमा आएको पक्की भवन संख्या कम रहेको छ । फलामको ब्लक प्रयोगमा आएका कच्ची भवन, प्रयोगमा आएका शौचालय आदिको संख्या धेरै रहेका छन् । छात्रा शौचालय, खानेपानीको व्यवस्था, विद्यालयमा घेराबारा आदि अवस्था पर्याप्त हुन सकेको छैन । बालबालिकाहरुलाई सावुनपानीले हात धुने व्यवस्था, प्राथमिक उपचार व्यवस्था आदिमा ध्यान पुऱ्याउनु पर्ने अवस्था रहेको छ ।

यस गाउँपालिकाको माध्यमिक शिक्षालाई बढावा दिने तवरले ३ वटा विद्यालयमा कक्षा ११-१२ का विभिन्न विषयमा कक्षा सञ्चालन भैरहेको भएको छ ।

### ४.६.३ उदेश्यः

- पूर्वाधार विकासमा नीतिगत व्यवस्था अनुरुपको सुरक्षित, जोखिमरहित मापदण्ड अनुसारका संरचना सहित पूर्वाधार विकास गर्ने।
- शिक्षण सिकाइ क्रियाकलाप अनुकुल हुने गरी बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री आधारभूत सुविधासहितको पूर्वाधार विकास गर्ने ।
- पर्खाल तथा घेराबारा निर्माण गर्ने ।
- मनोरञ्जन कक्षा तथा प्रयोगशालाको व्यवस्था गर्ने ।
- प्राथमिक स्वास्थ्य उपचार कक्षाको व्यवस्था गर्ने ।

### ४.६.४ रणनीतिहरू

- पूर्वाधार विकासमा गुरुयोजना र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गर्ने।
- पूर्वाधार निर्माण  गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न सम्बन्धित निकाय वा संघसस्थाहरुसँग साझदारी गर्ने।
- भौतिक पूर्वाधार जोखिमको मूल्याङ्कन गरी जोखिमयुत्त लाई हटाउने तथा मर्मत सम्भार गर्ने।
- विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने।
- सुरक्षित मापदण्डअनुसारका **ICT** संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माण ध्यान दिइनेछ ।
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने ।

### ४.६.५ उपलब्धि तथा नतिजाहरु

**उपलब्धि**

जेखिमरहित सुरक्षित र न्युनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरी प्रभावकारी सिकाइ क्रियाकलापको वातावरण तयार हुने ।

**नतिजा**

- जेखिम रहित तथा न्युनतम सुविधायुक्त भौतिक पूर्वाधार विकासका लागि ५ वर्षे गुरुयोजना र मापदण्ड तयार हुने ।
- सबै विद्यालयमा आवश्यक भौतक पूर्वाधार निर्माण भएको हुने।
- विद्यालयमा बालमैत्री लैङ्गिक तथा अपाङगमैत्री भवन सहितको भौतिक पूर्वाधार विकास हुने।
- विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि, मापदण्ड र प्रभावकारिता को सूचक तयार गर्ने।
- सबै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय , अध्ययन कक्षा , चमेना गृह बालउद्यान, स्वच्छ खानेपानी उपलब्ध हुने।
- भौतिक पूर्वाधार विकासमा स्रोत व्यवस्थापनका  लागि सम्बन्धित निकाय , संघसंस्था , अभिभावक आदिमा सहकार्य हुने ।
- गुणस्तरीय शिक्षा आदान प्रदान गरी शिक्षाका राष्ट्रिय उदेश्य प्राप्त गर्न मद्दत हुने ।
- सीपमुलक शिक्षामा जोड दिँदै रोजगारमुखी शिक्षा प्रदान हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ८ | ८ | १ | १ | १ | १ |
| २ | नयाँ निर्माण गर्नुपर्ने | ४ | ४ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठा सङ्ख्या | | | | | | |
| ३ | सवलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ८ | ८ | ९ | ९ | ९ | ९ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ४ | ४ | ३ | २ | २ | १ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | २ |
| ६ | स्वच्छ पिउने पानी | ३ | ३ | ३ | ३ | ३ | ३ |

### ४.६.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य दोस्रो (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | | | १ | २ | १ | |
| २ | विद्यालयको आवश्यकता, प्राथमिकता तथा श्रोत अनुसार अपाङ्गमैत्री, प्रविधिमैत्री र समतामुललक, बालमैत्री एवं लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन। | पटक | - | - | १ | १ | १ | ३ | ३ | |
| ३ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत (आवश्यकता अनुसार निरन्तर ) | निरन्तर | | | | | | | | |
| ४ | विनियोजित रकमको शीर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन (आवश्यकता अनुसार निरन्तर ) | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | हामी बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन ( निरन्तर ) | निरन्तर | | | | | | | | |
| ६ | विद्यालय हाता हरियाली कार्यक्रम ( निरन्तर ) | निरन्तर | | | | | | | | |
| ७ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय वातावरण निर्माण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि भन्नाले साधारणतया सूचना आदन प्रदान गर्ने उपकरणहरुलाई जनाउँदछ । सूचना तथा प्रविधिले विद्युतीय/चुम्बकीय तरङग जस्ता उपकरणहरुको माध्यमबाट विभिन्न डाटाहरुलाई ध्वनि, शब्द , तस्विर र संकेत अदिलाई आदनप्रदान गर्नका साथै त्यस्ता सूचनालाई भण्डारण , सम्पादन ,प्रचार प्रसार अदि समेत गर्दछ । यस्ता विभिन्न किसिमका उपकरणहरु आदि पर्दछन् । यसले गर्दा विश्वलाई नजिक बनाएको छ ।

शिक्षा क्षेत्रको भूमिका शैक्षिक सुशासन, शैक्षिक सूचना व्यवस्थापन का साथै प्रभावकारी शिक्षण सिकाइमा प्रयोग गर्ने नीति समेत रहेको छ । नेपालमा शैक्षिक सूचना व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि समेत रहेको छ भने विभिन्न सिकाइको शैक्षिक सामग्रीहरुको उत्पादन वितरण गरी सबैको शैक्षिक गुणस्तरमा पहुँच पुर्‍याउन प्रयास गरेको छ । २०७२ सालको भूकम्पका बेलामा पनि सूचना र प्रविधिको माध्यमबाट पठनपाठन गरेको थियो । यस्ता कठिन माहामारीमा समेत सञ्चार प्रविधिको माध्यमबाट बैकल्पिक शिक्षण सिकाइलाई निरन्तरता दियो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सामुदायिक केन्द्र स्थापना गरेर डिजिटल साक्षरता बढाउने लक्ष्य रहेको छ । सुचना तथा सञ्चार नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले सुचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि गुरुयोजना निर्माण गर्ने । स्मार्ट कक्षाकोठा निर्माण अनलाईन सिकाइ कार्य, शिक्षण व्यवस्थापन प्रणाली , वायोमेट्रिक हाजिरी, ग्रामिण क्षेत्रमा मोवाइल सिकाइ केन्द्र का साथै अनलाईन शिक्षा प्रदान गर्ने नीति लिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३ मा पूर्वाधारलाई सुदृढ बनाउदै उपयुक्त प्रयोगमा जोड दिने । राष्ट्रिय विज्ञान प्रविधि तथा नव प्रवर्द्धन नीति २०७६ मा गुणस्तरीय र सुशासनमा नीति मार्फत अध्ययन अनुसन्धान गरी क्षमताको अभिवृद्धि गर्ने । राष्ट्रिय राष्ट्रिय शिक्षा नीति २०७६ को ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न रुपमा एकीकृत गर्दै शिक्षाको पूर्वाधार निर्माण गर्ने,सिकाइ प्रक्रियालाई प्रविधि मैत्री बनाउने । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको शिक्षा क्षेत्र योजना मार्फत विद्यालयको सुशासन कार्य गर्ने सिकाइप्रति विद्यार्थीलाई आकर्षित गर्ने सबै विद्यार्थीको लागि आधारभूत साक्षरता बढाउने जस्ता विभिन्न रणनीति तथा नीतिगत व्यवस्था गरेको छ । यस गाउँपालिकामा समेत प्रविधिमैत्री बानउन विभिन्न चुनौतीलाई र आवश्यकतालाई पहिचान गरी १० वर्षे गुरुयोजनामा विभिन्न रणनीति तथा कार्यक्रम तयार गरेको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस  गाउँपालिकामा समेत प्रविधिमैत्री बनाउन पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । विद्यालयको शिक्षण सिकाइमा **ICT** को सान्दर्भिक प्रयोग गरी **ICT** लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावक समेत साधारण डिजिटल साक्षर आजको आवश्यकता पुरा गर्नु रहेको छ । हाल पुरानै पद्धतीबाट अध्यापन गराइरहेको छ । सबै विद्यालयमा स्मार्ट कक्षा निर्माण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित , विज्ञान प्रयोगशालामा अनिवार्य सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु तथा अन्य विषयको लागि आवश्यक अनुरुप गर्नु पर्ने अवस्था रहेको छ । कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निर्माण , प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिएको भएता पनि आगामी दिनमा हुन सक्ने जोखिमलाई जुध्न सक्ने प्रविधिको प्रयोग गर्नु आवश्यक रहेको छ ।

### ४.७.३ उदेश्यहरु

- सूचना तथा प्रविधिको प्रयोगमा बढवा दिदैँ **education e-portal center ,Digital Lab / e-Library** को माध्यमबाट शिक्षालाई गुणस्तरीय, समतापूर्ण, सबैको पहुँचमा पुऱ्याउने सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु ।
- डिजिटल प्रविधिमैत्री सिकाइमा जोड दिनु ।
- रुचि क्षमता अनुरुपको सिकाइ हुनु ।

### ४.७.४ रणनीतिहरु

- पालिका तथा विद्यालय स्तरीय दुवैले नीति तथा दश वर्षे गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने
- पालिका स्तरीय **education e-portal center** निर्माण गर्ने ।
- **ICT** का आधारभूत संरचना निर्माण गर्न तीन वटै सरकार र सम्बन्धित संघसस्थासँग सहकार्य गरी स्रोतसाधनको व्यवस्था गरिनेछ ।
- आधारभूत तहको ६–८ कक्षाको कम्प्युटर विषय अध्यापन गर्ने शिक्षकलाई शैक्षिक सूचना व्यवस्थापन गर्न सस्थागत क्षमता विकास गर्न बार्षिक रुपमा तालिम प्रशिक्षण दिइनेछ ।
- विद्यालयको हिसाबकिताब व्यवस्थित गर्न लेखा सम्बन्धि तालिम सञ्चालन गर्ने ।
- कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निर्माण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिनेछ ।
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगको प्रभावकारिता र उपलव्धताको निरन्तर अनुगमन तथा मूल्याङकन  गरिनेछ ।
- सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको विकास गरिनेछ ।

- सबै विद्यालयमा स्मार्ट कक्षा निर्माण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित ,विज्ञान प्रयोगशालामा अनिवार्य सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने र अन्य विषयको लागि आवश्यकता अनुरुप प्रयोग गर्ने ।
- प्रत्येक विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको आधारभूत पूर्वाधारहरु निर्माण गरी न्युनतम सामग्रीसमेत वितरण गरिनेछ ।

### ४.७.५ उपलब्धी तथा नतिजाहरु

### उपलब्धि

- विद्यालयको शिक्षण सिकाइमा **ICT** को सान्दर्भिक प्रयोग गरी **ICT** लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावकमा समेत साधारण डिजिटल साक्षरता हुने ।
- उत्कृष्ट शिक्षकको पहिचान गरी प्रोत्साहन स्वरुप सम्मान तथा पुरस्कारको व्यवस्था हुने ।

### नतिजा

- पालिका र विद्यालयस्तरमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति तथा गुरुयोजना निर्माण भएको हुने ।
- पालिका स्तरीय **education e-portal center** मार्फत शैक्षिक सामग्री निर्माण, वितरण र प्रसार गरिएको हुने ।
- लिडर विद्यालयमा सुचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्र स्थापना भएको हुने ।
- विद्यालयको लेखापालन र कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षकलाई तालिम प्राप्त भएको हुने ।
- प्रत्येक विद्यालयमा प्रविधिको पूर्वाधारसहित न्युनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने ।
- प्रत्येक विद्यालयमा आधुनिक सु–सम्पन्न गणित,विज्ञान,कम्प्युटर प्रयोगशालाहरु निर्माण भएको हुने ।
- आधारभूत तहको ६–८ मा अध्यापन भइरहेको कम्प्युटर सम्बन्धी छुट्टै शिक्षक उपलब्ध भएको हुने ।
- रोजगारमूलक तथा सीपमूलक शिक्षा प्राप्त भएको हुने ।
- प्रत्येक व्यक्तिमा शिक्षा प्रतिको नैराश्यता हटाउने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २० | २० | २० | २० | २० | २० |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ६ | ६ | २ | २ | २ | २ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | २ | १ | १ | १ | १ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | २० | २० | - | - | - | - |

### ४.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | क्रियाकलाप | | पहिलो पाँच वर्षको नतिजा | | | | | जम्मा | बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT LAB विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| २ | बाँकी रहेका सबै विद्यालयमा इन्टरनेट सेवा विस्तार र अनुगमन | पटक | निरन्तर | | | | | | | |
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | १०० जना | निरन्तर | | | | | | | |
| ४ | IEMIS सम्बन्धि तालिम | १८० जना | निरन्तर | | | | | | | |
| ५ | विद्यालयमा ई लाईब्रेरी सञ्चालन | विद्यालय | एक विद्यालय एक लाईब्रेरी | | | | | | | |
| ६ | पलिका स्तरमा नमुना ICT LAB स्थापना | वटा | २ | | | | | | | |
| ७ | पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | सञ्चालनमा रहेका सामूदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा ICT विस्तार | केन्द्र | निरन्तर | | | | | | | |

## परिच्छेद ५ : अन्य उपक्षेत्र

### ५.१ उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन

### ५.१.१ सन्दर्भ र औचित्यः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको परिप्रेक्षमा गुणस्तरीय, सीपयुक्त, समावेशी, समतामूलक, रोजगारी उन्मूख, उत्पादनशील नागरिक तयार पार्नु स्थानीय तहको प्रमुख कर्तव्य हो । शिक्षा क्षेत्रमा गुणस्तर तथा प्रभावकारिता कायम गर्न विभिन्न प्रयत्न गरेता पनि शिक्षा क्षेत्रको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । गाउँपालिकाको भौगोलिक अवस्था, आर्थिक विपन्नताका कारण कतिपय बालबालिकाहरु विद्यालय तहको शिक्षाबाट वञ्चित हुनु परेको अवस्था छ । यस्ता विविध समस्याहरुलाई समाधान गरी समावेशी, समतामूलक, उत्पादनमुलक, सूचना प्रविधियुक्त शिक्षा तथा शिक्षा क्षेत्रमा शिक्षक,अभिभावक एवं सरोकारवालाहरुको विद्यालय प्रति जवाफदेहिता, उत्तरदायी एवं जिम्मेवारी अभिवृद्धि गर्दै लैजानको लागि योजनाको आवश्यकता र औचित्य पुष्टि हुन्छ ।

यस खण्डमा मेन्छयायेम गाउँपालिकामा उच्च शिक्षण संस्था सम्बन्धमा समान्य चर्चा गरिएको छ । संवैधानिक व्यवस्था अनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार संघ र प्रदेश सरकारको हुने भएकोले स्थानीय तहले समन्वय, सहयोग र आवश्यक परेमा नियमनकारी भूमिका मात्र निर्वाह गर्न सक्छ । विश्वविद्यालय र उच्च शिक्षणसंस्थाको स्थापना सञ्चालन र व्यवस्थापन गर्ने दायित्व संघ र प्रदेश सरकारको रहेको छ । स्थानीय तहले माध्यमिक तहको शिक्षा पूरा गरेका गाउँपालिकावासीहरुमा उच्च शिक्षाको पहूँच वृद्धिका लागि सहायक भूमिका निर्वाह गर्नेछ । भौतिक पूर्वाधार विकास, प्राध्यापन गर्ने जनशक्ति व्यवस्थापनमा आर्थिक सहयोग, उच्च शिक्षणसंस्था स्थापना र विस्तार जस्ता कार्यमा गाउँपालिकाले सहयोग गर्नेछ । गाउँपालिकाभित्र उच्च शिक्षाको माग र आवश्यकता पहिचान गरी स्थानीय समुदायलाई उच्च शिक्षणसंस्था खोल्न र सञ्चालन गर्न सहयोग गरी प्रवर्धन गर्ने कार्य गाउँपालिकाले गर्नेछ ।

मेन्छयायेम गाउँपालिकामा उच्च शिक्षणसंस्थाको रुपमा हाल सम्म कुनैपनि शैक्षिक संस्थाहरु सञ्चालनमा रहेको छैन । साधारण तथा प्राविधिक शिक्षामा स्थानीय समुदायका वालवालिकाहरुको पहूँच विस्तार गर्न एउटा साधारण तथा प्राविधिक कलेज स्थापनाको लक्ष्य राखि बजेट र पूर्वाधारको विकासमा वर्तमान माग र आवश्यकता अनुरुप प्रारम्भिक कार्यको थालनी तत्काल गर्नुपर्ने छ ।

### ५.१.२ उदेश्यहरुः

मेन्छयायेम गाउँपालिका भित्र उपयुक्त उमेर समूहका नागरिकहरुको उच्च शिक्षामा पहूँच विस्तार तथा सहभागिता वृद्धि गर्नु यस योजनाको समग्र उदेश्य रहेको छ । यसका लागि निम्नलिखित उदेश्यहरु निर्धारण गरिएको छ ।

१. उच्च शिक्षामा स्थानीय समुदायका बालबालिकाहरुको पहूँच विस्तार गर्नु ।

२. उच्च शिक्षामा विपन्न र पिछडिएको समुदायका नागरिकहरुको सहभागिता वृद्धि गर्नु ।

३. उच्च शिक्षा तर्फ प्राविधिक शिक्षाको लागि आवश्यक पूर्वाधार विकास गर्नु ।

४.शिक्षाशास्त्र, व्यवस्थापन, प्राविधिक लगायत संकायगत विविधतायुक्त शिक्षण संस्था स्थापना र सञ्चालनको लागि आवश्यक सहयोग उपलब्ध गराउनु ।

५. गाउँपालिकामा उच्च शिक्षाको नियमक संयन्त्रको विकास र सुदृढ गर्नु ।

### ५.१.३ रणनीतिहरुः

मेन्छयायेम गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षाको विकास र विस्तारको लागि निर्धारण गरेका उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. साधारण तथा प्राविधिक तर्फ उच्च शिक्षणसंस्था स्थापना गर्न आवश्यकता र संभाव्यता अध्ययन गरिनेछ ।

२. साधारण तथा प्राविधिक तर्फ उच्च शिक्षणसंस्था स्थापना र सञ्चालनको लागि स्थानीय समुदायलाई सहयोग र प्रोत्साहन गरिनेछ ।

३. संघीय सरकार र प्रदेश सरकारसँगको सहयोग र गाउँपालिकाको सहयोगमा साधारण तथा प्राविधिक उच्च शिक्षा तर्फ थप पूर्वाधार विकास गरिनेछ ।

४. गाउँपालिकालाई नियमनकारी भूमिकामा स्थापित गरिनेछ ।

५. साधारण तथा प्राविधिक शिक्षा तर्फ इन्जिनियरिङ कलेजको लागि भौतिक पूर्वाधार विकास गरिनेछ ।

६. विपन्न लक्षित समुदायका स्नातक र स्नातकोत्तर गरेका युवतीहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

### ५.१.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

१ उच्च शिक्षामा सबैको पहूँच र सहभागिता वृद्धि हुने ।

**नतिजा**

१ उच्च शिक्षामा भर्ना दर वृद्धि भइ पहूँचमा वृद्धि हुने ।

२ उच्च स्तरको जनशक्ति तयार हुने ।

३ गाउँपालिका क्षेत्रभित्र नै संकायगत विविधतायुक्त उच्च शिक्षणसंस्था स्थापना भइ सञ्चालनमा हुने ।

४ प्राविधिक शिक्षा तर्फ इन्जिनियरिङ कलेज स्थापना भइ गाउँपालिकावासी युवा युवतीहरुले इन्जिनियरिङ विषयको अध्ययन गर्ने अवसर पाउने ।

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| क्र.सं. | सूचक/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी | पटक | निरन्तर | | | | |
| २ | साधारण तथा प्राविधिक | कलेज | | | | १ | |

| क्र.सं. | सूचक/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | उच्च शिक्षण संस्था स्थापना र सञ्चालन | | | | | | |
| ३ | विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम | विद्यार्थी संख्या | ९ | २० | ३० | ४० | ५० |
| ४ | व्यवस्थापन. विज्ञान तथा प्रविधि विषयमा उच्च शिक्षण संस्था सञ्चालनमा प्रोत्साहन र सहयोग | संख्या | | | १ | १ | १ |
| ५ | फर्निचर सहितको अत्याधुनिक पुस्तकालय व्यवस्थापन | संख्या | | | १ | १ | १ |
| ६ | इन्जिनियरिङ विषयमा प्राविधिक उच्च शिक्षणसंस्था स्थापना र सञ्चालनको लागि सम्भाब्यता अध्ययन | निरन्तर | | | | १ | |
| ७ | उच्च शिक्षणसंस्थाको नियमनको लागि संयन्त्र निर्माण र परिचालन | पटक | | | १ | १ | १ |

## ५.२ संस्थागत(नीजि) विद्यालयः

### ५.२.१ वर्तमान अवस्थाः

सरकारको सार्वजनिक निजी साझेदारीको नीतिअनुरुप शिक्षा क्षेत्रमा नीजि लगानी बढ्दै गइरहेको छ र केहि समय अघि शहरी क्षेत्रमा मात्र सिमित नीजि विद्यालयहरु हाल सानासाना गाउँबस्तीहरुमा पनि खुलेका छन् । अहिले शुल्क तिर्नसक्ने अभिभावकहरुको पहिलो रोजाइमा परेको नीजि विद्यालयको शिक्षा सामुदायिक विद्यालयको भन्दा गुणस्तरीय हुन्छ भन्ने विश्वास आम अभिभावकमा परेको छ । तर नीजि विद्यालयहरुमाथि पनि अनेक प्रकारका आरोपहरु लाग्ने गरेको छ ।विशेष गरी चर्को शूल्क उठाएको,शूल्क अनुसारको सेवा सुविधा नदिएको, अनावश्यक विषय र पुस्तकको भारी थोपरिएको, सरकारले स्वीकृत गरेको पाठ्यक्रम लागू नगरेको, कक्षा कोठा र फर्निचर उपयुक्त नभएको,ड्रेस लगायत शैक्षिक सामग्रीहरु विद्यालयबाट वितरण गर्ने गरेको जस्ता आरोपहरु नीजि विद्यालयहरु माथि लाग्ने गरेको पाइन्छ । अर्कोतिर नीजि विद्यालयहरुको पनि आफ्नै गुनासो छ ; गुणस्तरीय शिक्षामा गरेको योगदानलाई वेवास्ता गरेर नीजि विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरुलाई राज्यले प्रदान गर्ने छात्रवृत्तिबाट ब्रञ्चित गरिएको,नीजि विद्यालयमा सरकारी कर्मचारीका छोरा छोरीहरुलाई पढाउन निरुत्साहित गर्ने निति लिएको,सेवा क्षेत्र भनिए पनि कुनै किसिमको सहुलियत र छुट नदिएको जस्ता गुनासो नीजि विद्यालयका संगठनहरुको रहेको पाइन्छ। यस्तो स्थितिमा नीजि क्षेत्रले शिक्षामा गरिएको

लगानीको सुरक्षा गर्दै नीजि विद्यालयहरुलाई नियमन गरी सेवामुखी बनाउनु पर्ने आवश्यकता रहेको छ । मेन्छयायेम गाउँपालिका भित्र जम्मा १ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन् । त्यस विद्यालयहरुलाई सेवामुखि बनाउँदै लैजाने लक्ष्यका साथ रणनीतिक योजना तयार गरिएको छ ।

### ५.२.२ उदेश्य

• संस्थागत विद्यालयहरुलाई प्रचलित ऐन, नियम, नियमावली बमोजिम नियमन गरी सेवामुखी बनाउनु ।
• विद्यालयहरुमा सुशासन कायम गरी गुणस्तरीय शिक्षाको लागि अभिप्रेरित गर्नु ।

### ५.२.३ रणनीतिहरु

• निजी लगानीमा खुलेका विद्यालयहरुलाई नियमन गर्ने ।
• गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गर्ने ।
• विद्यालयमा सुशासन कायम गर्ने ।

### ५.२.४ कार्यनीतिहरु

•अनुमति, शुल्क, छात्रवृत्ति, शैक्षिक क्यालेण्डर, पोषाक जस्ता सुविधाहरुका सम्बन्धमा नियमित अनुगमन गरी नियमन गरिनेछ ।
•लक्षित वर्गहरुका लागि विद्यालयले प्रदान गर्ने सेवा सुविधाहरु सुनिश्चित गरिनेछ ।
•सिकाइका लागि उपयुक्त वातावरण सिर्जना गर्न भौतिक सुविधा,जनशक्ति व्यवस्थापन,कक्षा कोठा व्यवस्थापन एवं वालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माणका लागि जिम्मेवार बनाइने छ ।
•शिक्षकको पेशागत मूल्य मान्यताका लागि नियुक्ति, अवकास, बढुवा लगायतका कुराहरुमा जिम्मेवारी बनाइनेछ ।
•संस्थागत विद्यालयहरुमा उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अन्तरक्रिया,अवलोकनका लागि विद्यालयलाई जिम्मेवार बनाइनेछ ।
•गुणस्तरीय सिकाइका लागि कक्षा कोठा अवलोकन तथा निरीक्षणमा जोड दिइनेछ ।
•मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी वैज्ञानिक र गुणस्तरीय बनाउन जोड दिइनेछ ।
•शिक्षक अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
•गुणस्तरीय सिकाइका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई अनुभव आदानप्रदान सहितको साझेदारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
•आचारसंहिताको निर्माण,विद्यालयमा शुसासन कायम भए नभएको सुनिश्चित गरी विद्यालय सुशासन कायम गरिनेछ ।
•शिक्षक तथा कर्मचारीहरुको नियमितताका लागि इ-हाजिरीको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ।
•गाउँस्तरबाट सञ्चालन हुने विभिन्न शैक्षिक क्रियाकलापहरुमा विद्यालय, विद्यार्थी एवं शिक्षक संघ संगठनहरुको प्रतिनिधित्व गराइनेछ ।

## ५.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

**उपलब्धी**

• संस्थागत विद्यालयहरु प्रचलित ऐन, नियम, नियमावली बमोजिम सेवामुखी भई गुणस्तरीय शिक्षाको प्रत्याभूति भएको हुने ।

**नतिजा**

• लक्षित वर्गहरुका लागि विद्यालयले प्रदान गर्ने सेवा सुविधाहरु सुनिश्चित भएको हुनेछ।

• संस्थागत विद्यालयहरु प्रचलित ऐन, नियम, नियमावली बमोजिम सञ्चालन भएको हुनेछ ।

• भौतिक सुविधाको विस्तार, जनशक्ति व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन एवं वालमैत्री तथा सिकाइमैत्री वातावरण सिर्जना भएको हुनेछ ।

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| क्र.सं. | सूचक/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | निजी विद्यालय नियमन | पटक | निरन्तर | | | | |
| २ | लक्षित वर्गको सेवा सुविधा वितरण | पटक | १ | १ | १ | १ | १ |
| ३ | कक्षा कोठा अवलोकन एवं निरीक्षण | पटक | निरन्तर | | | | |
| ४ | प्रश्न पत्र निर्माण, मोडेरेसन, उत्तरकुञ्जिका निर्माण, उ.पु. परीक्षण, नतिजा प्रकाशन तथा विश्लेषण | पटक | १ | १ | १ | १ | १ |
| ५ | विव्यस, अभिभावकको क्षमता अभिवृद्धि कार्यक्रमको अनुगमन | पटक | निरन्तर | | | | |
| ६ | संस्थागत तथा सामुदायिक विद्यालयहरु बीच सिकाइ अनुभव आदानप्रदान | पटक | १ | १ | १ | १ | १ |
| ७ | संस्थागत तथा सामुदायिक विद्यालयका शिक्षकहरु बीच अन्तर्क्रिया,गोष्ठी एवं बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ |

### ५.३ परीक्षा तथा प्रमाणीकरण

### ५.३.१ वर्तमान अवस्था

विद्यार्थीहरुले के कति सिके भन्ने कुराको मूल्याङ्कन गर्न जरुरी छ भने पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ सक्षमताहरु हासिल हुन सके वा सकेनन भन्ने एकिन हुन आवश्यक छ । मूल्याङ्कनको माध्यमबाट नै सिकाइमा सुधार गर्न सकिन्छ । जसका लागि मूल्याङ्कन प्रणाली व्यवहारिक, वैज्ञानिक हुन जरुरी हुन्छ । विद्यार्थीहरुको शैक्षिक स्तर र उपलब्धीको परीक्षण गरी प्रमाणिकरण गर्नु पर्दछ । आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा सञ्चालन एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ। जसका लागि स्थानीय स्तरको परीक्षा समितिको व्यवस्था गरिएको छ । माध्यमिक तह कक्षा १० र १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिने व्यवस्था रहेको छ भने कक्षा ३, ५, ८ को परीक्षाको स्तरीकरण गर्ने र कक्षा ८ को परीक्षाको प्रमाणीकरण गर्ने प्रमुख दायित्व गाउँपालिकाको रहेको छ । आधारभूत तहको विद्यार्थी मूल्याङ्कनका लागि साधनहरुको निर्माण,प्रयोग र विश्लेषण गर्ने र सो का आधारमा लक्ष्य निर्धारण गर्न जरुरी हुन आउँछ । अन्य कक्षाका परीक्षालाई व्यवस्थित गरी विद्यार्थीहरुको सिकाइ उपलब्धी मापन गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कन गर्नका लागि मेन्छयायेम गाउँपालिकाले विभिन्न कार्यक्रमहरु मार्फत व्यवहारिक र वैज्ञानिक बनाउने नीति तय गरेको छ ।

### ५.३.२ उदेश्य

१ विद्यार्थीहरुको शैक्षिक स्तर र उपलब्धीको परीक्षण गरी मूल्याङ्कन गर्नु ।

२ विश्वसनीय परीक्षा प्रणालीको विकास गर्नु ।

### ५.३.३ रणनीतिहरु

• विद्यालयमा सञ्चालन गरिने सबै मूल्याङ्कन प्रणालीको प्रयोग गरी उपलब्धीको मापन गर्ने ।

• सबै कक्षा र तहका परीक्षाहरुलाई गाउँपालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनको व्यवस्था गर्ने ।

• आधारभूत तहको अन्त्यमा लिइने परीक्षालाई व्यवस्थित र मर्यादित बनाइने ।

•विद्यार्थीको मूल्याङ्कन एवं उपलब्धी परीक्षण गरी शैक्षिक गुणस्तर कायम गरिने ।

•मुल्याङ्कन प्रणालीलाई सहजता, सरलता एवं बालसहभागितामूलक बनाउँदै क्रमशः मूल्याङ्कनलाई निर्माणात्मक प्रणालीमा विकसित गर्दै लगिने ।

### ५.३.४ कार्य नीतिहरु

•सिकाइ सँगसगै मूल्याङ्कन पद्धतिलाई जोडी गुणस्तर कायम गरिनेछ ।

•सबै शिक्षकहरुलाई विषयगत रुपमा विशिष्टिकरण तालिका एवं मूल्याङ्कनका साधनहरु निर्माण गर्न लगाइ मूल्याङ्कन प्रणालीलाई विश्वासिलो, भरपर्दो एवं मापनयोग्य बनाइनेछ ।

•विषयगत कार्यशाला सञ्चालन गरिनेछ ।

•विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तर्क्रिया बैठक सञ्चालन गरिनेछ ।

### ५.३.५ उपलब्धी, नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धी**

•विद्यार्थीको शैक्षिक स्तर अभिवृद्धि, उपलब्धीको परीक्षण, विश्वसनीय मूल्याङ्कन तथा परीक्षा प्रणालीको विकास भएको हुने ।

**नतिजा**

•मुल्याङ्कन प्रणालीलाई सहजता, सरलता एवं वाल सहभागितामूलक भएको हुनेछ ।
•मूल्याङ्कन प्रणाली विश्वासिलो, भरपर्दो एवं मापनयोग्य भएको हुनेछ ।
•पालिका भित्रका सबै कक्षा र तहका परीक्षाहरु गाउँपालिका स्तरबाट सञ्चालन भएको हुनेछन् ।

**मुख्य क्रियापलाप तथा लक्ष्यः**

| क्र.सं. | सूचक/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| २ | मूल्याङकनका साधनहरुको विकास, निर्माण र प्रयोग | पटक | १ | १ | १ | १ | १ |
| ३ | परिक्षा सञ्चालन तथा व्यवस्थापन | निरन्तर | | | | | |
| ४ | वियषगत कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| ५ | विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तर्क्रिया,छलफल एवं बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ |
| ६ | नियमित तथा आकस्मिक निरिक्षण, अनुगमन र प्रतिवेदन | पटक | निरन्तर | | | | |

## ५.४ समुदाय संलग्नता र परिचालन

**पृष्ठभूमि**

बालबालिकाको शैक्षिक सुधारका लागि अभिभावकहरुको परिचालन तथा सहभागिता महत्वपूर्ण रहेको छ । बालबालिकाको पहिलो पाठशाला हो ।अधिकांश समय बालबालिकाले घरमा बिताउने गर्दछन् ।यसकारण घरमा पनि

बालबालिकाको पढाइका लागि वातावरण सृजना गरीदिनु पर्छ ।यसका लागि अभिभावकहरुले घरमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्थापन गरिदिनु पर्दछ ।समुदायस्तरमा पनि दौंतरी सिकाइलाई प्रोत्साहन गरी बालबालिकाहरुलाई पढ्ने निश्चित ठाउँको व्यवस्था गरी आवश्यक सामग्रीको प्रवर्धन गरिदिनु पर्दछ। अभिभावकले बालबालिकाको शैक्षिक स्तर अभिवृद्धिका लागि विद्यालय तथा शिक्षकसँग परामर्श तथा सुझाव लिनु पर्दछ जसले गर्दा बालबालिकाले शैक्षिक उपलब्धी हासिल गर्न सक्दछन् ।

**वर्तमान अवस्था**

आफ्ना बालबालिकाको शैक्षिक प्रगति बुझ्न अभिभावकहरु विद्यालयसम्म पुगेर शिक्षकसँग छलफल गरेको अभ्यास देखिदैन न त विद्यालयले नै अभिभावकलाई सम्पर्क गरी छलफल नै गरेको पाइन्छ । अभिभावक भेलामा बालबालिकाको शैक्षिक उपलब्धीका बारेमा छलफल गरिएता पनि त्यस बाहेक विद्यालय तथा समुदाय स्तरमा बालबालिकालाई पढ्ने वातावरण सिर्जना गर्ने विषयमा छलफल भइ योजना बनाइएको पाइँदैन ।अभिभावकहरुले आफ्ना बालबालिकालाई पढाउने शिक्षकको जिम्मेवारी हो भनि पन्छिने कार्य भएको देखिन्छ ।जबकी बालबालिकाको समग्र शैक्षिक उपलब्धीमा वृद्धि तथा सुधार गर्नका लागि अभिभावक तथा शिक्षकको बराबर जिम्मेवारी रहेको हुन्छा।त्यसैगरी विद्यालयमा व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले पनि अभिभावकलाई विद्यालयको विभिन्न क्रियाकलापमा सहभागी गराई परिचालन गर्न सकिरहेका छैनन । विद्यालय सुधार योजनामा भौतिक पक्षलाई धैरै प्राथमिकता दिइ योजना तयार गरिन्छ तर कम बजेटमा धैरै नतिजा देखिने कार्यक्रम समावेश गरिएको हुँदैन । यस्तो अवस्थामा बालबालिकाको शैक्षिक सुधारका लागि समुदायको संलग्नता जरुरी देखिन्छ । यसकारण यस मेन्छयायेम गाउँपालिकाले विद्यालय तथा समुदायस्तरमा शिक्षाको गुणस्तर सुधार गर्नका लागि १० वर्षे शिक्षा योजनामा समुदाय परिचालनको क्षेत्रलाई महत्वपूर्ण रुपमा समेटेको छ ।

**उदेश्यहरु**

१. बालबालिकाको समग्र शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि समुदायको संलग्नता अभिवृद्धि गर्नु ।

२. परिवार तथा समुदायस्तरमा पढाइको वातावरण सिर्जना गर्नु ।

३. पढाइको महत्वको वारेमा चेतना अभिवृद्धि गर्नका लागि दौंतरी शिक्षा तथा शैक्षिक महोत्सवको आयोजना गर्नु ।

४. बालबालिकाको फुर्सदको समय पढाइमा उपयोग गर्नका लागि घुम्ति पढाइ शिविर सञ्चालन गर्नु ।

**रणनीति**

१. पढाइ समिति गठन तथा वर्तमान अवस्थामा रहेका सामुदायिक समूहहरुलाई परिचालन गर्ने ।

२. समुदाय स्तरमा पढाइको महत्वका बारेमा ज्ञान वृद्धि गर्नका लागि दौंतरी शिक्षा सञ्चालन गर्ने ।

३. बालबालिकाको शिक्षाका लागि समुदाय तथा परिवारस्तरमा उपयुक्त वातावरण सिर्जना गर्ने ।

४. समुदाय स्तरमा घुम्ती शिक्षाको अवधारणा विकास गर्ने ।

५. शिक्षक,विद्यालय, वि.व्य.स.,शिक्षक अभिभावक संघ तथा विद्यार्थी बीच बालबालिकाको समग्र सिकाइ उपलब्धीका बारेमा अन्तर्क्रिया गर्ने ।

**कार्यनीति**

१. समुदायमा रहेका समूहहरुको क्षमता अभिवृद्धि गरी बालबालिकाहरुको समग्र शैक्षिक उपलब्धी वृद्धि तथा पठन सीप वृद्धि गर्नका लागि परिचालन गरिनेछ।

२. विद्यालय र समुदाय बीच सहकार्यका लागि बालबालिकाको शैक्षिक उपलब्धीका बारेमा अन्तर्क्रिया सञ्चालन गरिनेछ।

३. कम्तीमा त्रैमासिक रुपमा वि. व्य. स.,शि. अ. संघद्वारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो अभियान सञ्चालन गरिनेछ।

४. अभिभावकहरुलाई दौतरी शिक्षा मार्फत बालबालिकाको पठन सीप वृद्धिका लागि घरमा पढ्ने वातावरण सिर्जना गरिनेछ।

५. माध्यमिक तहका बालबालिकाको दौंतरी समूह निर्माण,परिचालन तथा क्षमता अभिवृद्धि गरिनेछ।

६. सबै घरमा बालबालिकाको पढाइका लागि पढाइ कुना स्थापना गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

७. समुदायस्तरमा  शैक्षिक महोत्सव, शैक्षिक प्रतियोगिता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

८. बालबालिकाको शिक्षामा उत्कृष्ट योगदान गर्ने अभिभावकलाई विद्यालय तथा गाउँपालिकाद्वारा सम्मानित गरिनेछ।

९. विदा तथा खाली समयमा बालबालिकाको पढ्ने वातावरण सिर्जना गर्नका लागि घुम्ती पढाइ शिविर तथा कोचिङ कक्षा सञ्चालन गरिनेछ।

१०. समुदायस्तरमा  बालबालिकाहरुलाई पढ्नका लागि सामुदायिक पुस्तकालयको अवधारणा ल्याई कार्यान्वयन गरिनेछ।

११. त्रैमासिक रुपमा शिक्षक अभिभावक बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

१२. कम्तीमा त्रैमासिक रुपमा वि व्य स तथा शिक्षक अभिभावक संघद्वारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो अभियान सञ्चालन गरिनेछ।

**नतिजा**

१. पढाइ सम्बन्धी अभिभावकको सचेतना वृद्धि भइ सबै घरमा बालबालिकाको पढाइ वातावरण तथा संरचना निर्माण भएको हुने।

२.बालबालिकाको शैक्षिक गुणस्तर सुधार तथा पठनसीप वृद्धिका लागि विद्यालय तह तथा समुदाय स्तरमा शैक्षिक महोत्सव जस्ता क्रियाकलाप सञ्चालन भएको हुने।

३. विद्यालय तह तथा समुदाय स्तरमा बालबालिकाको शैक्षिक उपलब्धीको बारेमा छलफल भएको हुने।

४. समुदायस्तरमा घुम्ती कक्षा सञ्चालन भएको हुने।

५. समुदायस्तरमा पुस्तकालयको स्थापना भएको हुने।

६. स्थानीयस्तरमा पढाइसँग सम्बन्धित सिकाइ सामग्री निर्माण भएको हुने।

७. महिनामा कम्तिमा एक पटक बालबालिकाको शैक्षिक उपलब्धी बुझ्न अभिभावकहरुले विद्यालयको भ्रमण गरेको हुने।

८. उत्कृष्ट अभिभावकलाई सम्मान गरिएको हुने।

**मुख्य क्रियाकलाप तथा लक्ष्यः**

| क्र.सं. | सूचक/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | विव्यस, शि.अ.संघ तथा अभिभावकलाई पढाइ सम्बन्धी अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ |
| २ | टोल पढाइ समिति गठन तथा परिचालन | टोल | | | | सबै टोलमा | |
| ३ | माध्यमिक तहका बालबालिकालाई दौतरी शिक्षा सञ्चालन | पटक | | | १ | १ | १ |
| ४ | विव्यस, शिअसंघ तथा अभिभावक बीच बालबालिकाको सिकाइ उपलब्धीका बारेमा छलफल | पटक | १ | १ | १ | १ | १ |
| ५ | समुदायस्तरमा शैक्षिक महोत्सव सञ्चालन | पटक | | | | १ | १ |
| ६ | समुदायस्तरमा घुम्ती पढाइ शिविर सञ्चालन | पटक | आवश्यकता अनुसार | | | | |
| ७ | विव्यस, शि.अ. संघद्वारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो कार्यक्रम सञ्चालन | पटक | | | १ | १ | १ |
| ८ | सामुदायिक सिकाइ केन्द्रको समन्वयमा पढ्नका लागि पुस्तकालयमा बालबालिकाको पहूँच वृद्धि | पटक | निरन्तर | | | | |
| ९ | सामुदायिक पुस्तकालयको स्थापना तथा सञ्चालन | संख्या | | | १ | १ | १ |
| १० | उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | | | १ | १ | १ |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा पद्धतिमा सुशासन भन्नाले प्रजातान्त्रिक पद्धति मार्फत सबैले स्विकार्ने र हित हुने किसिमको निर्णय तथा कार्यान्वयनमा पारदर्शी र जवाफदेहिताका साथै कानुनी अधारमा रही निर्णय गर्ने प्रकृयालाई जनाउँदछ । सुशासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उदेश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । उचित सुशासन र प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण,योजना तर्जुमा र कार्यन्वयनमा महत्वपुर्ण भूमिका खेल्दछ । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नु ले सुशासनको प्रत्याभूति गराउँदछ । सुशासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार र स्वयम् विद्यालयमा अधिकार विकेन्द्रिकृत गरेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धि अधिकार रहेको छ । शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ।

सामान्यतया सुशासनले आर्थिक पारदर्शिता नीति तथा योजना निर्माण प्रकृया विद्यालय सञ्चालन पद्धति निर्णायक निकाय आदिलाई समेट्दछ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ।नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन, २०७७, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र लेखा परीक्षण ऐन तथा कार्यविधि समेत जारी भएको छ । आवश्यकको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन, २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ ।आवश्यक सञ्चालन पद्धति र निर्णय प्रकृयामा आवश्यकव्यवस्थापन समिति समेत रहने व्यवस्था छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिई यस गाँउपालिकाको शिक्षा क्षेत्रमा सुशासन स्थापना गर्न र प्रभावकारी व्यवस्थापन गर्न यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गर्दै वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका

अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रम तथा कृयाकलापहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन स्रोत व्यवस्थापन नीति तथा रणनीति उदेश्य तथा लक्ष्य हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गर्न स्थानीय अवश्यकता चुनौती पहिचान गर्दै शैक्षिक गतिविधि प्रभावकारी बनाउन तथा सुशासन कायम गर्न संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,औपचारीक, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार गर्न सम्यन्त्र निर्माण; प्रकोप तथा महामारीको अवस्थामा गुणस्तरीय सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उदेश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका असर र चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको खाका तयार गरिएको छ।

### ६.१.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बिभिन्न निकाय तथा संघ सस्थाहरुले विभिन्न नितिनिर्माण तथा कार्यक्रमहरु सञ्चालन गरी रहेका छन् जस्तै केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र आदि रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ र प्रत्येक स्थानीय तहमा शिक्षा शाखाको व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोके बमोजिम पालिका स्तरमा गाउँपालिका शिक्षा ऐन तथा नियमावली कार्यान्वयनमा रहेको छ ।

### ६.१.३ उदेश्य

विद्यालयमा सुशासन स्थापना र प्रभावकारी शैक्षिक व्यवस्थापन सम्बन्धी निम्न उदेश्यहरू रहेका छन्ः

- सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न गुरुयोजना तथा कार्यविधि निर्माण गर्नु
- पालिकाको अनुगमन तथा मूल्याङकन प्रभावकारी बनाउनु
- विद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहीता र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु

- विद्यार्थीको सिकाइ उपलब्धीको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु
- विद्यालयमा सुशासन स्थापना गर्न सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रुपमा समन्वय गर्दै प्रविधिलाई समेत प्रयोगमा ल्याउनु ।
- पालिकाभित्र मैत्रीपूर्ण संरचना बनाउनु ।

## ६.१.४ रणनीतिहरु

- पालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यविधि निर्माण गरिने
- मुल्याङ्कन तथा नियमन संयन्त्र स्थापना गरिने
- विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरिने
- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न  भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने  र पर्याप्त र  तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने
- सुशासन तथा प्रभावकारी व्यवस्थापनका लागि प्रविधिको प्रयोगमा जोड दिइनेछ।
- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

## ६.१.५ उपलब्धी तथा प्रमुख नतिजाहरु

**उपलब्धी**

- शिक्षामा सस्थागत विकास र प्रविधिको प्रयोगले सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई आवश्यक सेवा तथा बालबालिकाको सिकाइको गुणस्तरका साथै समावेशी शिक्षा प्रणालीमा विकास भएको हुने ।

**नतिजा**

- पालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यविधि निर्माण भएको हुने
- निरन्तर मूल्याङ्कन तथा नियमन संयन्त्र स्थापना भएको हुने
- विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशिता भएको हुने
- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि भई भौतिक तथा सांगठानिक संरचना सुधारिएको, पर्याप्त र  तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरिएको हुने
- सुशासन तथा प्रभावकारी व्यवस्थापनका लागि प्रविधिको प्रयोग भएको हुने
- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गरिएको हुनुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण र संयन्त्रको क्षमता अभिवृद्धि हुने।
- संरचनाहरु बाल मैत्री तथा अपांग मैत्री भएको हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | २ | २ | २ | २ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | ४ | ४ | ४ | ४ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | २० | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २० | | | | |

### ६.१.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पालिका तथा आवश्यक स्तरीय गुरुयोजना तथा कार्यविधि निर्माण | | १ | | | | | १ | स्थानीय तह |
| २ | मुल्याङ्कन तथा नियमन संयन्त्र स्थापना | | | | | | १ | २ | स्थानीय तह |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण र प्रयोग | | | | | | २ | ४ | स्थानीय तह |
| ४ | आवश्यकलाई समता तथा समावेशिताका लागि करार गरी जिम्मेवार बनाउने | | | १ | १ | | १ | ३ | स्थानीय तह |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय सिकाइप्रति उत्तरदायी बनाउने कार्यक्रम तयार | | | १ | | | १ | २ | स्थानीय तह |
| ६ | विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि तालिम | | | | १ | | | १ | स्थानीय तह |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको ७ वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरुको व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको ५ बर्ष योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसको साथै

यस  गाउँपालिका ले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेकोछ । उल्लेखित सन्दर्भमा पालिकाको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरु पुरा गर्न  गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । साथै सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई ब्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो ।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ ।संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भई क्रियाशिल अवस्थामा छन् । सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो ।

## ६.२.२ वर्तमान अवस्था

शिक्षा शाखा,मेन्छयायेम २०८१ को तथ्यांक अनुसार यस मेन्छयायेम गाउँपालिकामा जम्मा २१ वटा विद्यालय हरु रहेका छन् जसमा सामुदायिक प्रा.वि ११, सामुदायिक आ.वि ६ र निजी आ.वि १ जम्मा ७, सामुदायिक मा.वि. ४, सामुदायिक बालविकास केन्द्र २२ रहेको तथ्यांक तालिकामा उल्लेख छ । विश्वविद्यालय तथा कलेजहरुमा यस  गाउँपालिकाको उच्च शिक्षा लाई बढावा दिने तवरले ३ वटा विद्यालय मा (१०+२) उच्च शिक्षाको कक्षा सञ्चालन गरी विश्वविद्यालय तथा कलेजहरु जग बसाउने कार्यमा बढावा भएको कुरा तलको तालिकाबाट प्रष्ट्याईएको छ । बालविकास केन्द्रको विवरण हेर्दा जम्मा २११ बालबालिकाहरु रहेका छन् । ।मेन्छयायेम गाउँपालिकामा कार्यरत शिक्षकहरुको स्वीकृत दरबन्दीमा कार्यरत  स्थायी ६८ र अस्थायी १७ रहेको छ । २० राहत दरबन्दीमा कार्यरत र ८ निजि स्रोतका दरबन्दी रहेका छन् । विद्यालयमा पुरा दरबन्दी नहुनुले पालिकाले धेरै रकम शिक्षक व्यवस्थापनमा खर्च गर्नु परेको छ । वार्षिक क्रियाकलापहरुमा शिक्षालाई महत्वपुर्ण रुपमा राखे पनि योजनामा राखेर कार्यान्वयन गर्नु चुनौतीपुर्ण रहेको  छ । आवश्यक स्रोत साधनको व्यवस्थापनमा पालिकाको स्रोत साधनको भरपुर प्रयोग गरिएको छ । पालिकाको आफ्नै स्रोतबाट १६  जना निजि स्रोत शिक्षक व्यवस्थापन गरिएको छ ।

गाउँ शिक्षा समितिको अगुवाइमा पालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरु सञ्चालन गरिएको छ । मेन्छयायेम गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक वर्ष २०७७ देखि लागु गरेको छ र आगामी शैक्षिक सत्र देखी सन्दर्भ सामग्री तयार गरी लागु गर्ने लक्ष्यका साथ कार्य प्रारम्भ गरेको छ । स्थानीय विषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गरेको छ भने बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुर्‍याएको छ आभारभूत तह कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उद्दार कक्षोन्नतीको नीति अनुसार

मूल्याङ्कन, कक्षा ४-८ मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली अपनाएको छ। त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा ५० प्रतिशत विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षालाई कक्षोन्नतीको आधार बनाएको छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा सञ्चालन गरेको छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परिक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयन गर्न कक्षा १-३ मा एकीकृत पाठ्यक्रम २०७९ बाट कक्षा १ - ३ मा लागु भएको छ भने एकीकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयनमा केही समस्याहरु र जटिलताहरु समेत देखा परेका छन्।

### ६.२.३ उदेश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
- एकीकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु।
- एकीकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण गर्नु।

### ६.२.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ मार्फत विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक अनलाईन दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागु गर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरू**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**प्रमुख नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको विकास | पटक | | | १ | | १ | २ | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | समय | | १ | १ | १ | १ | ४ | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली | संख्या | २० | २० | २० | २० | २० | २० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदृढीकरण | | | | | | | | | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | संख्या | | १ | १ | १ | १ | ४ | | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | निरन्तर | | | | | | | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध  राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।  राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी  आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान दिनुपर्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको  योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि यसका उदेश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ। १० वर्षे शिक्षा योजनाको बजेट विगत वर्षको बजेटको समिक्षा तथा आगामी वर्षको बजेटको आँकलन गरी ५ वर्षको अनुमानित बजेट राखिएको छ। साथै मध्यावधी  समिक्षा गरी पुनरावलोकन गरी समिक्षा तथा योजना गरिनेछ।

## ७.२ वर्तमान अवस्था

गाँउपालिकाको कूल बजेट मध्ये धेरै कम बजेट शिक्षामा विनियोजन गरिएको छ।  शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र  गाउँपालिकाको शैक्षिक गतिविधिमा थप उर्जा प्रदान गर्ने निश्चत छ। तर शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सिमित देखिन्छन्। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। भावि दिनमा शिक्षा क्षेत्रको बजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ। आ.व. २०८१/०८२ मा यस गाँउपालिकाको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ।

**<u>देहाय:</u>**

| आ.व. २०८१/०८२ को गाउँपालिकाको शिक्षा तर्फको बजेट | | | |
|---|---|---|---|
| क्र. सं. | कार्यक्रम | बजेट | कैफियत |
| १ | प्रधानाध्यापक बैठक भत्ता | ९०००० | |
| २ | शिक्षा समिति बैठक भत्ता | ६०००० | |
| ३ | शैक्षिक क्यालेण्डर निर्माण तथा गाउँ शिक्षा योजना निर्माण | १५०००० | |
| ४ | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी तलब | ४२७७००० | |
| ५ | शिक्षक तलव अनुदान पोसाक सहित | ४२५०००० | |
| ६ | सामुदायिक सिकाइ केन्द्रका परिचालिकाको थप तलब | २०२००० | |
| ७ | अंग्रेजी र गणित विषयको अतिरिक्त कक्षा सञ्चालन | २४०००० | |
| ८ | कक्षा १ देखि १२ आन्तरिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | ७०००० | |
| ९ | कक्षा ५ परीक्षा सञ्चालन | ९५००० | |
| १० | कक्षा ८ परीक्षा सञ्चालन | ८५००० | |
| ११ | खेलकुद कार्यक्रम | १००००० | |
| १२ | जुनियर तथा युवा रेडक्रस साझेदारीमा विद्यार्थी | ५०००० | |
| १३ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम | ५०००० | |
| १४ | बाल कक्षा व्यवस्थापन | २२०००० | |
| १५ | बाल प्रतिभा प्रोत्साहन | ४०००० | |
| १६ | विद्यालय खेलकुद तथा अतिरिक्त क्रियाकलाप | १९०००० | |
| १७ | विद्यालय दिवा खाजा प्रोत्साहन अनुदान | १९०००० | |
| १८ | विद्यालय व्यवस्थापन बैठक खर्च र शिक्षक अभिमुखीकरण | ७५००० | |
| १९ | विद्यालय शिक्षक तालिम खर्च प्रस्तावनाका आधारमा | १००००० | |
| २० | विविध तथा स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री वितरण | १००००० | |
| २१ | विद्यालय अनुगमन तथा भम्रण खर्च | १५०००० | |
| २२ | शिक्षक उपदान कोष तथा शिक्षक विदा अनुदान | १००००० | |
| **जम्मा** | | **रु.१,०८,८४,०००/-** | |

## ७.३ उदेश्य

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
- खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

## ७.४ रणनीति

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने।
- विद्यालय शिक्षामा पहूँच, सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न  लगानी प्रभावकारीता बढाउने।
- वार्षिक रुपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमहरुको लागि व्यवस्था गर्ने।
- शिक्षामा नीजि तथा गैह्र सरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्धन गर्ने।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्दति अवलम्बन गर्ने।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता,पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने।
- लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने।

## ७.५ उपलब्धि तथा प्रमुख नतिजाहरु

- शैक्षिक पहूँच, समता,गुणस्तर र क्षमता विकास, आवश्यक स्रोतको व्यवस्थापन भएको हुने।
- वित्तीय कार्यकुशलता ,पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

## ७.६ प्रस्तावित बजेट

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | ११९१० | २२०२ | २४२७ | २४२७ | २४२७ | २४२७ | | | ✓ | | | |
| २ | आधारभूत शिक्षा | २७०६० | ५४०४ | ५४१४ | ५४१४ | ५४१४ | ५४१४ | | | ✓ | | | |
| ३ | माध्यमिक शिक्षा | १९४८५ | ३७३७ | ३९३७ | ३९३७ | ३९३७ | ३९३७ | | | ✓ | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा | ५०० | ० | ० | ० | ५०० | ० | | | ✓ | | | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २१०५ | ४२१ | ४२१ | ४२१ | ४२१ | ४२१ | | | ✓ | | | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १२०० | २०० | २५० | २५० | २५० | २५० | | | ✓ | | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २२५० | ४५० | ४५० | ४५० | ४५० | ४५० | | | ✓ | | | |
| ८ | शिक्षामा समता र समावेशीकरण | १५० | ० | ० | ५० | ५० | ५० | | | ✓ | | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य | ० | ० | ० | ० | ० | ० | ✓ | | | | | |
| १० | विद्यालय सुरक्षा, विपद न्युनिकरण | १५५ | ० | ० | ३० | ५० | ७५ | | | ✓ | | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ५१३५ | ५०० | ८७५ | १०६० | १२५० | १४५० | | | ✓ | | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० | ✓ | | | | | |
| १३ | उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | | | ✓ | | | |
| १४ | संस्थागत (नीजि) विद्यालय व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | | | ✓ | | | |
| १५ | परीक्षा तथा प्रमाणिकरण | ४०५० | ६९० | ८४० | ८४० | ८४० | ८४० | | | ✓ | | | |
| १६ | समुदाय संलग्नता तथा परिचालन | ४०० | ० | १०० | १०० | १०० | १०० | | | ✓ | | | |
| १७ | विद्यालय सुशासन तथा व्यवस्थापन | ३२१० | ४०० | ५७५ | ७३५ | ७४५ | ७५५ | | | ✓ | | | |
| १८ | अनुगमन,मूल्याङ्कन समन्वय, सहजीकरण र प्रतिवेदन | ४८० | ५० | ७० | १२० | १२० | १२० | | | ✓ | | | |
| | जम्मा | ७८०९० | १४०५४ | १५३५९ | १५८३४ | १६५५४ | १६२८९ | | | | | | |

# परिच्छेद ८ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा सहजीकरण

## ८.१ परिचय

अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा नियमित वा आवधिक रूपमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य बुझिन्छ। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरु के कति मात्रामा पुरा भए वा भएनन् विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक अवस्थाको अध्ययन विश्लेषण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु शैक्षिक मूल्याङ्कन हो । शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उदेश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ८.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं. ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, मेन्छयायेम गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमाअनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

## ८.३ उदेश्य

१. विद्यालयहरुको मासिक रुपमा निरीक्षण तथा अनुगमन गर्नु।
२. विषयगत शिक्षकहरुको  कार्यशाला सञ्चालन गर्नु।
३. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
५. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी  अपेक्षित उपलब्धि हासिल गर्नु।
६. योजनाको प्रारम्भ देखि  प्रभाव तह सम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
७. शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।

## ८.४ रणनीति

- विज्ञ समुह, शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख  तथा शिक्षा शाखाका कार्मचारीबाट विद्यालय तथा शिक्षण सिकाइको मासिक रुपमा निरीक्षण तथा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।
- बर्षमा एक पटक विषयगत शिक्षकहरुको  कार्यशाला सञ्चालन गर्ने।
- अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने।
- अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने।
- स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।
- शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।
- विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने।
- सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने।
- शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।
- सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गरिनेछ।
- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

## ८.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

### उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

### प्रमुख नतिजाहरु

- अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

*अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ बर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षण सिकाइको मासिक रुपमा निरीक्षण तथा अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा तथा विज्ञ समुह |
| २ | विषयगत शिक्षकहरुको कार्यशाला सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | शिक्षा शाखा तथा विज्ञ समुह |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | ० | १ | स्थानीय तह |
| ४ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | स्थानीय तह |
| ५ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय ,प्रदेश र संघ (सबै विद्यालयमा) |
| ६ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक/ वार्षिक) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | स्थानीय तह र विद्यालय |
| ७ | एकीकृत शैक्षिक सूचना | पटक | २ | २ | २ | २ | २ | १० | २० | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | | | | | | | | | |
| ८ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | ८ | २० | स्थानीय तह |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय तथा शिक्षा शाखा |
| १० | विद्यालयको समाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ११ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | समन्वय इकाइ र विद्यालय |

## अनुसूची १ : स्थानीय शिक्षा योजनाको ढाँचा

हाम्रो भनाइ

योजनाको सारांश

क. विषय प्रवेश

ख. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

ग. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

घ. शिक्षा योजना निर्माणका आधार

ङ. शिक्षा योजना निर्माण प्रक्रिया

च. योजनाको लेखाजोखा

छ. योजनाको दस्तावेजको स्वरूप

परिच्छेद १ : परिचय

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

१.४ अवसर

परिच्छेद २ : दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उदेश्य

२.५ रणनीति

२.६ कार्यनीति (Optional)

२.७ अपेक्षित उपलब्धि

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : अन्य उपक्षेत्र

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

अनुसूची२ **विषयगत तथा तहगत सिकाइ उपलब्धी विवरण: कक्षा ८**

| सिकाइ उपलब्धि शैक्षिक वर्ष २०८१ कक्षा ८ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Mathematics | Science & Technology | Social Studies & Human Value Education | Health Physical & Creative Art | Local |
| S.N | Name | Total | Total | Total | Total | Total | Total | Total |
| 1 | Pancha Kanya basic school | 2.01 | 1.68 | 1.78 | 2.2 | 1.9 | 2.05 | 2.11 |
| 2 | Jante Basic School | 2.18 | 1.94 | 2.02 | 2.2 | 1.93 | 2.16 | 2.38 |
| 3 | Gaukhuri Secondary School | 2.60 | 2.66 | 2.44 | 2.67 | 2.73 | 2.87 | 2.98 |
| 4 | Siddheshwor Secondary School | 2.33 | 2.66 | 2.22 | 2.48 | 2.57 | 2.83 | 2.55 |
| 5 | Janapriya Secondary School Pauthak | 2.65 | 2.5 | 2.46 | 2.52 | 2.71 | 2.57 | 2.55 |
| 6 | Sharada Basic Level | 2.92 | 2.7 | 2.72 | 3.05 | 2.85 | 3.22 | 2.85 |
| 7 | Singhadevi Basic School | 3.3 | 3.15 | 2.7 | 3.75 | 3.55 | 3.55 | 3.5 |
| 8 | SHREE SRIJUNG SECONDARY SCHOOL | 2.44 | 2.38 | 2.37 | 2.49 | 2.49 | 2.74 | 2.59 |
| 9 | Shree Kalika Basic School | 2.94 | 2.97 | 2.73 | 2.9 | 2.97 | 3.3 | 3.2 |
| 10 | Asine Basic School | 2.27 | 2.07 | 2.15 | 2.14 | 2.26 | 2.36 | 2.62 |

अनुसूची ३ विद्यार्थी विवरण (बाल कक्षा देखी कक्षा १२ सम्म)

| मेन्छयायेम गाउँपालिका, तेह्रथुम :School Year 2081 | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Class | ECD/PPC | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| S.N | SchoolName | Total | Total | Total | Total | Total | Total | Total | Total | Total | Total | Total | Total | Total |
| | Total | 211 | 128 | 132 | 138 | 141 | 123 | 152 | 95 | 117 | 103 | 90 | 66 | 41 |
| 1 | Asine Basic School | 13 | 10 | 6 | 5 | 6 | 8 | 7 | 7 | 13 | 0 | 0 | 0 | 0 |
| 2 | Basistha Basic School | 7 | 3 | 3 | 3 | 2 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | Gaukhuri Secondary School | 9 | 10 | 7 | 3 | 11 | 13 | 24 | 15 | 27 | 33 | 46 | 36 | 35 |
| 4 | Harka Basic School | 8 | 3 | 5 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | Jalkankya Basic School | 5 | 7 | 5 | 5 | 5 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | Jana Kalyan Basic School | 3 | 1 | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | Janapriya Secondary School Pauthak | 21 | 13 | 7 | 11 | 14 | 14 | 26 | 19 | 17 | 23 | 13 | 6 | 6 |
| 8 | Jante Basic School | 11 | 6 | 15 | 9 | 16 | 12 | 17 | 11 | 11 | 0 | 0 | 0 | 0 |
| 9 | Lalit Chandra Basic School | 5 | 3 | 1 | 1 | 1 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 10 | Laxmi Basic School | 3 | 5 | 4 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 11 | Pancha Kanya basic school | 5 | 4 | 6 | 5 | 10 | 1 | 10 | 6 | 7 | 0 | 0 | 0 | 0 |
| 12 | Pratibha English Boarding School | 23 | 16 | 7 | 10 | 13 | 8 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 13 | Ratna Basic School | 0 | 4 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 14 | Shaduwa Basic School | 0 | 0 | 2 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | Sharada Basic Level | 9 | 5 | 4 | 5 | 6 | 8 | 5 | 6 | 5 | 0 | 0 | 0 | 0 |
| 16 | Shree Kalika Basic School | 16 | 6 | 13 | 9 | 13 | 13 | 8 | 7 | 7 | 0 | 0 | 0 | 0 |
| 17 | SHREE SRIJUNG SECONDARY SCHOOL | 28 | 15 | 22 | 29 | 20 | 15 | 22 | 11 | 10 | 36 | 23 | 24 | 0 |
| 18 | Siddheshwor Secondary School | 16 | 7 | 4 | 7 | 9 | 10 | 10 | 8 | 17 | 11 | 8 | 0 | 0 |
| 19 | Singha Devi Basic school | 12 | 3 | 3 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | Singhadevi Basic School | 4 | 2 | 5 | 4 | 9 | 7 | 17 | 5 | 3 | 0 | 0 | 0 | 0 |
| 21 | Yuwa Barsa Basic School | 13 | 5 | 9 | 10 | 5 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

## अनुसूची ४ विद्यालयगत शिक्षक दरबन्दी विवरण

मेन्छ्यायेम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, मोराहाङ, तेहथुम
शिक्षक/ कर्मचारी दरबन्दी विवरण २०८२

| क.स. | विद्यालयको नाम | प्राथमिक तह | | | निम्नमाध्यमिक तह | | | माध्यमिक तह | | | साविक उच्च माध्यमिक तह(११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहात अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहात अनुदान कोटा | जम्मा | स्वीकृत दरबन्दी | राहात अनुदान कोटा | जम्मा | दरबन्दी | राहात अनुदान कोटा | जम्मा |
| १ | श्री जनकल्याण आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम १,तेहथुम | ० | १ | १ | | | ० | | | ० | | | ० |
| २ | श्री सिंहदेवी आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम १,तेहथुम | ३ | ० | ३ | १ | ० | १ | | | ० | | | ० |
| ३ | श्री शारदा आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम १,तेहथुम | ४ | ० | ४ | | | ० | | | ० | | | ० |
| | श्री सरस्वती आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम २,तेहथुम | ० | १ | १ | | | ० | | | ० | | | ० |
| ५ | श्री जनप्रिय मा.वि. पौंठाक मेन्छ्यायेम २,तेहथुम | ४ | १ | ५ | ४ | ० | ४ | ३ | १ | ४ | ० | २ | २ |
| ६ | श्री जलकन्या आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम २,तेहथुम | ३ | ० | ३ | | | ० | | | ० | | | ० |
| ७ | श्री सदुवा आधारभूत विद्यालय पौंठाक मेन्छ्यायेम २,तेहथुम | १ | ० | १ | | | ० | | | ० | | | ० |
| ८ | श्री कालिका आधारभूत विद्यालय श्रीजङ्ग मेन्छ्यायेम ३,तेहथुम | ३ | १ | ४ | १ | ० | १ | | | ० | | | ० |
| ९ | श्री युवा वर्ष आधारभूत विद्यालय श्रीजङ्ग मेन्छ्यायेम ३,तेहथुम | ३ | ० | ३ | | | ० | | | ० | | | ० |
| १० | श्री श्रीजुङ्ग मा.वि. श्रीजुङ्ग मेन्छ्यायेम ४, तेहथुम | ४ | १ | ५ | २ | १ | ३ | ३ | १ | ४ | ० | २ | २ |
| ११ | श्री असिने आधारभुत विद्यालय श्रीजुङ्ग मेन्छ्यायेम ४, तेहथुम | ४ | ० | ४ | | | ० | | | ० | | | ० |
| १२ | श्री सिहदेवी आधारभुत विद्यालय श्रीजुङ्ग मेन्छ्यायेम ४, तेहथुम | २ | ० | २ | | | ० | | | ० | | | ० |
| १३ | श्री जौंते आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ५, तेहथुम | ५ | ० | ५ | १ | ० | १ | | | ० | | | ० |
| १४ | श्री बशिष्ट आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ५, तेहथुम | ३ | ० | ३ | | | ० | | | ० | | | ० |
| १५ | श्री गोंखुरी मा.वि. मोराहाङ मेन्छ्यायेम ५ तेहथुम | ३ | २ | ५ | ५ | ० | ५ | ७ | ० | ७ | २ | ० | २ |
| १६ | श्री हर्क आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ५, तेहथुम | ० | २ | २ | | | ० | | | ० | | | ० |
| १७ | श्री रत्न आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ५, तेहथुम | १ | ० | १ | | | ० | | | ० | | | ० |
| १८ | श्री सिद्धेश्वर मा.वि. मोराहाङ मेन्छ्यायेम ६, तेहथुम | ५ | ० | ५ | १ | २ | ३ | १ | २ | ३ | | | ० |
| १९ | श्री ललित चन्द्रा आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ६, तेहथुम | २ | १ | ३ | | | ० | | | ० | | | ० |
| २० | श्री पञ्चकन्या आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ६, तेहथुम | ५ | १ | ६ | ० | २ | २ | | | ० | | | ० |
| २१ | श्री लक्ष्मी आधारभुत विद्यालय मोराहाङ मेन्छ्यायेम ६, तेहथुम | १ | ० | १ | | | ० | | | ० | | | ० |
| | जम्मा | ५६ | ११ | ६७ | १५ | ५ | २० | १४ | ४ | १८ | २ | ४ | ६ |

शिक्षा शाखा प्रमुख

अभिषेक
प्रमुख प्रशासकीय

अनुसूची ५ विद्यालयगत प्रधानाध्यापक विवरण

## विद्यालयको नाम, ठेगाना तथा प्रधानाध्यापकको विवरण

| क्र.स. | IEMIS कोड | विद्यालयको नाम तथा ठेगाना | प्र. अ.को नाम | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | ८०२२०००६ | श्री जनकल्याण आधारभूत विद्यालय मेन्छयायेम १,तेह्रथुम | निरकुमार लिम्बू | ९८६०७००६७१ |
| २ | ८०२२०००३ | श्री सिंहदेवी आधारभूत विद्यालय मेन्छयायेम १,तेह्रथुम | नवराज भट्टराई | ९७४६८८०००० |
| ३ | ८०२२०००२ | श्री शारदा आधारभूत विद्यालय मेन्छयायेम १,तेह्रथुम | चन्द्रसिंह पंधाक | ९८११०२०८२५ |
| ४ | ८०२२०००१ | श्री जनप्रिय माध्यमिक पौठाक मेन्छयायेम २,तेह्रथुम | डेनु प्रसाद गौतम | ९८४२१९२९१३ |
| ५ | ८०२२०००४ | श्री जलकन्या आधारभूत विद्यालय मेन्छयायेम २,तेह्रथुम | टीका देवी ढकाल | ९८४२३४४६५३ |
| ६ | ८०२२०००७ | श्री सदुवा आधारभूत विद्यालय मेन्छयायेम २,तेह्रथुम | रामप्यारी लिम्बू | ९८६६२५७८७७ |
| ७ | ८०२६०००२ | श्री कालिका आधारभूत विद्यालय मेन्छयायेम ३,तेह्रथुम | सन्तविर लिम्बू | ९८६०७८१७६७ |
| ८ | ८०२६०००४ | श्री युवा वर्ष आधारभूत विद्यालय मेन्छयायेम ३,तेह्रथुम | मदन तिवारी | ९८४२१२८१२० |
| ९ | ८०२६०००१ | श्री श्रीजुङ्ग माध्यमिक विद्यालय मेन्छयायेम ४, तेह्रथुम | रामऔतार मण्डल | ९७४२२९५६०० |
| १० | ८०२६०००३ | श्री असिने आधारभुत विद्यालय मेन्छयायेम ४, तेह्रथुम | डिल्ली राम खनाल | ९८६६२२२७३९ |
| ११ | ८०२६०००५ | श्री सिंहदेवी आधारभुत विद्यालय मेन्छयायेम ४, तेह्रथुम | सोमनाथ भट्टराई | ९८४२११४७२१ |
| १२ | ८०१४०००४ | श्री जँति आधारभुत विद्यालय मेन्छयायेम ५, तेह्रथुम | गंगा दाहाल | ९८६४५५१७०० |
| १३ | ८०१४०००२ | श्री बशिष्ट आधारभुत विद्यालय मेन्छयायेम ५, तेह्रथुम | दिपक कुमार भट्टराई | ९८६२२९६६७५ |
| १४ | ८०१४०००७ | श्री गौखुरी माध्यमिक मोराहाङ्ग मेन्छयायेम ५ तेह्रथुम | बिष्णु कुमार खापुङ | ९८४२१६६३२२ |
| १५ | ८०१४०००५ | श्री हर्क आधारभुत विद्यालय मेन्छयायेम ५, तेह्रथुम | दिना गुरुङ | ९८६२२०५३८३ |
| १६ | ८०१४०००९ | श्री रत्न आधारभुत विद्यालय मेन्छयायेम ५, तेह्रथुम | गोमा देवी गुरागाई | ९८४२२१०३२० |
| १७ | ८०१४०००८ | श्री सिद्धेश्वर माध्यमिक विद्यालय मेन्छयायेम ६, तेह्रथुम | चन्द्रजित लिम्बू | ९८४२५४९००७ |
| १८ | ८०१४०००१ | श्री ललित चन्द्रा आधारभुत विद्यालय मेन्छयायेम ६, तेह्रथुम | तारा देवी लिम्बू | ९८४४३५८२९९ |
| १९ | ८०१४०००३ | श्री पञ्चकन्या आधारभुत विद्यालय मेन्छयायेम ६, तेह्रथुम | शुसिला आङवुहाङ | ९८४२२०९६७१ |
| २० | ८०१४०००६ | श्री लक्ष्मी आधारभुत विद्यालय मेन्छयायेम ६, तेह्रथुम | भीममाया तामाङ खापुङ | ९८६१७६९२२० |
| २१ | | श्री पहल गंगा बालविकास केन्द्र मेन्छयायेम ६, तेह्रथुम | चन्द्रकुमारी थापा | ९८६२०६८१४५ |
| २२ | | श्री नवज्योती बालविकास केन्द्र मेन्छयायेम ३, तेह्रथुम | खिनमाया तामाङ | ९७६२७२०८८७ |
| २३ | | श्री मोराहाङ्ग सामुदायिक सिकाइ केन्द्र मेन्छयायेम ५,तेह्रथुम | मिरा दाहाल ढकाल | ९८४२४२६०९७ |
| २४ | | श्री पौठाक सामुदायिक सिकाइ केन्द्र मेन्छयायेम २,तेह्रथुम | ओम कुमारी विश्वकर्मा | ९७४६९६९३०८ |

अनुसूची ६ शिक्षासँग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरूको सूची

- शिक्षा ऐन, २०२८ (संशोधनसहित)
- शिक्षा नियमावली, २०५९ (संशोधनसहित)
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८
- अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
- पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९
- नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४
- बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०
- विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०
- विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८०
- शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०
- शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०
- विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०
- विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
- दूर शिक्षा प्रणालीबाट शिक्षक पेसागत विकास तालिम सञ्चालन कार्यविधि, २०७७
- पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
- स्यानिटरी प्याडसम्बन्धी कार्यविधि, २०७६
- विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
- गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
- किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमूना कार्यविधि, २०७७
- विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७
- कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि विकास हुने) (केन्द्रस्तर एवम् प्रदेश, जिल्ला तथा स्थानीयस्तर)
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
- स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण, २०८१)
- विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (संशोधनसहित) निर्देशिका, २०६९
- व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा)
- शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४
- परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८

**<u>सन्दर्भ सामग्रीहरू</u>**

**नेपालको संविधान**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

**राष्ट्रिय राष्ट्रिय शिक्षा नीति, २०७६**

**समावेशी आयोग नीति, २०७६**

**शिक्षा क्षेत्रको योजना (२०२१-२०३०), नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**समावेशी राष्ट्रिय शिक्षा नीति, २०७३**

**राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६**

**स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन मातृभाषा सहित, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर**

**मेन्छयायेम गाउँपालिकाको पाश्वचित्र**

**स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पन्धौँ योजना आ.व. २०७६/०७७-०८०/०८१**

**सोह्रौँ योजना आ.व. २०८१/०८२-०८५/०८६**

**राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति, २०७६**

**अनिवार्य तया निशुल्क शिक्षा ऐन, २०७५**

**दिगो विकासका लक्ष्यहरु, वर्तमान अवस्था र मार्गचित्र**

**मेन्छयायेम गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८१/०८२**

**School Sector Development Plan 2016-2023, GoN, Ministry of Education**

**School Education Sector Plan 2022-2031, GoN, Ministry of Education**